ISSN 2676-1459
9 772676 145002

फागुन २०७७-वैशाख २०७८ दर्ता नं. ४११/०७५/७६ मूल्य रु. ३०/-

सञ्चारयोग

त्रैमासिक



आद्यगुरु शङ्कराचार्यको परिचय र जीवनी

विश्वविद्यालयमा पश्चिमाको जाल : न हाँसको चाल न बकुल्लाको चाल !

सृष्टि र सौरमण्डलमा प्रतीक प्रयोग

क्रमदर्शनको सङ्क्षिप्त अनुशीलन

पञ्चतत्त्वको रक्षा जीवनको सुरक्षा

उपत्यकामा ईट्टा उद्योग टिकाउने व्यवसायी

विक्रम संवत् नेपालको मौलिक संवत्

"विज्ञानको दृष्टि धर्मको धारणा" पुस्तक पढेपछि



साझा चुल्हो
SAJHA CHULHO

पारिवारीक वातावरणमा
बालबालिका मैत्री साथै
परम्परागत प्रविधिको प्रयोग गरी
मौलिक रैथाने परिकारहरु
नेपाली स्वादमा ।

हाम्रा सेवाहरु :

- शान्त सफा स्थानमा बसेर अर्गानिक खानाहरुको आनन्द लिनको लागि सम्झनुहोस ।
- आफ्नै अर्गानिक फार्मबाट उत्पादित खाना खुवाउने ।
- डेलिभरिको सुबिधा ।
- Free Wifi

वसुन्धारा काठमाडौं
सम्पर्क नं. ०१-५९००५१२, ४३८७२६३
साझा चुल्हो तथा बैंक्वेट्स
saajhachulho

क्यालेण्डर छपाउँदै हुनुहुन्छ ?
आउनुहोस् भक्तपुरकै सबैभन्दा ठूलो कलर प्रेसमा ।

व्यवसायिक डिजाइन, प्रोस्पेक्टस्, क्यालेण्डर, वार्षिक प्रतिवेदन र छपाईका डिजाइन, लेमिनेशन, डाइ कटिङका साथै सबै प्रकारका बाइन्डिङ र छपाईसम्बन्धी सम्पूर्ण काम पनि गरिन्छ ।

DIGITAL PRINTLINK
Kamalvinayak-10, Bhaktapur | ☎: 6620555

दर्ता नं: ४११/०७५/७६

सञ्चारयोग

त्रैमासिक

वर्ष २ अङ्क ४ पूर्णाङ्क ८
वि.सं. फागुन-वैशाख २०७७/२०७८, पृष्ठ ३२+८
ISSN: 2676-1459, मूल्य ३०।-

प्रकाशक

सञ्चारयोग मिडिया प्रा.लि.

गोकर्णेश्वर ८, काठमाडौं

मुद्रक

डिजिटल प्रिन्टलिङ्क

कमलविनायक-१०, भक्तपुर

फोन : ०१-६६२०५५५

सम्पादक

बलराम प्रजापति

सम्पर्क

इमेल : sancharyoga@gmail.com

फोन : ९८४१७९५०७३

यस अङ्कमा

३ विक्रम संवत् नेपालको मौलिक संवत्

७ विश्वविद्यालयमा पश्चिमाको जाल: न हाँसको चाल न बकुल्लाको चाल !

क्रमदर्शनको सङ्क्षिप्त अनुशीलन **१३**

उपत्यकामा इँटा उद्योग टिकाउने व्यवसायी **३९**

आहार, निहार र विहार	९
पञ्चतत्त्वको रक्षा: जीवनको सुरक्षा	११
खाना पकाउने इन्धनका विविध आयाम	१६
स्याङ्जा सत्सङ्ग	१९
राजनीतिक निकासका लागि कठिन अवस्था	३०
सृष्टि र सौरमण्डलमा प्रतीक प्रयोग	३२
आधगुरु शङ्कराचार्यको जीवनी र योगदान	३५

४३ 'विज्ञानको दृष्टि र धर्मको धारणा' पुस्तक पढेपछि

आवरण तस्वीर : साँखुस्थित बज्रयोगिनी मन्दिर परिसरमा रहेको विक्रमादित्यको शिर

अध्यक्षको मन्तव्य

सूचना तथा सञ्चार प्रविधिको विकासले मानव जीवनका अनेकौं आयाममा निर्णायक प्रभाव पारेको वर्तमान युगमा "मिडिया" हाम्रो जीवनका लागि निकै महत्त्वपूर्ण पक्ष हो । सञ्चार सबै मानव क्रियाकलापको मूलमा रहेको हुनाले मानव सभ्यतामा सञ्चार जहिल्यै महत्त्वपूर्ण मानिएकै थियो र अहिलेको युगमा त झन् महत्त्व बढेको छ । सोही युगीन महत्त्वलाई बोध गरी सञ्चार उद्यममा अघि बढ्न हामीले सञ्चारयोग मिडिया प्रा.लि. स्थापना गरेका हौं । सञ्चारयोग मिडियाले स्थापनाको केही महिनाभित्रैमा अनेक गतिविधि सम्पन्न गरेको छ र प्रगतिको चरणमा अहिले सञ्चारयोग त्रैमासिकको आठौं अङ्क प्रकाशित भएको छ ।

काठमाडौं विश्वविद्यालय, भाषा तथा आमसञ्चार विभागका सहप्राध्यापक डा. निर्मलमणि अधिकारीले प्राज्ञिक अनुसन्धान गरी अभिनिर्माण गर्नुभएको एवं संसारका अनेकौं भाषाहरूमा अनुवाद पनि भइसकेको प्रसिद्ध सिद्धान्त "सञ्चारयोग" बाट यो पत्रिकाको नाम जुराइएको हो । सञ्चारयोग मिडिया "संस्थागत स्वामित्त्व, सामूहिक कर्तृत्त्व, विशिष्ट नेतृत्त्व" को कार्यपद्धतिबाट सञ्चालित छ । सञ्चारयोग पत्रिकाको संस्थागत स्वामित्त्व सञ्चारयोग मिडियामा रहेको छ । पत्रिकाको सम्पादकीय समूहमा जिम्मेवारी पाएका सहृदयजनको सामूहिक कर्तृत्त्वको प्रस्तुति हो सञ्चारयोग त्रैमासिक । पत्रिकाको प्रकाशनका लागि पूर्ण सम्पादकीय स्वतन्त्रतासहित विशिष्ट नेतृत्त्व कार्यरत रहेको छ ।

"विज्ञानको वृद्धि, प्रविधिको प्रगति, धर्मको विवेक, सहृदयताको सम्बन्ध" (आधारशिला चतुष्टय) अवलम्बन गरेको पत्रकारिताको सार्थक उदाहरणका रूपमा सञ्चारयोग पत्रिका अघि बढ्नेमा हामी विश्वस्त छौं । हामी सञ्चालकहरूको हार्दिक शुभ कामना छ– यो पत्रिका बौद्धिक, नैतिक, विवेकी सत्सङ्गको प्राज्ञिक मञ्च बनोस् र पत्रकारिताको पेशागत धर्म पालना गर्दै मूलतः र मुख्यतः सहृदयता दर्शन, राज्यराष्ट्र सिद्धान्त, स्थितिगत्यात्मक प्रगतिवाद, आधारशिला चतुष्टयको प्रवर्धनमा सञ्चारयोग त्रैमासिकको योगदान रहोस् !

उर्मिला खनाल अधिकारी

अध्यक्ष, सञ्चारयोग मिडिया

सम्पादकीय |||

सही तथ्याङ्क उपलब्ध गराएर जनगणना सफल पारौं

प्रत्येक १० वर्षमा हुने जनगणना २०७८ साल जेठमा हुँदैछ । नेपालको जनसाङ्ख्यिक अवस्थाको वास्तविक तथ्याङ्क लिन र सोही अनुसार भावी राष्ट्रिय योजनाहरू तर्जुमा गरिने भएकोले यसको ठूलो महत्त्व छ । जनगणनाले नेपाली जनताको आर्थिक सामाजिक सांस्कृतिक शैक्षिक लगायतको वर्तमान अवस्थाको यथार्थ अवस्थाबारे अद्यावधिक जानकारी दिन्छ ।

नेपाल विविधतायुक्त देश हो । भाषा, धर्म, संस्कृति, भूगोल लगायतका विविध प्रकारले विविधताले भरिएको देश छ । विविधता हाम्रो सम्पत्ति हो । विविधतालाई पहिचानको संस्कृतिको रूपमा प्रवर्धन गर्न आवश्यक छ । तर केही समूह पहिचानको संस्कृतिमा पहिचानको राजनीति गर्न तल्लीन छन् । राष्ट्रिय जनगणनामा पनि नियोजित रूपमा नेपालको मौलिक स्वरूपको पहिचानको संस्कृतिमा विग्रह ल्याउने प्रयासहरू विभिन्न माध्यमबाट भइरहेका छन् ।

विशेष गरी भाषा र धर्मको विषयमा आगामी जनगणनालाई प्रभाव पार्ने प्रयास भइरहेका छन् । यहाँको मौलिक धर्महरूमा विभाजन ल्याएर यसलाई कमजोर पार्ने दुश्प्रयास स्वरूप हिन्दू धर्मभित्रका विविध पद्धतिहरूलाई पनि फरक धर्मको रूपमा उल्लेख गर्न भन्दै विभिन्न समूहहरू सक्रिय रहेको देखिन्छ । वैचारिक जालमा परेर अथवा भावुकतावश धर्मको स्थापित मान्यताहरूलाई असमेय व्याख्या गरी खण्डित पार्ने प्रयासबारे सकल नेपालीजन सचेत हुनु जरुरी छ । मौलिक धर्मभित्रका उपसमूहहरूलाई पनि फरक धर्मको रूपमा उल्लेख गर्ने कुराहरूबाट सबै सचेत हुनु आवश्यक छ । हिन्दू धर्मभित्रको शैव, शाक्त, मष्टो लगायतलाई पनि फरक धर्मको रूपमा दुस्प्रचार गरिएको छ । हिन्दू धर्ममा त तेतीसकोटी देवताको अवधारणा छ । त्यसैले यस धर्मभित्र पनि विविधता हुनु स्वभाविक हो । तिनलाई पनि फरक धर्मको रूपमा कसैले व्याख्या गर्छ भने यो हाम्रो मौलिक मान्यता र अन्तरराष्ट्रिय अभ्यास विपरित हो । भावुकतावस कसैलाई आफ्नो विशिष्ट पद्धतिलाई पनि धर्मको वृहत्तर परिचय मिल्ने भन्ने लाग्न सक्छ तर यी मौलिक धर्महरूलाई खण्डित पार्ने वैचारिक जाल हो । हिन्दू धर्मका साथै किरात, बौद्ध लगायतका अन्य मौलिक धर्महरूमा पनि यस प्रकारका विभाजन ल्याउने प्रयास भइरहेका छन् । यस तर्फ सबैजना सचेत हुनुपर्छ ।

त्यसैगरी नेपालमा बोलिने सबै भाषाहरूको यथार्थ विवरण ल्याउनको लागि सबैले पूर्खादेखि बोलिँदै आएको भाषालाई मातृभाषा रूपमा अनिवार्य उल्लेख गरौं । भाषिक विविधता भएको नेपालजस्तो देशमा विविध भाषाभाषीलाई जोड्ने मौलिक भाषाको विशेष महत्त्व छ । नेपाली भाषा ऐतिहास कालदेखि नेपालका विविध भाषाभाषीलाई जोड्ने भाषाको रूपमा रहँदै आएको छ । मातृभाषा नेपाली नभएका समुदायले सम्पर्क भाषाको रूपमा रहेको नेपाली भाषालाई दोस्रो भाषाको रूपमा उल्लेखगरी वास्तविक तथ्याङ्क उजागर गरौं ।

सही तथ्याङ्क नै राष्ट्र निर्माणको आगामी योजनाको आधार हो । गलत तथ्याङ्क मिथ्याङ्क हुन्छ । मिथ्यामा आधारित भ्रममा टेकेर भावी योजना निर्माण गर्न सकिँदैन हाम्रो भविष्य निर्माण हाम्रो हातमा छ । त्यसैले सही तथ्याङ्क उपलब्ध गराई जनगणनालाई सफल पारौं ।

आवरण

विक्रम संवत् नेपालको मौलिक संवत्

✍ बलराम प्रजापति

नेपाल विविधतापूर्ण देश हो । यहाँ, जातीय, भाषिक, धार्मिक तथा भौगोलिक रूपमा विविधता छ । त्यसै कारण यहाँ नयाँ वर्ष मनाउने परम्परामा पनि विविधता छ। कतिपयले विविधतालाई समस्याको रूपमालिने गरेका छन् अथवा व्यङ्ग्यात्मक रूपमा नयाँ वर्ष पनि कतिचोटि भनिरहेको पाइन्छ। तिनीहरूले नेपालको मौलिकता, नेपालको विशेषता र नेपालको शक्तिलाई नवुझेका हुन् । नेपालमा यति विविधता छ कि हामी कहिले नेपाल संवत् भनेर, कहिले यलम्वर संवत् भनेर, कहिले बुद्ध संवत् भनेर, कहिले श्रीकृष्ण संवत् भनेर कहिले कलिरगताव्दा अथवा कलिगत संवत् भनेर, कहिले सृष्टि संवत् भनेर र सँगसँगै विक्रम संवत् भनेर हामी विविध संवत्हरूका नयाँ वर्षहरू मनाउँछौं । यी हरके संवत्हरूका आआफ्ना विशेषताहरू छन्, आफ्ना आफ्ना मान्यताहरू छन् । त्यसैले आआफ्ना कुलपरम्परा अनुसार, आअफ्ना गुरु दीक्षा अनुसार, आआफ्ना संस्कृतिक प्रचलन अनुसार जुन संवत् अनुसार संस्कारहरू चल्ने हो त्यो संवत्लाई अगाडि सार्न स्वाभाविक हो । यसमा कुनै अनोठो र असामान्य कुरा केही पनि छैन ।

कसैले कुनै संवत्को शुभकामना दियो भने यसले नेपालभित्र धेरै संवत् ल्याउन लाग्यो भनेर यसमा चिन्ता मान्नु पर्ने, त्यसलाई समस्याको श्रोतको रूपमा लिनुपर्ने केही पनि छैन । यो हामीभन्दा वाहिरका पद्धतिमा रहेका जो सत्य भनेको विजुलीको स्वीचजस्तो कि अन हुन्छ कि अफ हुन्छ भन्ने द्वैविद्य अथवा दुई फक्लेटेवाला (Binary) मानेको छ त्यसले मात्रै एकभन्दा वढी कुरा आएपछि समस्याको रूपमा लिने हो । हामीजस्तै 'एकोहम् वहुस्याम्' अथवा ईश्वर, परमात्मा व्रह्मलतत्व एकै हो, प्रकृति अथवा सृष्टि मात्रै विविध स्वरूपमा भएको हो भन्ने मान्ने र सम्पूर्ण विविधताहरूमा सहृदयताको सम्वन्ध राख्न सक्ने

यस्ता सहृदयतावादीहरूका लागि धेरै थरी संवत् हुनु कुनै समस्याको कुरा होइन । त्यसैले हामी निर्धक्कसँग, निर्द्वन्द्वसँग र वहुत उमङ्गसँग जव पनि नेपाल संवत् सुरु हुन्छ नेपाल संवत्को शुभकामना दिने र विक्रम संवत् सुरु हुने वेलामा विक्रम संवत् को शुभकामना दिने अभ्यासलाई अझ विकसित गर्दै जानुपर्छ ।

कतिपय व्यक्तिले यो विक्रम संवत् नेपालको होइन, यो त विदेशी संवत् हो भन्ने गरेका छन् । विक्रमादित्यको नामलाई लिएर भारतको उज्जैनका राजा विक्रमादित्यले सुरुवात गरेको भन्ने खालको तर्क गरेको र त्यो कुरालाई नाराको रूपमा उचालेको र नेपाल संवत् पो राख्नु पर्छ विक्रम संवत् किन राख्ने ? भन्ने खालको कुरा पनि आउने गरेको छ । हामीले वुझ्नु पर्ने कुरा के छ भने कि नेपाल संवत् मात्र राख्नु पर्ने कि त विक्रम संवत् मात्रै राख्नु पर्छ भन्ने होइन । हाम्रो पद्धति त्यस्तो होइन । नेपाल संवत् लाई पनि मान्ने हो, विक्रम संवत्लाई पनि मान्ने हो । खासमा त जसरी नेपाल संवत् नेपालवाट सुरु भएको हो । त्यसै गरी विक्रम संवत् पनि नेपाल देशवाटै त्यसमा पनि नेपाल मण्डलभित्रैवाट सुरु भएको हो ।

राणा कालभन्दा अगाडि शक संवत् चलेको र राणाहरूले विक्रम संवत् चलाएको भन्ने प्रसङ्ग छ । यसमा हामीले वुझ्नु पर्ने कुरा के छ भने नेपालमा एकै समय विभिन्न समयमा विभन्न संवत्हरू चलेका छन् । चिठी पत्रको आदान प्रदान गर्ने लगायतका व्यावहारिक कारणले काठमाडौंमा केही समय शक संवत् अभ्यासमा आएको हो । राणाहरूले तत्कालीन समयमा अभ्यासमा रहेको शक, इस्वी, विक्रम संवत् मध्य विक्रम संवत्लाई प्रयोग गर्ने यकिन गरेको मात्रै हो । नयाँ संवत् लाई प्रयोगमा ल्याएको थिएन । यो पुरानै कुराको पुनर्पुष्टि मात्रै थियो । राणा कालका नकारात्मक पक्षहरू धेरै छन् । राणाकालमा गरेको भन्दैमा त्यस वेला भएका केही सकारात्मक कुराहरूलाई पनि नकारात्मक रूपमा लिनु पर्छ भन्ने छैन । राणा कालमा दास प्रथाको अन्त्य भयो । त्यही वेला सती प्रथाको अन्त्य भयो । राणाले गरेको भनेर आज फेरि तिनलाई उल्ट्याने काम गर्छौं र ? राम्रो कुरा

राणाले गरे पनि जसले गरे पनि त्यो राम्रै हो ।

राणाहरूले गरेका केही राम्रो कामहरूमा शनिवार विदा दिने परम्परा वसाल्नुलाई पनि सकारात्मक रूपमा लिनु पर्छ । आइतवार वा अन्य दिनलाई विदाको रूपमा नलिएर शनिवारको दिनलाई चयन गर्नुमा पनि संस्कृतिक कारण छ । त्यो उनीहरूले गरेको सही निर्णय थियो ।

त्यसै गरी चन्द्रमान अनुसारको पात्रोलाई संस्कृतिक काममा प्रयोग गर्ने तर सरकारी काममा प्रशासकीय, शासकीय काममा सौर्यमान अनुसारको पात्रो प्रयोग गर्ने निर्णय पनि एकदम व्यावहारिक थियो । र त्यो गर्दा विक्रम संवत्को विशेषता के थियो भने यो पात्रोमा सौर्यमान र चान्द्रमानसँगसँगै चल्छन् । तिथिहरू र गतेहरू सँगसँगै चल्ने भएकाले एउटाको सन्दभमा अर्को चल्ने भएकाले मानिसहरू नभुक्किने र व्यवहारहरू चलाउन सजिलो भयो । कतिपयले नवुझेर नेपाल संवत् कै तिथि प्रयोग गरेर विक्रम संवत् भन्ने गरेको भन्दछन् । तिथि त हामीसँग पहिल्यैदेखि थियो । वैदिक ग्रन्थहरूदेखि नै तिथिको उल्लेख छ । त्यसैले ११४१ वर्ष अघिवाट मात्रै तिथिको पहिचान भएको भन्ने होइन । त्यसो गर्यौं भने त हाम्रा महान ज्ञानी पुर्खाहरूमाथि अन्याय हुन्छ । नेपाल संवत् पनि हाम्रै हो विक्रम संवत् पनि हाम्रै हो । नेपाल संवत्ले प्रयोग गरेपनि, विक्रम संवत्ले प्रयोग गरेपनि, शक संवत्ले प्रयोग गरे पनि यी तिथिहरू भनेका वैदिककालदेखि अभ्यासमा रहेका गणना पद्धति हुन् ।

विक्रस संवत् यति धेरै विवादमा आउनुको कारण भारतका राजा विक्रमादित्यको प्रङ्गले हो । भारतका ती प्रतापी भनिने राजाले पो चलाएका हुन् कि भन्ने खालको कुराले विक्रम संवत्को वारेमा धेरै भ्रमपूर्ण कुरा आएका हुन् । भारतका मानिसहरूले आफ्ना कुलका आफ्ना वंशकाले चलाएका भनेपछि गौरव गर्दै विक्रम संवत्सँग जोडेर प्रचारगर्नमा मजा माने । त्यही कारणले विक्रम संवत् नेपालवाट चलेको भन्ने कुरा छाँयामा पर्यो । भगवानलाल इन्द्रजीलगायतका भरतीय अध्येता तथा इतिहासकार हरूले नै कालगणा गरेर हेर्दा २०७७ साल पहिले भारतको उज्जैनमा विक्रमादित्य नामका कुनै राजा थिएन भन्ने कुरा प्रमाणित गरिसकेका छन् । कुनै राजा नै नभएपछि ती राजाको नाममा त्यहाँवाट संवत् चल्यो भन्ने कुरा त सुहाउँदो कुरै भएन । उनीहरूको आकलन अनुसार विक्रम संवत् चलेको करिव २ सय वर्षपछि मात्र उज्जैनमा विक्रमादित्य नाम गरेका कुनै राजा रहेको देखिएको छ ।

खास गरी विक्रमादित्य भन्नु उपाधि पनि हो । विक्रमादित्य उपाधि राजाहरूले लिन धेरै मनपराउने उच्च उपाधि भएकोले विभिन्न स्थानका विभिन्न राजाहरूले आफूलाई विक्रम उपाधि लिएको पनि हुन सक्छ । त्यही शब्द नाममा पनि प्रयोग हुन्छ र उपाधिमा पनि प्रयोग भएको हुन सक्छ । हाम्रोमा जुन लिच्छवि राजा छन् ती राजा जसको वारेमा चर्चा गरिँदैछ उनकै वारेमा पनि विक्रमादित्य एउटा नाम हो र अर्को नाम धर्मपाल थियो, धर्मागत थियो भन्ने पनि छ । उनको नाम भूमि वर्मा थियो भन्ने पनि छ ।

धेरै मानिसहरूलाई स्कुल कलेजमा पढ्दा नेपालको पहिलो राजाको रूपमा मानदेव भनेर पढाइन्छ । मानदेवलाई नै पहिलो ऐतिहासिक राजा भन्नुको कारण के थियो भने जुन वेलमा ती पाठ्य पुस्तकहरू प्रकाशित भएका थिए त्यतिवेला मानदेवको वारेमा पत्ता लागेको थियो । त्यस अघिका किरात वंशका वारेमा, गोपालहरूका अथवा निप वंशको कुराहरू अनुश्रुतिमा वा शास्त्रमा मात्रै उल्लेख भएको तर मानदेवले मन्दिर वनाएको, शिलालेख पनि भएको, मानङ्क पनि भेटिएको धेरै प्रमाण भेटिएको कारण पहिलो ऐहिसिक राजा भनिएको भयो । नेपालमा यथेष्ट पुरातात्विक अनुसन्धान भएकै छैन । विस्तृत अनुसन्धान हुन बाँकी नै छ । अनुसन्धान राम्ररी नहुँदा पनि मानदेवभन्दा धेरै पुरानो राजा जय वर्माको शालिक फेला परेको छ । उनको शालिक फेला परेपछि उनको शिलालेख आदि फेला पार्नलाई सुव्यवस्थित अनुसन्धान हुनुपर्छ । जुन हुन सकेको छैन ।

विक्रम संवत्को प्रसङ्गमा आएको जुन राजाको कुरो छ जसको चारवटा नाम थाहा भइसकेको छ उनी जय वर्माभन्दा पनि प्राचीन राजा हुन् । कतिपयको मतमा उनी नै पहिलो लिच्छवि राजा हुन् भन्ने छ । कतिपयले पहिलो हुन पनि सक्छ नहुनपनि सक्छ भन्ने मत व्यक्त गरेका छन् । तर विशेष कीर्ति राखेको हुनाले उनले संवत् शुरु गरेका हुन् भन्ने मान्यता रहेको छ ।

के कीर्ति गरे होलान् त त्यस्तो ? नेपालका राजाको इन्डियामा पनि विभिन्न स्थानमा संवत् प्रयोग गर्ने गरी उनले, भन्ने प्रश्न पनि गरिने गरेका छन् । यो भनेको आफूलाई सानो देख्ने, कमजोर देख्ने लघुताभाषको परिणाम हो । इतिहासमा त्यस्तो हुँदैन कसैले राम्रो काम गर्यो भने उनको कीर्ति जहाँ पनि जान सक्छ ।

हालसालैको उदाहारण छ नेपालमा सम्पन्न एक सङ्गोष्ठीमा भारतवाट आएका विज्ञ समूहले सम्पूर्ण दक्षिण एसियाको गौरवको प्रतीकको रूपमा पृथ्विनारायण शाह रहनु भएको कारण भारतमा उहाँका शालिक स्थापना गर्ने वारेमा छलफल भएको थियो । नेपाल सरकारले पहल गरेमा दिल्लीमा पृथ्विनारायण शाहको शालिक वनाउने उहाँको नाममा सडकको नामाकरणसमेत गर्ने प्रस्ताव आएको थियो । राजनीतिक करणले अहिलेको सङ्कीर्ण राष्ट्रियताको मानसिकता भएका अवस्थामा त नेपालको राष्ट्र निर्माताको शालिक भारतमा वनाउने भन्ने कुरा आउँछ भने त्यस वेला त झन उदार विचारधारा रहेको अवस्था

थियो । पहिले कुम्भमेलामा विभिन्न सस्थानवाट मानिसहरू एक ठाउँमा भेला भएर विभिन्न स्थानमा भएका गतिविधिहरू एक आपसमा साटासाट गर्दथे। अहिले प्रमाणित पनि भएको छ कस्मिरमा भएको कामको पूरककाम केरलमा भएको उदाहारणहरू छन् । त्यसैले नेपाल मण्डलवाट सुरुवात भएको विक्रम संवत् मैदानमा र भारतमा पनि विस्तार हुनु कुनै पनि अनौठोको कुरा होइन ।

अव नेपालभित्रका प्रमाणहरूको कुरा गर्दा हाल सालै भएका उत्खननका कुराहरू पनि वाहिर आइरहेका छन् । पाँचखालमा लिच्छविकालीन पुरातात्विक महत्वका सामग्री फेला परेको समाचारहरू आएका छन्। हाँडी गाउँमा घर बनाउनका लागि जग खन्दा पनि प्राचीन कालका कुराहरू पाइएको । नेपालमा पुरातात्विक विषयको कुरा भेटियो भने लुकाएर छिटो निर्माण सम्पन्न गर्ने परिपाटी रहेको पाइन्छ । सरकारले वजार मूल्यभन्दा अधिक तिरेर पनि पुरातात्विक स्थालको संरक्षणको नीति लिएर सरकार वा समुदायको संरक्षणमा ल्याउन सकिएमा यस प्रकारको समस्या आउने थिएन । काठमाडौं उपत्यकामा घरैघर भएर उत्खनन गर्न गाह्रो भएर मात्र हो यदि उत्खनन गर्दै जाने हो भने धेरै पुरातात्विक प्रमाणहरू भेटिन्छ ।

रोचक र गौरवको कुरा के हो भने विक्रमादित्य जसले विक्रम संवत्को सुरुवात गरे उनको वारेमा विभिन्न प्रसङ्गहरू काठमाडौं र वरपर प्रशस्त मात्रामा रहेका छन् । उदाहारणका लागि नेपालमा प्रचलित विभिन्न वंशावलीहरूमा उनको चर्चा भेटिन्छ । भाषा वंशावली अनुसार उनै धर्मागत भनेर पनि चिनिने विक्रमादित्यको पालामा अहिले नारायणहिटी दरवारमा चतुर्मुख नारायणको स्थापना गरी जोडी धार समेत वनाएको र त्यसलाई एउटा तीर्थको रूपमा विकसित गरेको हुनाले त्यही दिन बाट नयाँ संवत् सुरु गरेको प्रसङ्ग छ । चतुर्मुख नारायणको स्थापना र जोडीधारा को स्थापना कुनै महत्त्वपूर्ण काम सम्पन्न भएपछिको ईश्वरीय आराधनाको रूपमा भएको मानिएको छ । उनले आफ्नो शासनकालमा सीमा विस्तार गर्दैगर्दै अहिलेको कासी वनारसलाई पनि आफ्नो आधिपत्यमा ल्याएर त्यहाँ पूजा गरेर फर्किसकेपछि विजय उत्सव मनाउन उनले मन्दिर र धाराको निर्माण गरेका हुन् भन्ने मानिएको छ ।

त्यसैगरी काभ्रेको नालामा उत्तरापुर राज्यमा विक्रमादित्य राजाले राज्य गरेको स्थानीय विश्वास रहेको छ । त्यहाँ धेरै समयसम्म मेला पनि लाग्ने गरेको थियो । अहिले नयाँ मेलाहरू अस्तित्वमा आएपछि केही पुराना मेलाहरू खण्डित भएका छन् । हाल चलनमा नआएपनि ती मेला अथवा जात्राको प्रसङ्ग पनि विक्रमादित्यसँग सम्वन्धित रहेको मान्यता रहिआएको छ ।

अर्को महत्त्वपूर्ण कुरा विक्रमादित्यको राज्यमा पर्ने साँखुमा रहेको वज्रयोगिनीलाई पनि विक्रमादित्यसँग जोडेर हेरिन्छ। साँखुको वज्रयोगीनी मन्दिर परिसर माथि त्यहाँ टाउको प्रतिमालाई पूजा गर्ने चलन छ । जहाँ वज्राचार्य थरका पुजारीले पूजा गर्ने चलन रहिआएको छ । अन्वेषकहरूले यसलाई पनि अगाडि ल्याउने गरेको पाइन्छ। यसले विक्रमादित्यको वारेमा मानिआएको कुराको प्रत्यक्ष व्यवहारिक उदाहारण प्रस्तुत गरेको छ । विक्रमादित्यको शिरको पूजा गर्ने परम्परा विक्रमादित्य यहीँ कै हुन् भन्ने कुरालाई वल दिने एउटा साक्ष्यको रूपमा रहेको देखिन्छ।

यिनै चक्रवर्ती राजाको वारेमा स्कन्द पुराण, पशुपति पुराणलगायतमा पनि उल्लेख रहेको कुरामा पनि कतिपय अध्येताहरूले जोड दिएका छन् ।

देवमाला वंशावली अनुसार अहिलेको काठमाडौं, वत्तीसपुतलीमा रहेको राम मन्दिर भएको इलाकामा विक्रमादित्यको राजसिंहासन रहेको थियो। त्यति बेलाको राजप्रासाद त्यही स्थानमा रहेको परिचर्चा अध्येताहरूले गरेको पाइन्छ । अंशुवर्माकै वारेमा पनि यदि चिनियाँहरूले नलेखिदिएको भए आज हामीसँग कैलासकुट दरवार त छैन भर्खरभर्खर उल्खनन गर्ने भनेर वल्ल जमर्को गरिँदै छ भने के कैलाशकुट दरवार नभेटिएसम्म उनको अस्तित्व नमान्ने त ? होइन नि अरू पनि साक्ष्य, प्रमाणहरू हुन्छन् ।

विक्रमादित्यको वारेमा पशुपति पुराणमा उल्लेख भएका कुरा, हिमवत् खण्डका कुरा, जनश्रुतिदेखि व्यवहारमा रहेको संस्कृतिक जात्रा प्रचलन जुन छन्, ती प्रमाणहरूलाई नकार्न मिल्दैन। इन्डियामा चाहिँ यस प्रकारको केही पनि प्रमाण नभेटिँदा पनि प्रमाणित हो भन्ने यता आफ्नो प्रमाण भेटिँदा पनि होइन भन्यो भने त्यो एक किसिमको मूर्खता नै हुन जान्छ ।

लिच्छवि वंश शुरु गर्ने उनै विक्रमादित्य हुन् भन्ने मान्यता अनुसार आफ्नो राज्याविषेककै दिनवाट विक्रम संवत् शुरुगरे भन्ने पनि मानिएको छ ।

विक्रम संवत्को जुन प्रचलन छ यस वारेमा मानिसहरूमा धेरै भ्रम थियो । महान् इतिहासकार नयराज पन्तले गुरुकुलीय पद्धतिवाट थाल्नु भएको संशोधन मण्डलले निकालेको लिच्छवि संवत्को निर्णयमा नेपालमा प्रयोगमा रहेका संवत्हरूको वारेमा स्पष्ट पार्ने काम गरेको छ । त्यसलाई हेर्ने हो भने नेपालमा राणा कालमा मात्रै विक्रम संवत्को प्रयोग हुन थाल्यो भन्ने कुरा तथ्यगत कुरा होइन भन्ने प्रमाणित हुन्छ। विक्रम संवत्को प्रयोग पहिलेदेखि रहेको कुरा स्पष्ट रूपमा देखिन्छ । त्यतिमात्रै होइन केन्द्रका तीन शहरमा मल्लराजाहरूभन्दा पहिलेदेखि नै विक्रम संवत्को प्रचलन रहेको देखिन्छ । यसका साथै पूर्व र पश्चिमका बाईसे र चौबीसे राज्य र सेन, शाह र अरू पनि थरका राजाहरूले पनि विक्रम संवत् प्रयोगमा ल्याएको पाइन्छ भनेर इतिहासका अध्येताहरूले भनेका छन् ।

यस हिसावले हेर्ने हो भने त्यो युगमा वाईसे र चौवीसेदेखि सवै खालका राजाहरूले प्रयोग गर्ने जुन संवत् हो त्यो संवत्को जरो नेपालमा छ भन्ने मान्नु नै समीचीन हुन्छ ।

हिमवत खण्डको हिसावमा हेर्ने हो भने पहिले साना साना टुक्राटाक्रे राजा रजौटाहरू विक्रम संवत्लाई प्रयोग गरेका थिए । र जब आधुनिक कालको विशाल नेपाल बन्यो र पछि पनि नेपालमा विक्रम संवत्को प्रयोग हुनु भनेको हाम्रो ऐतिहासिक गोरवको अविच्छिन्न निरन्तरता हो । त्यो गौरवकै निरन्तरता हो भन्ने रूपमा हामीले लिनु पर्छ । हामीले विक्रम संवत्लाई यो इन्डियावाट आयो कि भनेर दुत्कार्ने जुन चलन छ, यसको जुन दुष्प्रचार छ, कतिपयले जानीजानी गरेका होलान् । यसमा विवाद भएमा भोलि इस्वी संवत् लगाउने भन्ने पनि छन् होला । इस्वी संवत् संसारको धेरै ठाउँमा चलेको छ । छिमेकी इन्डियाले पनि मौलिक संवत्लाई लागू गराउन सकेन । तर नेपालमा जुन विक्रम संवत् चलिरहेको छ । यो कुराले वैदिक सनातन हिन्दू, बौद्ध, किरात, जैन, वोन लागायतका मौलिक धार्मिक परम्पराको विरुद्धमा रहेका विरोधीहरूको छातीमा जलन भइरहेको छ । कि कसरी यो विक्रम संवत्लाई हटाउने भनेर ।

यो षड्यन्त्रपूर्वक भइरहेको काममा मानिसहरू भावुकतावस पनि लागिरहेका छन् । नेपाल संवत्, नाममा पनि नेपाल संवत् छ, त्यसलाई राख्न पाए पनि हुन्छ भन्ने छ । त्यसमा हाम्रो केही विरोध छैन । त्यसलाई पनि राख्ने तर के कुरामा हामी स्पष्ट हुनुपर्छ भने नेपाल संवत् ल्याउनलाई विक्रम संवत् हटाउनु पर्दैन । हेलिकप्टरमा यात्रुको सङ्ख्या भरिसकेकोले अर्कोलाई चढाउन पहिलेको यात्रुलाई ओराल्ने भनेजस्तो होइन । नेपाल संवत्को प्रचलनलाई वढाउनलाई विक्रम संवत्लाई मेट्नुपर्छ भन्ने सोच गलत हो ।

नेपाल हालसालै मात्र विविधता पूर्ण देश वनेको हाइन । विविधतामा वाँचेको हाम्रो सहश्राव्दीयौं देखिको इतिहास छ । सहृदतामा रहिआएको हुनाले जतिपनि संवत् नेपालमा चलाउनु सकिन्छ । चाहे विक्रम संवत् होस् चाहे नेपाल संवत् होस् अरू पनि नेपालको मौलिक रैथाने संवत्हरू कसैले प्रमाणित गर्छ भने ती संवत्हरू प्रचलनमा ल्याउन कुनै गाह्रो छैन । किन भने मानिसको व्यवहारलाई सरल वनाउन प्रविधिको विकासले आर्टिफिसियल इन्टेलिजेन्ससम्म आइपुगेको छ । अव त प्रविधिले नै फलानो संवत् अनुसार यो र फलानो संवत् अनुसार यो भनेर देखाइ हाल्छ । आआफ्नो कुल परम्परा अनुसारको प्रविधिलाई निर्देशन दिने हो त्यसै अनुसार प्रविधिले सघाउँछ । विगतमा जुन वेलामा साधन स्रोत नभएको अवस्थामा त मानिसले गरेका थिए भने अहिले त यति धेरै साधन स्रोतको उपलब्धता भएको समयमा विविधतासँग डराउनुपर्ने कुनै कारण छैन । यो त हाम्रो सम्पत्ति हो । विक्रम संवत् सँगसँगै हाम्रो गौरवमय इतिहास छ । नेपालका राजाले कासीसम्म सीमा विस्तार गर्दै स्थापाना भएको, यस्तो महान गाथा भएको विक्रम संवत्लाई त्यागन खोज्नु अथवा यसलाई नेपालवाट वञ्चित गराउन खोज्नेहरूले जानेर अथवा नजानेर नेपालमाथि ठूलो घात गरेका छन् । हामी शङ्खधर साख्वालाई पनि मान्ने हो । विक्रमादित्यलाई पनि मान्ने हो । हामी बुद्धलाई पनि मान्ने हो । जतिपनि जोजो लाई मान्नु पर्ने छ हामी सवैलाई मान्ने हो । यसमा कुनै वैपरित्य छैन कुनै विरोध छैन ।

धेरैलाई थाहा भएकै हो र जतिलाई थाहा छैन वुझौं विक्रम संवत् नेपालकै हो । नेपालवाटै उत्पत्ति भएको हो । नेपालकै राजाले स्थापना गरेको हो । र यो भारतसम्म यसको विस्तार भएको हो । भविष्यमा पनि यो विश्वको जुन वैश्विक संरचाको परिवर्तन हुँदैछ । जुन वेला नेपाल विश्वको अग्रणी र केन्द्र वन्नेछ, त्यो वेला फेरि विक्रम संवत् अमेरिकामा, अफ्रिका, अष्ट्रेलिया र युरोपमा जहाँ तहीँ प्रयोगमा ल्याउन सकिनेछ ।

(प्रस्तुत लेख डा. जगमान गुरुङ, प्रा.डा. दिनेशराज पन्त र डा. निर्मलमणि अधिकारीको भिडियो सम्भाषणमा आधारित छ । उक्त भिडियोहरु युट्युवमा ऋक टिभि र जरोकिलो च्यानलमा उपलब्ध छन् ।)

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना ।

दिपेश न्यौपाने

अध्यक्ष

वाग्मती प्रदेश

मौलिक जरो किलो पार्टी

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना ।

अरुण केसी, प्रिन्सिपल

श्री चन्द्रविन्दु

इन्टरनेशनल बोर्डिङ्ग स्कूल

बसुन्धरा, काठमाडौं, फोन : ०१-४३८८०६५

विश्वविद्यालयमा पश्चिमाको जाल : न हाँसको चाल, न बकुल्लाको चाल !

✍ सुशील गौतम

करीव २० वर्षअघिको कुरा हो । वागवजारको शहीद शुक्र माध्यमिक विद्यालयमा ७ कक्षामा पढ्दै थिएँ । हाम्रो विद्यालयमा पनि 'टाई' लगाउनु पर्ने नियम आयो । त्यस अघि निजी विद्यालयमा मात्रै टाई लगाइने गरेको देख्ने गर्थ्यौं ।

हाम्रो सरकारी विद्यालय पनि आधुनिक वन्ने भयो, हामी पनि 'स्ट्यान्डर्ड' देखिने भयौं भनेर हामी दङ्ग पर्‍यौं । २ दशक विते । त्यस वेला आफ्नो वाल मस्तिष्कमा कस्तो छाप परेको रहेछ भनेर केलाउँदा अहिले उदेक लाग्छ ।

नेपालमा पश्चिमवाट ल्याइएको भन्ने वितिक्कै विज्ञानसम्मत, आधुनिक, प्रगतिशील मान्ने मानसिकता व्याप्त छ । पश्चिमा देशमा जे खाइन्छ, जे लाइन्छ, जे वोलिन्छ, जसरी सोचिन्छ, त्यसलाई नक्कल गर्नु आधुनिक हुनु हो भन्ने मानसिकता हामीमा व्याप्त छ । नत्र 'टाई' लगाउने नियम ल्याउनुको औचित्य के थियो होला ? यो मानसिक दासता हो ।

सरकारी विद्यालयमा टाई लगाउन थालेपछि आधुनिक भइन्छ भन्ने हाम्रो वाल मस्तिष्कमा त्यत्तिकै छाप परेको होइन, विद्यार्थी हुर्किने, वढ्ने र पढ्ने वातावरण नै त्यस्तै वनाइएको छ ।

व्यक्तिको रूपमा कसैलाई टाई लगाउन मन लाग्छ भने त्यो उसको व्यक्तिगत स्वतन्त्रताको विषय हो । विद्यालयमा संस्थागत रूपमा टाई लगाउने नियम ल्याइनुले पश्चिमाको नक्कल गर्नु आधुनिक हुनु हो भन्ने मानसिकता कसरी गढेको छ भनेर देखाउँछ ।

क्याथोलिक रोमन साम्राज्यमा फर्डिनाण्ड दोस्रो सम्राट वने । शासनसत्ता हातमा लिए आफ्नो साम्राज्यका गैरक्याथोलिक इसाई नागरिकलाई जवरजस्ती क्याथोलिक इसाई वनाउन थाले । यस कार्यको प्रोटेस्टेन्ट इसाईहरूले विरोध गरे । त्यसपछि युरोपमा क्याथोलिक इसाई र प्रोटेस्टेन्ट इसाईवीच युद्ध भड्कियो । क्याथोलिक लिग अन्तर्गत रहेका फ्रान्सले क्रोएसियाका भाडाका सिपाहीलाई क्याथोलिक सेनाको तर्फवाट लडाउन थाल्यो । भाडाका सिपाहीमा एकरूपता नदेखिने भए पनि क्रोएसियाका भाडाका लडाकुमा एउटा विशेषता थियो ।

सवैजसो क्रोएसियाली भाडाका सिपाहीले घाँटीमा एकै किसिमले क्राभाटी लगाएका हुन्थे । क्राभाटी भनेको घाँटीमा वाँधेर झुण्ड्याइने कपडा हो । क्याथोलिक अतिवादी कवि इभान गुण्डुलिकले क्रसमा झुण्ड्याएर मारिएका जिसस क्राइस्टको साङ्केतिक रूप स्वरूप पहिलो पटक क्राभाटीको प्रयोग गरेका थिए भनिन्छ भने क्राभाटीको जिसस क्राइस्टसँग कुनै लिनुदिनु छैन भन्ने पनि छन् ।

घाँटीलाई चिसोवाट जोगाउन क्रोएसियालीहरूले विकास गरेको उपाय भनेर तर्क राख्ने पनि छन् । यद्यपि उत्तरी युरोपमा समुद्र जम्ने चिसो हुँदा पनि क्राभाटी नवनाउनु तर क्रोएसियाजस्तो तुलनात्मक रूपमा न्यानो स्थानमा घाँटी जोगाउन क्राभाटी वन्नु त्यसमाथि क्याथोलिक अतिवादी इभान गुण्डुलिकले सवैभन्दा पहिले प्रयोग गर्नुले प्रश्न जन्माएको छ ।

खैर, चिसोवाट जोगाउन भए पनि इसाईत्वको प्रतिनिधि सङ्केत भएता पनि नेपालमा आइपुग्दा आधुनिक वन्नको लागि पूरा गर्नैपर्ने मानक वन्यो । पश्चिमवाट हाम्रा शैक्षिक संस्थाले सिक्ने कुरा यही हो त ?

कुरा टाईमा मात्रै सीमित रहेन । विद्यालयका कक्षाहरू पार गर्दै गएर अन्तिममा विश्वविद्यालयको पढाइ पूरा गरेपछि प्रमाणपत्र प्राप्त गर्ने दिनलाई 'दीक्षान्त' समारोह हुन्छ । त्यो दिन शैक्षिक प्रमाणपत्र लिने विद्यार्थी, दिने व्यक्ति र पढाउने प्राध्यापकले विशेष किसिमको पोशाक लगाउँछन् । जसलाई अङ्ग्रेजीमा गाउन भनिन्छ र शिरमा विशेष टोपी लगाइन्छ, जसलाई मोर्टारवोर्ड ह्याट भनिन्छ ।

युरोपमा वाह्रौं शताव्दितिर चर्चका पादरीहरू निकै प्रभावशाली हुन्थे । राज्य सञ्चालनमा समेत पादरीहरूको दवदवा हुन्थ्यो । शिक्षाको क्षेत्र अछुत रहने कुरै थिएन । पादरीहरू मुख्यतः वाइवल पढाउन विद्यार्थी जम्मा गर्थे । चिसोवाट वच्नका लागि भनेर पादरीहरू लामो कपडा लगाउँथे । विद्यार्थीलाई पनि त्यस्तै लामो कपडा लगाउन लगाउँथे । यसको प्रभाव वेलायतको अक्सफोर्ड विश्वविद्यालयमा पनि पर्‍यो । पढाइ सकिएपछि प्रमाणपत्र प्रदान गरिने दिन विद्यार्थी र प्राध्यापकले यही लामो कपडा लगाउने कार्यलाई निरन्तरता दिए । '

दीक्षान्त' समारोहमा लगाइने 'गाउन' नेपाल पनि भित्रियो । क्याथोलिक पादरीहरूले लगाउने विरेटा नामको टोपीबाट मोर्टारवोर्ड ह्याट बनेको कुरा ग्राजुएसन सोर्समा पढ्न सकिन्छ।

नेपालका विश्वविद्यालयमा प्रमाणपत्र ग्रहण गर्ने समारोहमा मोर्टरवोर्ड ह्याट र गाउन लगाउने नियम त्यसैगरी भित्रिएको हुनुपर्छ, जसरी शहीद शुक्र माध्यमिक विद्यालयमा टाई लगाउनुपर्ने नियम भित्रिएको थियो - आधुनिक वन्न पूरा गर्नुपर्ने मापदण्ड !

कक्षामा टाई लगाएर पढेपछि अथवा 'दीक्षान्त समारोह'मा मोर्टारवोर्ड ह्याट लगाएपछि शिक्षाको गुणस्तर उकासिने पनि होइन । नलगाएपछि खस्किने पनि होइन । तर हाम्रो मानसिकता नै यस्तै वन्यो कि शिक्षालयजस्तो संवेदनशील क्षेत्रमा समेत पश्चिमाहरूको त्यस्तो विषयको नक्कल गरियो, जसमा नेपालमा कुनै सान्दर्भिकता पनि छैन । वैदिक सनातनका, वौद्धका, किरातका अथवा वोनका कुनै शैक्षिक प्रणाली नै नभएको भए शैक्षिक प्रणाली पश्चिमा देशहरूवाट सिक्ने क्रममा टाई, मोर्टारवोर्ड ह्याट र ग्राजुएसन गाउन पनि सँगसँगै भित्रियो भन्नुहुन्थ्यो । विश्वको सवैभन्दा पुरानो ज्ञान, परम्परा र व्यवस्थित रूपमा ज्ञान प्रदान गर्ने गुरुकुलीय व्यवस्था थियो त हाम्रो इतिहासमा । खोइ, किन खोज गरेनन् ?

शिक्षालयले के सिक्नुपर्थ्यो ?

७ कक्षामा टाई लगाउनुपर्ने नियम आउनुअघि जस्तो पढाइ थियो, टाई आएपछि पनि त्यस्तै नै रह्यो । जाँचमा कस्तो प्रश्न आउँछ त्यसैको ढाँचामा पढाइ जारी रह्यो । तयारी प्रश्नका तयारी उत्तर घोक्ने र त्यसलाई परीक्षामा उतार्ने कार्य यथावत रह्यो । विद्यार्थीले अनुसन्धान गर्ने, विश्लेषण गर्ने र आफ्नो मौलिक तरिकाले समस्याको समाधान पद्धतिको विकास भएन ।

विद्यालयस्तरमा मात्रै होइन, विश्वविद्यालयको अवस्था झनै निराशाजनक छ । यो लेख लेख्दै गर्दा त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरूले फ्रान्सेली आर्मेल ली वेलको कार्यको चोरी गरेर भारतीय जर्नलमा प्रकाशित गरेको भनेर समाचार आएको समाचार फेसवूकमा शेयर भएर आएको थियो ।

विश्वविद्यालयका प्राध्यापकहरू खोज, अनुसन्धान गरेर नयाँ-नयाँ कुरा पत्ता लगाउनु पर्नेमा चोरी गरेरै भए पनि आफ्नो-आफ्नो स्वार्थपूर्तिमा लाग्छन् भने त्यस किसिमको शैक्षिक संस्थावाट समाज के अपेक्षा गर्न सक्छ ? यो घटना पहिलो भने होइन । जुन स्थानवाट टाई, मोर्टारवोर्ड ह्याट र गाउन ल्याइएको छ, ती स्थानमा रहेका विश्वविद्यालयमा यसरी चोरी गरेर जर्नलमा प्रकाशित गरेको भए जागिरवाट हात धुनु पर्ने अवस्था आउँथ्यो । सिक्नै परे वौद्धिक चोरी रोक्ने उपाय र अपराध ठहर भए कडा कारवाही गर्ने व्यवस्था सिक्नु पर्ने होइन र ?

विद्यार्थीले पढाइको अन्त्यमा गर्ने थेसिसले सम्वन्धित क्षेत्रमा नयाँ अध्ययनको ढोका खोल्ने गर्छ। नयाँ-नयाँ तथ्य स्थापित हुने गर्छन् । नयाँ-नयाँ आविष्कार तथा नवाचार हुने गर्छन् । तर हाम्रा विश्वविद्यालय छेउछाउका फोटोकपी पसलमा 'थेसिसको मात्र ५ हजार रूपैयाँ' भनेर विज्ञापन टाँसिएको हुन्छ। वनिवनाउ थेसिसलाई तलमाथि गरेर कैयौं विद्यार्थीले आफ्नो पढाइ पूरा गर्छन् । थेसिसमा चोरी गरेको छ कि छैन जाँच्न 'डुप्लि चेकर' नाम गरेको सफ्टवेयरले निःशुल्क सुविधा दिने गर्छ । त्यो वाहेक विकासोन्मुख राष्ट्रका विश्वविद्यालयको लागि न्यूनतम मूल्यका सफ्टवेयरहरू प्राप्त गर्न सकिन्छ । तर अझै पनि हाम्रा विश्वविद्यालयले एउटै थेसिसलाई तलमाथि गरेर थुप्रै विद्यार्थीलाई पढाइ सम्पन्न गरेको प्रमाणपत्र दिइरहेको छ ।

साइटेसन पर फ्याकल्टी अर्थात सङ्कायबाट उद्धरण भएको सङ्ख्या उत्कृष्ट विश्वविद्यालय वन्न आवश्यक प्रमुख मापदण्डमध्ये एक हो । विश्वका हजार वटा उत्कृष्ट विश्वविद्यालयको लिस्टमा नेपालका विश्वविद्यालयको अत्तोपत्तो नहुनुले नेपालका विश्वविद्यालयमा अनुसन्धानको पक्षलाई गम्भीरतापूर्वक नलिएको देखिन्छ ।

वेलायतको अक्सफोर्ड र क्याम्ब्रिज विश्वविद्यालय विश्वका हजारभन्दा वढी विश्वविद्यालयहरूमध्ये पाचौं र सातौं उत्कृष्ट विश्वविद्यालयमा पर्छन् । यी तिनै विश्वविद्यालय हुन्, जहाँवाट मोर्टारवोर्ड ह्याट र कन्भोकेसनका गाउन नेपालका विश्वविद्यालयमा भित्रिएका थिए । सङ्कायवाट उद्धरणको सङ्ख्या, विद्यार्थी र प्राध्यापकको अनुपात र उपलब्ध स्रोतसाधनमा ध्यान पुर्‍याएको कारण आज संसारका अतिप्रतिष्ठित विश्वविद्यालयमा पर्न सफल भएका छन् । यी कुरा सिक्नु छाडेर हाम्रा विश्वविद्यालय मोर्टार वोर्ड ह्याट र गाउनको नक्कलमै रमाइरहेका छन् ।

हाम्रा विश्वविद्यालयले न हाम्रै सभ्यतागत पृष्ठभूमिमा निर्मित तक्षशिला, नालान्द र विक्रमशिलाजस्ता प्रतिष्ठित शैक्षिक संस्थाको उत्तराधिकार लिनसके न एमआईटी, अक्सफोर्ड र क्याम्ब्रिजले जसरी विश्वविद्यालयको धर्म निभाउन सक्षम भए । न हाँसको चाल न वकुल्लाको चाल !



आहार, निहार र विहार

✍ डा. गोविन्दशरण उपाध्याय

विश्वको जुनसुकै प्राणीले बाँच्नका लागि भोजन गर्नैपर्छ । कहाँ, कसरी के खाने ? भन्ने विषय फरक हुनसक्छ तर भोजनको विकल्प छैन । भोजनको अभावको अर्थ जीवनको समाप्ति हो । त्यस्तै निद्रा अर्थात् निहार पनि प्राणिजगतका लागि अत्यावश्यक क्रिया हो । शरीरको क्रियाशीलता राख्न, शरीरलाई पुनर्ताजगी गर्न र पुनः क्रियाशील वनाउन निन्द्राको कुनै विकल्प छैन । निन्द्रा मनोवैज्ञानिक तथा भौतिक आवश्यकता हो । निन्द्राको अभावको अर्थ हो रोग, मानसिक तनाव र मृत्यु । तेस्रो जीवनको सत्य हो विहार अर्थात् कर्म । विहारका धेरै अर्थ छन् - काम, यौन, भ्रमण, रमाइलोपना, क्रियाशीलताआदि । हरेक प्राणिले आफ्नो जैविक अस्तित्वको सुरक्षा गर्न यौनक्रिया गर्छ । पशु, पक्षी, वनस्पति जगत सवैमा यौनक्रिया हुन्छन् । यौनक्रियाका विधि फरक हुनसक्छन् तर अस्तित्वको निरन्तरताका लागि सेक्स चाहिन्छ । वंशको निरन्तरताका लागि क्रियाशीलता नै सेक्स हो भने जीवनको क्रियाशीलताको प्रयत्न नै दैनन्दिनी र विशेष कर्म हुन् । प्रसिद्ध वैदिक आयुर्वेदका प्रवर्तक चरकले जीवनका लागि आहार, निहार र विहारमा सन्तुलनले मानिसको जीवन स्वस्थ्य हुन्छ भन्ने ठोकुवा गरेका छन् ।

वैदिक संस्कृतिको प्रमुख विशेषता भनेकै आहारको (भोजन)को व्यवस्थापन हो । वेदले "आहार शुद्ध छ भने उसको अस्तित्व शुद्ध हुन्छ" भन्ने घोषणा गरेको छ भने गीताको अठारौं अध्यायमा सात्विक, राजसिक र तामसिक भोजन तथा त्यसले शरीर, मन तथा आत्मामा पर्ने प्रभावहरूका विषयमा वडो वैज्ञानिकतवरले वर्णन गरेको छ । छान्दग्योपनिषदमा अन्नलाई व्रहम भनिएको छ भने गीताले भोजनलाई यज्ञ भनेको छ । हामी सवैलाई थाहा छ मान्छेको जीवन भोजनमा आश्रित छ । पर्याप्तमात्रामा भोजन उपलव्ध हुँदा शरीरले आवश्यक उर्जा प्राप्त गर्छ र स्वास्थ्य रहन्छ । स्वस्थ्य शरीर हुँदा मानसिक तथा वौद्धिक क्रियाकलापहरू तीव्र हुन्छन् र मानिसले बौद्धिक क्षमता प्रदर्शन गर्दै विभिन्न विकासका आयामहरू थप्छ, भोजनको अभाव वा न्यूनताले मान्छेको जीवन भोजनप्राप्तिको लागि रुल्मलिन्छ, मानवको सम्पूर्ण ऊर्जा "पेट" भर्नमा केन्द्रित हुन्छ ।

वैदिक संस्कृतिमा भोजनका विविधता छन् । मान्छेले आफ्नो अभिरुचि अनुसार सात्विक, राजसिक वा तामसिक भोजन रोज्न सक्छ । व्राह्मण वृत्ति भएका मान्छेले सात्विक भोजन, लडाकु र व्यापारी वृत्ति भएका मान्छेले राजसिक र अन्यका लागि पापवृत्ति (पाप वृत्ति सवैतहका मान्छेमा व्याप्त हुनसक्छ) भएका मान्छेले तामसिक भोजन रोज्ने प्रष्ट पारिएको छ । सात्विक भोजन आफ्नै प्रयत्नले, न्यायपूर्वक तथा अहिंसक तवरले आर्जित गरिएको हुन्छ भने राजसिक र तामसिक भोजन हिंसा वा अन्यायपूर्वक आर्जित गरिएको हुन्छ । मासु, रक्सी, कुहिएका, सडेका, हिंसा गरेर प्राप्त भएको धन सञ्चालन गरेर प्राप्त भएको भोजन तामसिक हुन्छ । यस्तो भोजनले शरीर, मन तथा वुद्धिमा नकारात्मक प्रभाव पार्छ । राजसिक भोजन पनि मोक्ष प्राप्त गर्न इच्छुक व्यक्तिका लागि राम्रो हुँदैन । त्यसैले सात्विक भोजन नै सर्वोत्तम हुन्छ । सात्विक भोजनले मन शान्त हुन्छ, बुद्धि स्थिर हुन्छ, रोग लाग्ने सम्भावना हुँदैन, सात्विक भोजनले रीस, राग, काम, मोहआदि नकारात्मक चिन्तनहरूमा नियन्त्रण गर्छ । शारीरिक र मानसिक शुद्धतापूर्वक पकाएर तयार पारिएको भोजन पवित्रतापूर्वक देवताहरूलाई अर्पण गरेर भोजन गरिन्छ भने एस्तो भोजनले शारीरिक, मानसिक तथा बौद्धिक स्वास्थ्यलाभ हुन्छ । राजसिक र तामसिक भोजनहरू जिव्रोका लागि स्वादिलो भए पनि शरीर, मन र आत्माका लागि प्रतिकूल हुन्छन् । चरक ऋषिले "जसले सन्तुलित भोजन गर्छ उसले विधिको विधानमासमेत विजय प्राप्त गर्छ" भन्दै सन्तुलित तर सात्विक भोजनका लागि अभिप्रेरित गरेका छन् ।

निहारको अर्थ निद्रा हो । निद्राले मान्छेमात्र होइन प्राणिमात्रलाई पुनर्जीवन (पुनर्ताजगी) दिन्छ । वैदिक ऋषिहरूले विहान चार वजे (व्रह्ममुहूर्त) निद्रावाट जाग्ने र सूर्यास्तवाट १ घन्टापछि निद्रामा जाने व्यवस्था गरेका छन् । आधुनिक निद्रा विज्ञानले मान्छेका लागि ६ देखि ८ घन्टाको निन्द्रा उपयुक्त हुने प्रमाणित गरेको अवस्थामा सूर्यास्तदेखि १ घण्टापछि सुत्नु र विहान ४ वजे उठ्नु निकै विज्ञानसम्मत देखिन्छ । विहानै उठ्ने, चाँडो सुत्ने वैदिक संस्कृतिका प्राकृतिक जीवनशैली हुन् । गहिरो निद्रा सुत्नेहरू निरोगी हुन्छन् । निरोगहरूको जीवन सक्रिय हुन्छ र धर्म, अर्थ तथा मोक्षको साधना गर्न सफल हुन्छन् ।

बिजुली र टेलिभिजनजस्ता दृश्य तथा श्रव्य-सामग्रीहरू प्रसारण गर्ने माध्यमहरूको विकास भएपछि मान्छेको निद्रा प्रणालीमा

ज्यादै नराम्रो असर परेको छ । विहान अवेरसम्म सुत्ने वेलुका अवेरसम्म टेलिभिजन, इन्टरनेटजस्ता मनोरञ्जन वा सूचनाका साधनहरूमा व्यस्त रहेर उचित समयमा नसुत्नेहरूको जनसङ्ख्या अचाक्ली वढेको छ । विश्वभरि नै निद्रा नलाग्ने (अनिद्रा) रोग महामारीझैं फैलिएको छ । मनोरञ्जनका नाममा मान्छेले आफ्नो प्राकृतिक निन्द्राप्रणालीमा नराम्रोसँग हस्तक्षेप गरेको छ । फलत: अनेकौं प्रकारका रोगहरूले शरीर थलिन थालेको छ । विज्ञानको विकासले रोग र औषधि दुवैको अपूर्वरूपमा विस्तार गरेको छ । हामीलाई थाहा छ, अनिद्राले मानसिक अशान्ति, शारीरिक थकाई, असन्तुलित रिस, झर्को, अवसादआदिवाट ग्रसित हुन्छ । एकआपसका सम्वन्धहरू विग्रन्छन् । मान्छेको मन अशान्त, अस्थीर र अवाशादग्रस्त हुँदा विश्व नै अशान्त हुन्छ । त्यसैले महर्षि चरकले उचित समयना सुत्ने र उचित समयमा उठ्ने (निन्द्रालाई नियमन) व्यक्तिले विधिको विधानमा समेत विजय प्राप्त गरेर शतायु प्राप्त गर्छन् भनेर घोषणा गरेका हुन् । आधुनिकताको अन्धविश्वासले ग्रस्त आधुनिक पुस्ताले महर्षि चरकको उपदेशले छोएर स्वस्य जीवन र नछोए रोगी जीवनको विकल्प छैन ।

विहारका धेरै अर्थ छन् । संस्कृत विहार शब्दको अर्थ "रमाइलो घुमघाम" भन्ने हुन्छ भने अन्य अर्थहरूमा वौद्ध सन्यासी वस्ने ठाउँ, काम, यौनक्रियाकलाप तथा भ्रमण भन्ने हुन्छ । निश्चय नै, शारीरिक शक्ति अर्थात् क्षमता सुहाउँदो काम गर्ने, यौनका मामिलामा इन्द्रीयहरूमा नियन्त्रण प्राप्त गर्ने, दैनिक शारीरिक, मानसिक कामलाई मर्यादित तथा सन्तुलित वनाएका मान्छेको शारीरिक तथा मानसिक स्वास्थ्य राम्रो हुन्छ । यहाँ वुझ्नु पर्ने तत्व्य के हो भने चरकले यौनक्रियाको निन्दा गरेका छैनन् तर मर्यादित वनाउने धेरै उपायहरू सुझाएका छन् । शरीरले सक्ने काम गर्ने, आफ्नै पति/पत्नीसँग प्रेमपूर्ण यौनक्रियाकलाप गर्ने, जथाभावी काम र यौनक्रियाकलाप प्रति उदासीन रहने र वैदिक संस्कृतिले धर्म तथा अधर्म भनेर तोकेका धार्मिक-क्रियाकलापमा सहभागी भएर हरेक व्यक्ति स्वस्थ्य रहन सक्छ। चरकले पतिपत्नीवाहेकसँगको यौनक्रियाकलापलाई "पापकर्म" भनेका छन् । पश्चिमाशैलीको स्वतन्त्रताले "यौन" सहज ठान्ने र क्रियाकलापमा संलग्न हुने व्यक्तिहरूको सङ्ख्या अचाक्ली वढेको छ । पारचुके नै नहुने साँस्कृतिक विरासत भएको नेपालमा पनि पारचुकेका रेटहरू वढेका वढ्यै छन् ।

हामी सम्पूर्ण मानिसहरूको जन्म यौनक्रियाकलापवाट नै भएको हो । यौन नितान्त निजी तथा गोपनीय क्रियाकलाप हो तर जति नै गोप्य राखिए पनि यौनको वास्तविकता लुक्ने कुनै सम्भावना नै छैन । त्यसैले मोक्ष प्राप्त गर्न इच्छुक व्यक्तिका लागि यौन होस् वा अन्य "काम" सवै न्यूनमहत्वका हुन्छन् । "व्रह्मचर्य र एकपत्नी/एकपतिका वीचमा मात्रै यौनक्रियाकलाप" भन्ने वैदिक प्रतिमानको निरादर गर्दा नेपाली समाजले निकै क्षति वेहोरी रहेको छ । यौनजीवन मर्यादित वनाऔं, काम गर्ने विधि र समय निश्चित गरौं भन्ने वैदिक संस्कृतिका विश्वासहरूलाई "अन्धविश्वास" भन्नेहरू वौद्धिकतामा फुलो परेका व्यक्तिहरू हुन् । विहार अर्थात् कामकाज, रमाइलो तथा यौन जीवनलाई संयमित वनाए भौतिक जीवन रोगरहित हुन्छ र "शरीर नै समग्र धर्मको मूल हो" भन्ने वैदिक आदेश पूर्ण हुन्छ । भगवान श्रीकृष्णले गीतामा घोषणा गरेझैं स्वेच्छाचारी र अमर्यादित यौनले नर्कका ढोकाहरू खोल्छ । यौनक्रिया सृष्टिमा सवैभन्दा सुगम विषय हो तर आधुनिकताका नाममा यसको वजारीकरण गर्दा अनेकौं मानवीय समस्याहरू उत्पन्न भएका छन् ।

आहार अर्थात् भोजन,निहार अर्थात् निद्रा तथा विहार अर्थात् कामकाज र यौनजीवन अत्यन्त स्वास्थ्यकर हुनुपर्छ । स्वास्थ्यकर तर सात्विक भोजन, नियमित निद्रा तथा शारीरिक, मानसिक शक्ति तथा मर्यादासहितको यौनाचारवाट मानवले "शरद शतम्" आफ्नो पूर्णायु प्राप्त गर्न सक्छ । जथाभावी भोजन, अनियमित निन्द्रा र अमर्यादित यौन तथा अनियमित कामकाजले (कहिले १२ घण्टा कठोर शारीरिक वा मानसिक परिश्रम गर्ने, कहिले सात दिनसम्म कुनै पनि प्रकारको शारीरिक वा मानसिक श्रम नगर्ने) मान्छे रोगी हुन्छ । रोगले निराशा, आत्मविश्वासमा कमी तथा शारीरिक थकाई हुन्छ, अनि, दैनिकीमा नकारात्मक प्रभाव पर्छ अन्ततः जीवनको हानी हुन्छ । त्यसैले वैदिक ऋषिहरूले स्वास्थ्य र सुखी जीवनका लागि भोजन, निन्द्रा तथा कामकाज (यौनाचारसमेत)लाई संयमित वनाउनु पर्ने आदेश दिएका छन् । आदेश पालन गर्नेको जीवन सुखी हुन्छ, आदेशको अवहेलना गर्नेहरूको जीवन मानसिक तथा शारीरिक रूपमा रुग्ण हुन्छ । रुग्ण वाटो छान्ने कि सुखी वाटो छान्ने ? यो पाठकको आफ्नो निर्णयमा भर पर्छ ।

मैले वुझेको सात्विक भोजन गर्नु ऋषितुल्य जीवन हो । समयमा सुत्ने र समयमा उठ्नु पनि ऋषितुल्य जीवनशैली नै हो । त्यसै गरी कामकाजको नियमितता र यौनजीवनमा एकपति/पत्नीसँग जीवनयापन गर्नु ऋषितुल्य जीवननै हो किनभने "एकनारी/नर व्रह्मचारी" भन्ने उखान नै छ । वूढापाकाले "थुतुनु र मुतुनु" जोगाउनुपर्छ भनेकै सात्विक जीवनशैली र स्वस्थ जीवनदर्शनका लागि हो । त्यसैले हरेक मान्छेले आहार, निहार र विहारमा नियमितता र संयम अपनाएर जीवन सुखी वनाउन सक्छौं । आधुनिकताको नाममा धेरैसँग यौनाचार गर्नेहरूको घरगृहस्थी भताभुङ्ग भएको धेरै अनुभव गरिएको र देखिएको छ । निर्णय त आफैंले गर्ने हो ।

प्रश्न :

- मेरो दैनिक भोजनमा केके कुराहरू सामेल छन् र ती कसरी खान्छु ? एउटा तालिका वनाउनुहोस् ।
- म र मेरो परिवार दैनिक रूपमा कति घण्टा र कति वजे सुत्ने र उठ्ने गर्छौं ? निद्रा कस्तो छ ?
- मैले गर्ने काम गर्ने तरिका (पेटर्न) कस्तो छ ? यौनका सवालमा मेरो दृष्टिकोण कस्तो छ ?
- ऋषि चरकका उपरोक्त विचारहरूसँग मेरो सहमति/असहमति के छ ? र किन छ ?

पञ्चतत्वको रक्षाः जीवनको सुरक्षा

✍ प्रा.डा. आनन्दप्रसाद घिमिरे
वाल्मीकि विद्यापीठ

भूमिका

"शुद्ध हावा चलोस्, शुद्ध नदी वगून्, औषधीहरू सुमधुर रसले भरियून्, मधुर रात्री होस्, सुमङ्गल विहानी होस्, पार्थिवतत्व सुमधुर होस्, भूलोक पिता सरी पालक होस्, अनाज फसल, वालीनाली, फलफूल, वनस्पति, जरीवुटीहरू सप्रेका हुन्, फलून् फुलून् पाकून्, सूर्यकिरणले हामीलाई स्वस्थता प्रदान गरून्, दुधालु गाईहरू हुन्, ग्रह नलागोस् (हे प्रभ ! म हजुरलाई पुष्पसार ' मह"चढाउँछु")

वाङ्मयमूर्ति रूप वेदवाणीको यो पञ्चतत्वको विम्वलाई अगाडि सार्दै शरीर, मन र जीवात्माको संयोग स्वरूप आयु अर्थात् जीवन तथा जिउनका लागि स्वास्थ्यको रक्षा एवं पञ्चतत्वयुक्त जडीवुटी व्यवस्थापनवाट रोगीको निदान गरिने आयुर्विज्ञानका विषयमा आफ्नो मौलिक धर्म, संस्कृतिको पहिचान, राष्ट्रिय एवं वैश्विक विकृति (विसङ्गतिलाई केलाउँदै राष्ट्रिय कार्ययोजना कस्तो हुनुपर्छ त ? भन्ने वारेमा समेत क्रमशः चर्चा गर्ने प्रयास यस लेखमा गरिएकोछ ।

१) प्रकृतिपूजन नै पाञ्चायनतत्व

उपर्युक्त वैदिक वाणीका पुकारा अनुसार परमात्माले वर्षाउनाका लागि हामीले कामधेनु प्रजातिका गोवंश प्रसस्त पाल्नुपर्‍यो, वनजङ्गल मास्न भएन, प्रसस्त जरीवुटीका रूखहरू भरिभराउ पार्नुपर्‍यो, वोटविरुवा रोप्नुपर्‍यो, गोमूत्र, गोवर, सेउला नीम, तीतेपाती, उखुका खोसेला मिश्रित मलपानीले धर्ती उर्वरा हुन्छ, स्वतः कीटादिनिवारण हुन्छ, शुद्ध धर्तीले पौष्टिक अनाजवाली नगदेवाली फलफूल जरीवुटी उत्पादन हुन्छ । वनजङ्गल प्रसस्त भई नदीकिनारामा समेत जरीवुटी वृक्षरोपणले प्रसस्त पानीपर्छ, पानी शुद्ध हुन्छ । भूक्षय नियन्त्रण हुन्छ, वायु शुद्ध । धूप धुवाउँदा, यज्ञयागादि गर्दा पर्यावरण वातावरण शुद्ध हुन्छ, ओजोन तह वाक्लिन्छ । आकाश स्वच्छ हुन्छ । वैज्ञानिक उपकरण, उपग्रहादि प्रक्षेपण, अनेकन वैज्ञानिक परीक्षण एवं उत्पादनवाट प्राकृतिक विनाश, जीवन पद्धतिवाट गिरावटजस्ता अनगिन्ती खरावीलाई नियन्त्रण गर्न मद्दत पुग्छ र तेज तत्व शुद्ध हुन्छ । आफ्नो जमिनको एकतिहाई रुखवुटा हुनुपर्छ र एक पीपल, एक नीम, एक वर, दशवटा तित्री, कैथ, वेल र अमला एकएक, पाँचवटा आँप रोप्नेले आफ्नू जीवनमा दुःख देख्नुपर्दैन भनी वृक्षायुर्वेद (अग्निपुराण)मा वताइएकोछ ।

यसरी पृथ्वी, जल, तेज, वायु र आकाश मैत्री हुने वैदिक कृषि पद्धति अँगाल्दा विश्वको कल्याण हुन्छ । यसरी प्रकृतिको संवर्द्धन गर्नु प्रकृतिको पूजा हो, वसन्तादि छ वटै ऋतुहरू पितृ स्वरूप हुन्छन् भनी पितृहरूको पूजा हुन्छ– ॐनमो वः पितरो रसाय नमो वः पितरो शोषाय नमो वः पितरो जीवाय नमो वः आदि । प्राकृतिक पञ्चतत्वले रोगीको मनोवल वढाओस् भनी यन्त्र–मन्त्र–तन्त्रका माध्यमले मनोवल वढाउने उपचार हुन्छ । मनोरोग खुट्ट्याएर असाध्य मानिएको विरामी जरीवुटी र फुकफाकको माध्यमले निदान पाएका हजारौं उदाहरण छन् । पञ्चतत्वको अपार कल्याणकारी परोपकारप्रति कृतज्ञ हुँदै प्रकृतिमुखी कार्य नगरी देवतासँग पुकारा गर्ने ल्यागत वन्दैन । 'देवता भएर देवताको उपासना गर' (देवोभूत्वा देवान्यजेत) यो वेदवाणी हो ।

देववाणी, वेदवाणी, ऋषिवाणी, पितृवाणी वा कुलकुलायन वुझ्ने,पुज्ने,जान्ने र प्रकृति र ऋतुचर्या वुझ्केै आयुर्विज्ञ जातजातिको थलो हो यो भूमि ।

शैवभूमि नेपाल जहाँ शिवजी अम्वा, अम्विकाका साथ, महाकाली, वीरभद्र, भूत, प्रेत, पिशाचआदि वायुस्थानीय अनुचरका साथ विराजमान हुनुहुन्छ । देवराज इन्द्रका सापत्नभ्राता मरुद्गणहरू हुन् । ती वाय्वात्मक ४९ थरी (एकवाट सात र सात वाट ४९ भएका हुन् । मा रुद! मा रुद ! वाट मारुत अनि मस्तक मस्तक को अपभ्रंश मष्टक मष्टक हुँदै "मष्टो' भएको हो । स्वस्थानीको दक्ष यज्ञ विद्धवंश वुझ्न सकिन्छ । मष्टो वायु हुन् र हाम्रो सास फेराई त्यही हो । त्यो शक्तिप्रधान भएकाले देवीस्थानीय हो । नारायण (विष्णु) जलस्थानीय हुन् । सूर्य र धर्तीको साहचर्यले सृष्टि हुन्छ । ती व्रह्मा वा प्रजापतिस्थानीय हुन् । भगवान् आशुतोष जो परमकल्याणमय शिव स्वरूप हुनुहुन्छ, वहाँको असहनीय तेस्रो आँखाले विविध लयको सृजना गर्दा रुद्र वा यमस्वरूप अग्नि पनि वहाँ नै हो । यसरी पञ्चतत्वको विनिर्माण परव्रह्मको महदहङ्कारवाट भएकोछ ।

२) मौलिक धर्म र कर्तव्य कर्म

माता भूमिः पुत्रोऽहं पृथिव्याः, द्यौर्मे पिता जनिता जनिता, वायुर्वै क्षेपिष्ठा देवता, प्रभुर्वायुः, अग्निर्वै देवानां मुखम्, आपो नारायणोद्भूता, सूर्य ऽ आत्मा जगतस्तस्थुषश्च आदि वैदिक वाक्यले पहिचान गराएको ' यत्पिण्डे तत् व्रह्माण्डे' को वोधपूर्वक

कर्तव्यकर्म गर्नु धर्म हो । धर्मको द्योतकत्व सार्वभौमत्व हो, सार्वकालिकत्व हो अनि अद्वितीयत्व पनि हो । सम्पूर्ण ब्रह्माण्डका चराचर जगत्भित्र अटाएका पृथ्वी, जल, तेज, वायु एवं आकाशको पञ्चमहाभौतिक तत्वलाई निरवच्छिन्न वगिरहेको धाराझैं विश्वकल्याणका लागि अनन्तकालसम्म प्राणी, वनस्पति तथा लोकालोकलाई चलाइरहने अखिलब्रह्माण्डका नायक परव्रह्मको सत्ता धर्म हो । (Truth or law that affects the whole universe.) विश्वको कल्याण चाहनेका प्रकृतिमैत्री पाइला चाल्नु प्रथम धर्म हो भनिएकोछ । "तानि धर्माणि प्रथमान्यासन्' (महाभारत शान्तिपर्व हेरौं)

दर्शञ्च पौर्णमासञ्च अग्निहोत्रञ्च धीमतः।
चातुर्मास्यानि चैवासन् तेषु धर्मः सनातनः॥

'यत्र विश्वं भवत्येकनीडम्' 'कृण्वन्तो विश्वमार्यम्' आदि सभ्यता वोकेको वेदवाक्यले धर्मको धारकता सिद्ध हुन्छ । पञ्चमहाभूतलाई मान्ने, पितृलाई मान्ने, कुलपरम्परालाई मान्ने, वायुमष्टोलाई मान्ने, पाञ्चायनपूजक, प्रकृतिका पूजक, ओडारमा वस्नेदेखि दरवारमा वस्नेसम्मका ॐकारपरिवारका सवै सनातनधर्मका धारक हुन् । विभिन्न जातजाति, जनजाति, नापनक्साजस्तो भएपनि, शिख, बौद्ध, खस, तामाङ, राई, लिम्बू, गुरुङ, मगर, नेवार , मैथिली, अवधी, थारूआदिका जति पनि भेद उपभेद छन् ती सबै प्रणवाक्षर ॐ वेदको मूल अक्षरभित्रै छन् । प्रागैतिहासदेखिको मिलीजुली वसेको रैथाने फूलवारीका मालिकहरूको सभ्यता पनि हो यो । यो धर्मचक्रको प्रवर्तन कुनै मानिसद्वारा होइन परव्रह्म परमात्मावाट हुन्छ ।

वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः।
वेदो नारायणः साक्षात् स्वयम्भूरिति सुश्रुम॥
धर्मं तु साक्षाद्भगवत्प्रणीतं न वै विदुर्ऋषयो नापि देवाः।
न सिद्धमुख्या असुराः मनुष्याः कुतश्च विद्याधरचारणादयः॥

३) सम्प्रदाय एवं साम्प्रदायिक विसङ्गतिहरू

सम्प्रदाय शव्द गुरूपरम्परागत वा शिष्ट परम्परागत उपदेशको वाचक हो । कुनै विशेष गुणगौरवशाली आचार्यद्वारा देशकाल अनुसार कुनै देशमा सदुपदेश गरिएको कुरा साम्प्रदायिक हुन्छ, त्यसले सार्वभौमिकत्व, सार्वकालिकत्व र अद्वितीयत्व ग्रहण गर्न सक्दैन । हर सम्प्रदायमा सनातनधर्मका आङ्गिक कुराहरू समाविष्ट हुन्छन् पनि । सिद्धान्ततः भ्रातृभाव, निष्ठापूर्वक लोकधर्मको आचरण, परस्परमा मैत्रीभाव, प्राणीहरूमा प्रेमपूर्वक सेवाजस्ता कुराहरू छन् भन्ने पाइन्छन् । विश्वभर जन्मिएका विभिन्न साधुसन्त, युगपुरुषहरूद्वारा राष्ट्रमा क्षेत्रविशेषमा, भूगोलविशेषमा विभिन्न सम्प्रदायहरू चलिरहेका हुन्छन् र समुदायको कल्याणकारी पक्ष समेटिँदा आपाततः त्यसमा लोकधर्मको छनक पनि मिल्छ । सनातनधर्मका एकदेशीय उपदेश पनि मिल्छ तर पूर्णता हुँदैन । देशविशिष्ट वा कालविशिष्ट अवस्थाका स्थानीय साधु किम्वा सन्तका प्रवचनलाई जीवनमा पच्छ्याउनु 'राजनैतिक वाद' जस्तो सम्प्रदाय हो जसलाई 'रिलिजन' शव्द प्रयोग भएकोछ । (One of the systems of faith that are based on the belief in the existence of a particular god or gods)

लोकव्यवहारमा सहज पारिएका साम्प्रदायिक गुणधर्मले सनातन मौलिक धर्मलाई (तदधिष्ठित प्रकृतिधर्मलाई) आत्मसात गर्नुपर्नेमा अर्थात् वैश्विक रूपमा भाइचारा, परस्परमा मैत्रीभाव, प्राणीहरूमा परस्पर प्रेमपूर्वक सेवा, प्राणी एवं वनस्पतिको साहचर्यको जगेर्ना र अभिवृद्धिको साटो वैश्विक रूपमा फाटो, सौतने व्यवहार, परस्परमा दुश्मनी, प्राणीहरूमा जीवनचक्र विथोल्ने गरी निर्मम प्रहार, प्राणी एवं वनस्पतिको साहचर्यात्मक जीवनचक्रप्रति उदासीनताको कारण विश्व समृद्धिको वाटोमा नचढी अधः पतनको वाटोमा ओर्लिरहेकोछ ।

जति सम्प्रदाय वढ्दै गयो त्यति खुम्चिँदै सागुरिँदै जाने हुँदा अस्तित्वको लडाईंमा सधैं पछाडि र ठूला माछाले साना माछालाई खाइरहने एवं कमजोरहरू किङ्कर्तव्यविमूढ भएर अश्रुपातन गरिरहने स्थिति परिरहेको छ । यो अवस्था हिजो जति थियो, आज त्यसको दोव्वर छ । नजर अन्दाज गरिरहने हो भने भोलिको दिन आदर्शमय मानवीय मूल्य लिएर वाँच्नु भनेकै कहाली लाग्दो हुनेछ ।

आत्मनिर्णय र स्वतन्त्रताको नाममा सम्प्रदाय र सांस्कृतिक गुटवन्दीमा विभक्त गराई सार्वभौमिक अखण्डता टुक्र्याई मिलापत्रको नाममा घुसी भीखमङ्गा वनाई विश्वभरका शरणार्थीको 'गडफादर' वनी नयाँ हिटलरको साम्राज्य कायम गर्न औँलामा गनिने राष्ट्रहरू भेडियाधसानमा छन् । यस अर्थमा पञ्चतत्वको रक्षा नै आफ्नो स्वास्थ्यको रक्षा वुझिरहँदा आफ्नो सार्वभौमिक राष्ट्रको अविचलित एकतापूर्ण अखण्डताको रक्षा पनि वुझ्नुपर्दछ ।

'रिलिजन' मा अभ्यस्त समुदायहरूको राजनीतिपरस्त क्रियाकलापले प्राकृतिक शत्रुता एवं विश्वलाई तहसनहस पारेकोछ । उदाहरण लिऊँ: श्वेत/अश्वेत, शिया/सुन्नी, धर्म अफीम हो भनेर राजनैतिक अफीम चलाइरहेकाहरूआदि । एकलकाँटे भौतिक उन्नति, प्रगति, वैज्ञानिक प्रविधि, उद्योगीकरण, सूचना एवं सञ्चारले विश्वलाई समृद्धिमा पुऱ्याएको हाँक दिनेहरूका अगाडि प्रश्न छ :

उनीहरूले नै जन्माएका युद्धका विभीषिकाहरू, शस्त्रास्त्र वमगोलावारूदहरूले, क्षेप्यास्त्र, विषाक्त आणविक हतियारको उत्पादन एवं प्रयोगको उन्मादताले, रोगव्याधि फैलाउने र रोगप्रतिरोधी द्रव्य फैलाउनेको रासायनिक हानाथापले वर्तमानसम्म करोडौंकरोड नरसंहार भएकोछ, प्राकृतिक अस्तित्व गुमाइएको छ र गाँस, वास तथा कपासका सट्टा वम विस्फोट गराई विश्वको जनसङ्ख्या ध्वस्त पारिएकोछ । शिकारीहरूले सिकार खेल्ने खेलाझैं एक थरीले सत्तापक्षका लागि अर्काथरीले विपक्षीका लागि सिकार खेलिरहेका छन् एवं यिनीहरूले नै विश्वलाई गाँजिरहेका छन् । के यही हो विश्वको समृद्धि, स्थिरता र कल्याण ?

उनीहरू संसारको कल्याण होस्, विश्व समृद्ध होस् सोच्दैनन् । सोच्तछन् त ईशाईको कल्याण होस्, विश्वमा फैलियोस् । मुसलमानको कल्याण होस्, विश्व नै मुस्लिम राष्ट्र बनोस् । विश्ववाट कम्युनिष्टविरोधी सिद्धियून् । कम्युनिष्टको आधिपत्य रहोस् । उपर्युक्त 'रिलिजन र कम्यूनिजम' लागू गर्न करोडौं करोडको रक्तरञ्जित नरसंहारको इतिहास जो छ (अरू प्राकृतिक पर्यावरण र जीवनचक्रमाथिको हातापाइको के कुरा !

अहिलेको विश्वमानव प्रकृतिघाती वनेको छ । उद्भिज, जरायुज,अण्डज र स्वेदज प्रकृतिका जलचर, नभचर, स्थलचर अन्य प्राणीहरूको दोहोलो काड्ने, रूखविरुवा मास्ने, परव्रह्मसत्ता, ऋषिमुनिहरू एवं पितापुर्खालाई सराप्ने कृतघ्न वनेको छ र दुष्कर्मको चपेटामा परेको छ । कामधेनु स्वरूप पञ्चतत्वात्मक प्रकृतिमाथि ज्यादती गर्ने विवेकहीन नराधमहरूका कारण वेलावखतमा प्रकृतिले विश्वविनाशलीला देखाइरहेको छ, विश्वका आममानव त्रसित छन् । एउटाले विगाऱ्यो शाखा पिरायो भनेजस्तै आममानिस मुख देखाउन लायक रहेका छैनन् । ससंप्रति कोरोनाको कारण गरिवी, वेरोजगारी, भोक, शोकले आहत जनताले मलमपट्टी त पाएनन् नै, तिनै जनताको नाम भजाएर जनतालाई पुस्तौं पुस्तासम्मको ऋण वोकाएर दातृराष्ट्र वा सङ्घसमूह, संस्थासँग मागेका भीखहरूले सत्तासीनहरू तर मारिरहेका छन् । कमाऊ अनि खाऊको प्रकृतिलाई उछिनेर विवेकशील मानवले कमाऊ अनि वाँडेर खाऊको– 'सा प्रथमा संस्कृतिर्विश्ववारा 'संस्कृतिवाट विश्वले समृद्धिको फड्को मार्नु पर्नेमा हरेक तिगडम गरी प्रकृतिलाई लुट !, प्रकृतिमा आवद्ध जीवनचक्रलाई लुट! साम, दान, दण्ड र भेदको राजनीतिक छायाँभित्र ठूलो माछाले सानो माछालाई खाएझैँ सर्वसाधारणलाई लुटी खाऊको– कपूतन्त्रको विकृतिले छियाछिया परेकोछ विश्व ।

४) जीवनको रूपान्तरण : स्थूलसूक्ष्म शरीर चिकित्सा

Health ले स्वास्थ्यको यथार्थ अभिव्यक्ति हुँदैन किनभने 'सवै ठीक छ केही देखिँदैन' एलोपेथीले भन्छ । आयुर्वेदको सिद्धान्त अनुसार आधि, व्याधि र उपाधि निर्मूल हुनुपर्छ । physical body शरीर, senses इन्द्रिय, उकथअजभ सत्व एवं कयगर्ि आत्मा यी चार कुराको संयोगलाई जीवन अर्थात् आयु भनिन्छ । मनको असन्तुलन, कफवातपित्तात्मक शारीरिक दोष र भावनात्मक रोग साम्य हुनुपर्छ ।

विनाऽपि भेषजं व्याधिः पथ्यादेव निवर्तते । न तु पथ्यविहीनोऽयं भेषजानां शतैरपि ॥ शरीराज्जायते व्याधिर्मानसो नैव संशयः । मानसाज्जायते व्याधिः शारीरो नैव संशयः ॥ समदोषः समाग्निश्च समधातुमलक्रियः । प्रसन्नात्मेन्द्रियमनः स्वस्थ इत्यभिधीयते ॥

साँझ विहानको दैनिकी कम्तीमा एकघण्टा योग, प्राणायाम र ध्यानले जीवन रूपान्तरण हुन्छ । सवल मानसिकताले शारीरिक व्याधि लाग्न दिँदैन र लागिहाले पनि रोगव्याधिलाई निस्तेज वनाउँछ । त्यसका लागि योग्य प्रशिक्षकको माध्यमले योग, प्राणायाम र ध्यानमा दैनन्दिन लाग्नु श्रेयस्कर हुन्छ । विद ज्ञाने, विद विचारणे, विद् लाभे, विद सत्तायामाआदि अनेकानेक धातुवाट ज्ञानराशिको महासागर वेद जीवनको उत्पत्ति एवं स्थिति सम्वद्ध लाभ, सत्ता, विचार र ज्ञानको अजस्र श्रोतपुञ्ज हो । त्यस परमात्माको निश्वास रूपमा सर्वतोमुखी कर्मसात् भएका ब्रह्मविष्णुमहेश्वरादिको तपस्याको विषय त अथाह छ तर शरीरको सम्वन्ध श्वासप्रश्वासँग, श्वासप्रश्वाससको सम्वन्ध मनसँग, मनको सम्वन्ध विचार तथा भावनासँग, विचार र भावको सम्वन्ध आत्मासँग अनि आत्माको सम्वन्ध परमात्मासँग गाँस्नुपर्छ । यस किसिमको ध्यानवाट परमात्माको सम्वन्ध सवै प्राणीसँग रहेको ज्ञानप्राप्त हुन्छ । यसर्थ ध्यानविना गरेको हरेक भौतिक क्रियाकलाप अपूरो हुन्छ । हाम्रो अन्तिम लक्ष्य भनेकै परव्रह्म परमात्मासँग एकाकार हो, योग हो, मिलन हो ।

तीव्र रागवाट वात, द्वेष, ईर्ष्या, क्रोधवाट पित्त, लोभ वा मोहवाट कफ व्याधिको उदय हुन्छ तर त्रिदोषवाट रोगोत्पत्ति हुने मात्र होइन, मनोविकृति सवै रोगको कारण हो भनी मानसायुर्वेदले वताउँछ । हेरौं

अतश्चित्तमशुद्धं हि तीव्रं चेद् दोषतामियात् ।
रागादिदूषितं चित्तं गदजालं तनोति हि ॥

महर्षि पतञ्जलिप्रणीत यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिका अष्टाङ्गयोगको सम्प्रयोगले उपऱ्युक्त शारीरिक त्रिदोष र मनोविकृति समाधान हुन्छ । ऋतु अनुसार हितकर खाना, सन्तुलित खाना, सच्चाईको कमाइद्वारा खाना अर्थात् हितभुक्, मितभुक् र ऋतभुक्को उपभोगी हुनुपर्छ । दीर्घायुका लागि व्यायाम र परिश्रमको जरूरी हुन्छ । हाम्रा रगतमा क्यान्सर कोशिकाहरू वन्दै विग्रँदै गर्छन् र रोगोत्पत्तिको स्थान खोज्छन् । व्यायामले सुरक्षा प्रणाली सक्रिय वनाएर क्यान्सर कोशिकालाई नियन्त्रण गर्छ एवं सर्दी ,गर्मी र प्रतिकूल वातावरणवाट पनि रक्षा गर्छ । आयुर्वेदमा मनका प्रतिकूल परिस्थितिलाई छिटै वुढ्याइँ ल्याउने कारण मान्दछ र मानसिक तनावले नै उच्च रक्तचाप, हृदयरोग, टाउको दुःखाई, सन्धिशूल, उदररोग, वेचैनीजस्ता धेरै रोगलाई जन्माउँछ । क्रोध र तनावमा एड्रीनल ग्रन्थिवाट एड्रीनलीन र हर्मोनग्लुको कार्डिकोइड्स को प्रस्रवण हुन्छ जसवाट स्मरणशक्तिलाई दुर्वल वनाउँछ र वुढ्याइँ छिटोछिटो आउँछ । शाकाहारको सेवन, सात्विक विचारका ग्रन्थहरूको अध्ययन, भगवच्चिन्तन एवं ध्यानले मनुष्य तनावमुक्त हुन्छ । डाक्टर वालेस भन्छन्, भावातीत ध्यानवाट आठ घण्टामा पाइने विश्राम २० मिनेटमा प्राप्त हुन्छ । ध्यानले हृदयको गति र मानसिक तनावलाई कम गर्छ । डाक्टर जोविङ भन्छन्, योगसाधनावाट प्लाज्मा कार्डिसोल र प्लाज्मा प्रोलेक्टिनको मात्रा घटाइन्छ र तनावमुक्त एवं विनोदपूर्ण जीवनले वुढ्याइँ जवानीमा परिणत हुन्छ ।

सुषुम्णा नाडीमा विद्यमान मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध, आज्ञाचक्रको षड्विन्दु सहस्रारचक्रमा पुग्छन् । ध्यानयोगमा यिनीहरूको जानकारी महत्वपूर्ण छ । मेरुदण्डभित्रको व्रह्माण्ड (principal nerve belonging to spinal cord) लाई चक्र वा उभिहगक भनिन्छ । मेरुदण्डभित्रको व्रह्मनाडीमा श्वास वा वायुको छ ठाउँमा स्पन्दी वा नाडीपुन्ज पर्ने हुंदा यिनै छ स्पन्दी छ प्रकारका कमलरूप कल्पना हुन्छन् । यी छ चक्रहरूमध्ये जुन चक्र शरीरको जुनजुन अवयवको अगाडि मेरुदण्डभित्र रहन्छ,त्यस अवयवकै नामले त्यस चक्रको नामकरण गरिन्छ ।

रोगको कारण

अत्यम्वुपानाद्विषमाशनाच्च सन्धारणान्मूत्रपुरीषयोश्च ।
दिवाशयाज्जागरणाच्च रात्रौ षड्भिः प्रकारैः प्रभवन्ति रोगाः॥

अर्थात् अत्यन्त धेरै पानी पिउनु, असन्तुलित, ऋतुचर्यालाई वेवास्ता र विषमद्रव्यका साथ भोजन गर्नु, मलमूत्रलाई लामो समय रोक्नु, दिउँसो सुत्नु र राती जागा हुनु (नियमित पेशावाहेक) यस्ता गलत अभ्यासले एक होइन अनेकानेक रोग लाग्छन् । कल्याण आरोग्य (पृ.२१४–२१५) श्रीदीनानाथजी झुनझुनवालाको लेख अनुसार विश्वस्वास्थ्य सँगठनले भनेको छ कि आगामी २० वर्षमा एलोपैथिकको एन्टीवायोटिक दवाईले मान्छेको शरीरमा काम गर्न छोड्छ, मतलव शरीर एन्टीवायोटिकका प्रति इम्यून हुन्छ।यसको एकमात्र उपाय छ जडीवुटीलाई अधिकाधिक उपयोगमा ल्याउनु । विश्वको झुकाव जडीवुटी उपयोगमा वढेकोछ । विश्वका सारा आँखा हाम्रा देशका जडीवुटीमा लागेको छ ।

'नास्तिक्यवुद्धिं जह्याद्विचिकित्सां च' आयुर्वेदले भन्छ(नास्तिकता त्याग र शङ्का नगर । शरीर, मन र आत्माको संयोजन नै जीवन हो र आयुर्वेद नै जीवन विज्ञान हो । संसारमा प्रचलित केवल पाञ्चभौतिक स्थूल शरीरलाई भौतिक स्थूलयन्त्रवाट परीक्षा गरेर त्यसको विकारलाई दवाई या यन्त्रको सहायताले हटाउने चेष्टा अधूरो हो । आयुर्वेदका विश्वप्रसिद्ध व्यक्तित्व चरक र सुश्रुत हुन् । चरकले भनेका छन्

सत्वमात्मा शरीरञ्च त्रयमेतत् त्रिदण्डवत्।
लोकस्तिष्ठति संयोगात्तत्र सर्वं प्रतिष्ठितम्॥
च.सू.१र१८

अर्थात् शरीर, मन र जीवात्माको संयोग आयु अर्थात् जीवन हो । शरीरधारीमा वात, पित्त र कफ अविकृत रहेकोमा मिथ्या आहारविहारले शरीरको नाश हुन्छ भने रजोगुण र तमोगुणका कारण मन विकृत भई रुग्ण हुन्छ । तसर्थ शारीरिक र मानसिक दोषको अवस्था हटाउनु आरोग्य या सुखप्राप्त गर्नु हो । सवै प्राणीको प्रवृत्ति सुखार्थी हुन्छ तर धर्मपरायणले मात्र सुख पाउने हुन्छ । सदाचारको परिपालनले आगन्तुक रोग आउन सक्दैनन् । महामारी एवं युद्धवाट हुने नरसंहार देश, काल, जल, वायुप्रदूषणको कारणले हो । परमात्मा, पूर्वज ऋषिमुनिहरू एवं सिद्धपुरुषहरूको तिरस्कारले हो, उनीहरूवाट प्रशस्त राजमार्गमा नहिँड्नाले समूल जनता नष्ट हुन जान्छन् ।

वालुवा, माटो, हरियो दुवोआदि भएको जमिनमा विहानवेलुकाको भ्रमणले अनेकरोगसँग लड्ने क्षमता प्राप्त हुन्छ।

आगोमा सेक्ने, ताप्ने गर्दा र अग्नि स्वरूपको मूर्तिले विधिपूर्वक होम गरेको हव्यसामग्री ग्रहण गर्दछ र समस्तप्रकारको रोगहरूलाई आफ्नो प्रभावले नष्ट गर्दछ, प्राणीको मन्दाग्नि आदि नाशेर शरीरलाई आरोग्यता प्रदान गर्दछ ।

रोगका प्रकार अनुसार तातोपानी या चीसोपानीले सेक्ने, वाफले नुहाउने, वाफ लिने आदि पानीका उपचार हुन् । अपचमा पानीले औषधिको काम गर्छ भने भोजन पचेपछिको पानी पियाइले शरीरमा वल वढ्छ । "अजीर्णे भेषजं वारि जीर्णे वारि वलप्रदम् ।'

साँझविहान स्वच्छ हावामा डुल्दा र प्राणायाम (प्रशिक्षकका माध्यमले अनुलोमविलोम, उज्जायी, भस्त्रिका, कपालभाति आदि) गर्दा असाध्य रोगहरूसमेत निर्मूल हुन्छन् । "दवाले काम नगरे हावाले काम गर्छ' भन्ने उक्ति अनुसार हावापानी वदल्न अस्थायी वा स्थायी रूपमा स्थानपरिवर्तन गरी उपचार सिद्ध हुन्छ ।

सन्ध्योपासना, हवन, घाममा लेटी औषधि तेलले मालिस गर्ने सूर्यकिरणचिकित्सा विश्वव्यापी रूपमा प्रयोगसिद्ध छ । "सूर्यः कृणोतु भेषजम् (अथर्ववेद)'

उपवास वस्ने, जल फल, हल्का कन्दमूल, शाकादि सेवनले आकाशीय उपचार हुन्छ जसवाट शरीर र मन शोधन भई आरोग्यता प्राप्त हुन्छ ।

सुश्रुतका अनुसार स्वयम्भूद्वारा आठभागमा विभाजित आयुर्वेदशास्त्र शाश्वत, पुण्य दिने, स्वर्ग (सुख) प्राप्त गराउने, कीर्ति वढाउने, आयु प्रदान गर्ने र वृत्ति प्रदायक छ । शल्यचिकित्सा, नाक/मुख/शिर/घाँटी अवयवको शालाक्यचिकित्सा, रोगवाट जोगाउने औषधि/अगदतन्त्र, काय (शरीर) चिकित्सा, ग्रहविद्या/वायु/भूत/पिशाच (अतृप्त आत्मा एवं पञ्चमहाभूत शान्त्यर्थ गरिने मानसिक उपचार भूतविद्याचिकित्सा,वालवालिकाको उपचार) कौमारभृत्यचिकित्सा, प्रौढतर अवस्थाका अङ्गशैथिल्यलाई तन्दुरुस्त राख्ने रसायनतन्त्र चिकित्सा तथा वुढ्यौलीमा प्रजननशैथिल्यता निवारण गर्ने वाजीकरणतन्त्रसमेत आयुर्वेदका आठभागमा विभाजित उपचार पद्धति हुन् ।

उपर्युक्त आयुर्वैदिक उपचारपद्धतिको विकाश र विस्तारका लागि सम्पूर्ण नेपाली जनताको हितमा जनस्तरमा लागू गर्नैपर्ने कार्यक्रमहरू :–

१) नेपाली भूभागभित्र रहेका वनपैदावार, तालतलैया, खानी, जरीवुटी एवं सौन्दर्यप्रसाधनका अमूल्य वस्तुहरूको सुरक्षार्थ सेनालाई सहयोग गर्न जनचेतना जगाउने ।

२) सरकारी कर्मचारी खासगरी एनजिओ, आइएनजिओसँग सँवद्ध जो छन्, आँखा छलेर विदेशी वा पशिचमा मुलुकको हितमा अमूल्य प्राकृतिक श्रोत चोरीनिकासी गराउन सक्छन् ।

३) सरकारी कर्मचारी सरकारको हुकुमतमा चल्छन्, सरकारका रहेका कतिपय व्यक्तिहरू खुद विदेशी एवं पश्चिमा मुलुकको हितमा वन्यजन्तु,वनस्पति,पैदावारलाई कौडीको भाउमा वेच्नमा संलग्न छन् । बेलाबखतमा कार्यवाही भोगेका पनि छन् । ती वर्गवाहेक नेपालको अस्तित्व ताकाका सम्पूर्ण जरोकिलो नेपालमा भएका नेपालीहरूको सहभागितामा पूरै क्षेत्रलाई समेट्ने गरी कम्तीमा प्रत्येक क्षेत्रमा वनपैदावार,वनस्पतिको उत्पादन, सुरक्षा र विकासका लागि जनस्तरमा आयुर्वेदिक जरीवुटी प्रवर्द्धन क्षेत्र तयार गर्ने ।

४) हिमाली जरीवुटीका लागि सेर्पा, तामाङ, लामा, गुरुङ, राई, लिम्बूलगायत वौद्ध, तिवेतीयन उपचारविधि, उनीहरूले अपनाएको मानसिक उपचार विधिलाई आयुर्वेदिक उपचार विधिपद्धतिसँग समायोजन गर्ने ।

५) जीवन पद्धति अनिवार्य रूपमा श्रम र शिल्पयोगमा जोड्ने । यसको मतलव हो(वर्गीय व्यावशायिक विशिष्ट पहिचानको पारम्परिक व्यवस्थाको जग भनेको सवैका लागि सबैले गर्नुपर्ने जीवनका समस्याको समाधान हो । अतः आलस्यलाई जित्नु, अभावलाई जित्नु, अव्यवस्थालाई जित्नु र अज्ञानलाई जित्नु प्रत्येकको कर्तव्य हुनुपर्छ ।

अतः "सङ्घे शक्ति कलौयुगे" को तात्विक निष्कर्ष सवै मिलीजुली भोट खसालौं र अमुक व्यक्ति वा संस्थालाई माथि पुऱ्याऔं एवं भने अह्राएको आदेश पालना गरौं होइन, मिलीजुली जीवन र जगत्लाई बुझौं, प्रकृतिमैत्री वनौं, प्राणी एवं वनस्पतिको निरन्तर चलिरहेको चक्रलाई चम्किलो वनाऔं र समृद्ध वनौं ।

ओ३म् विश्वानि देवसवितर्दुरितानि परासुवायद्भद्रं तन्न ऽ आसुव॥ॐ।

सन्दर्भ सामग्री :

१ (महीधरभाष्यम् शु. यजुः संहिता, सम्पा. जगदीशलालशास्त्री,मोतीलाल वनारसीदास : वाराणसी(सन् १९७१)

२ (कल्याण (आरोग्य अङ्क) जनवरीफरवरी , गीताप्रेस : गोरखपुर (सन् २००१)

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण
नेपालीहरुमा शान्ति, समृद्धि र सुस्वास्थ्यको
हार्दिक मङ्गलमय शुभकामना ।

मदन ताम्राकार
९८४१४७७६३७
क्याफे जोन
पाण्डुबजार, सुर्यविनायक, भक्तपुर

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण
नेपालीहरुमा शान्ति, समृद्धि र सुस्वास्थ्यको
हार्दिक मङ्गलमय शुभकामना ।

रकेट अनलाइन सपिङ्ग
९८५१२३९२२८, ९८४३८०८६०१
फेसबुक : OnelineShopRocket
कुनै पनि सामानको अनलाइन खरिदको लागि सम्झनु होला ।

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण
नेपालीहरुमा शान्ति, समृद्धि र सुस्वास्थ्यको
हार्दिक मङ्गलमय शुभकामना ।

दुगंसली नेवा सुलिं
फोन : ०१-६६१६८३५
फेसबुक : dugansali
मौलिक नेवारी परिकारका साथ पारिवारिक कार्यक्रमको लागि पाल्नुहोला ।

खाना पकाउने इन्धनका विविध आयाम

✍ रविन गाईजू

खाना त हामी सबै नै पकाएर खान्छौं । खाना पकाउन हामी विभिन्न प्रकारका चुलो तथा इन्धन प्रयोग गर्छौं । गाँऊघरमा हामी माटोको चुलोमा दाउरा, पराल, छ्वाली प्रयोग गरेर खाना पकाउछौं भने सहर बजारतिर एल.पी.जी, विजुली आदि प्रयोग गर्छौं । कतै कतै कोइला, गोल, तथा वायोग्यास प्रयोग गर्ने गरेको पाइन्छ । आ आफ्नो ठाँउमा तिनको उपलब्धता अनुसार तथा प्रयोगकर्ताको अनुकुलता अनुसार हामीले इन्धनहरू प्रयोग गरिरहेका हुन्छौं । हामीले प्रयोग गर्ने यी इन्धनहरूको आ-आफ्ना विशेषता, फाइदा तथा बेफाइदाहरू छन् । आज हामी नेपालमा खाना पकाउन प्रयोग हुने इन्धनहरूलाई विभिन्न कोणवाट चर्चा गर्ने कोशिश गर्नेछौं । हाम्रोजस्तो संस्कृतिको धनि सभ्यतामा, समय, क्षेत्र भूगोल अनुसारको चाडपर्व तथा मौसमको विविधता रहेको छ । सो अनुसार हाम्रो खाद्यान्न तथा खाद्य परिकारमा पनि विविधता रहेको पाइन्छ । यिनका लागि हामी विभिन्न प्रकारका चुलो तथा इन्धनको प्रयोग गरिरहेका हुन्छौं । र त्यसमध्ये कुनै एकलाई मुख्य इन्धनको रूपमा प्रयोग गरिरहेका हुन्छौं ।

केन्द्रीय तथ्याङ्क विभागको २०१७ को तथ्याङ्क अनुसार नेपालमा घरमा खाना पकाउने मुख्य इन्धनको रूपमा सवभन्दा वढी दाउराको प्रयोग हुने गरेको छ ।

तालिका : १ खाना पकाउने मुख्य इन्धन

क्षेत्र	दाउरा	गोवर गुइँठा	कृषि अवशेष	एलपीजी	बायोग्यास	अन्य
सहरी	३५.४	४.६	१.७	५४.१	३.८	०.४
ग्रामीण	६५.८	११.७	३.४	१६.५	२.५	०.२
समग्र नेपाल	५२.४	८.५	२.७	३३.१	३.१	०.३

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग/ वार्षिक घरधुरी सर्वेक्षण २०१६/१७ (CBS, 2017)

यस अनुसार खाना पकाउने प्रयोजनका लागि ग्रामिण क्षेत्रमा दाउरा तथा सहरी क्षेत्रमा एलपीजी मुख्य इन्धनको रूपमा प्रयोग हुने देखिन्छ । २०११ को जनगणनाको तथ्याङ्क अनुसार पनि दाउरा ६४ % घरधुरीले प्रयोग गर्थे जसमा ग्रमिण क्षेत्रमा ७३.१३ % रहेको छ । त्यस्तै एलपीजीको समग्रमा २१.०३ % तथा सहरी क्षेत्रमा ६७.६८ % घरधुरीले प्रयोग गरेको तथ्याङ्क रहेको छ । २०११ र २०१७ को तथ्याङ्क अनुसार दाउरा प्रयोग गर्ने घरधुरी घट्दो क्रममा रहेको देखिन्छ भने एलपीजी प्रयोग गर्ने घरधुरी वढ्दो क्रममा रहेको देखिन्छ । एलपीजी को वार्षिक आयात वार्षिक दुई अङ्कको वृद्धि भएको देखिन्छ । २०७२।७३ साल तथा २०७६।७७ साल भने अपवाद रहे ।



श्रोत : नेपाल आयल निगम (Import And Sales (noc.org.np)) २०७७ माघ ७

कुनै पनि भान्सामा खाना पकाउन कुन प्रकारका इन्धन प्रयोग हुन्छन् भन्ने कुरा तलका ६ विशेषताहरूले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छन् । १) उपलब्धता, २) स्वच्छता, ३) प्रयोगको सहजता, ४) मूल्य, ५) दक्षता र ६) सुरक्षा उपलब्धता

इन्धनको उपलब्धता महत्त्वपूर्ण कारक रहेको हुन्छ त्यसको प्रयोगमा । ग्रामीण क्षेत्रमा दाउरा सहजै उपलब्ध हुन्छ । नजिकका जङ्गल तथा आफ्नो खेतवारी यसको श्रोत हुन् । त्यस्तै तराईका धेरै ठाउं जहाँ जङ्गल टाढा हुने, गाइवस्तु पाल्ने, तथा कृषि प्रमुख पेसा हुने ठाउँहरूमा खाना पकाउने मुख्य इन्धनका रूपमा गोवर गुइँठा, तथा कृषि अवशेषहरूलाई खाना पकाउने मुख्य इन्धनको रूपमा प्रयोग गर्ने गरिन्छ । शहरवजारमा एलपीजी सहजै उपलव्ध हुने हुनाले यसको प्रयोग वढ्दो छ । यही सन्दर्भमा विजुलीबाट खाना पकाउने कार्यको लागि लोड सेडिङ्गका कारण विजुली सहजरूपमा उपलव्ध नहुँदा यसको प्रयोगमा खासै बृद्धि हुनसकेको थिएन । लोड सेडिङ्गको अन्त्यपछि यसको प्रयोग वढ्दो कममा छ ।

प्रयोगको सहजता

प्रयोग गर्न सहज हुनु तथा झन्झट नहुनु पनि इन्धनको प्रयोगका एक प्रमुख कारण हुन सक्छ । आजभोलि प्रविधिको विकाससँगै इन्धनको प्रयोगको सहजताले धेरै प्रभाव पारेको हुन्छ । दाउरा सस्तो तथा सुलभ हुँदा पनि यसको प्रयोग गर्न झन्झटिलो हुन्छ । प्रविधिमा आएको सुधारले गर्दा एलपीजी तथा विजुली, खाना पकाउनका लागि दाउरा , गुइँठा तथा कृषि अवशेषभन्दा निक्कै सहज हुन्छ । शहरी क्षेत्रमा यी इन्धनहरूको प्रयोगमा व्यापकता आउनुको कारणमध्ये एक यो पनि हो ।

स्वच्छता

खाना पकाउने कार्यको लागि इन्धनको छनौटमा

त्यसको प्रयोग गर्दा हुने स्वच्छता पनि एक प्रमुख कारण हो । इन्धन वाल्दा उत्सर्जन हुने धुवाँ, तथा खरानीको मामिलामा दाउरा, गुइँठा तथा कृषि अवशेष स्वच्छ हुन्नन् । यी इन्धनवाट अधिक मात्रामा धुवाँ, खरानी (ash), कार्वन मोनोक्साइड (CO), तथा पार्टिकुलेट म्याटर (PM2.5) उत्सर्जन हुने गर्दछ । धुवाँ, तथा खरानीले भान्सा कालो हुन्छ भने कार्वन मोनोक्साइड (CO) तथा पार्टिकुलेट म्याटर (PM 2.5) मानिसको स्वास्थ्यलाई हानी पुर्‍याउँछ । कार्वन मोनोक्साइड (CO) तथा पार्टिकुलेट म्याटर (PM 2.5) को मात्रा चुलोको प्रविधिमा पनि निर्भर हुने गर्दछ । जस्तै दाउरा गुइँठा तथा कृषि अवशेष सोझै वाल्ने चुलोमा यिनको मात्रा अधिक हुने गर्दछ भने यी इन्धनलाई ग्यासमा परिवर्तन गरी ग्यासलाई वाल्ने चुलोमा, (जसलाई ग्यासिफायर चुलो पनि भनिन्छ,) यी हानीकारक तत्वको मात्रा कम हुने गर्दछ । यस मामिलामा विद्युतीय चुलोहरू अव्वल ठहरिन्छन् भने एलपीजी चुलाहरू पनि राम्रै मानिन्छन् । विभिन्न इन्धन तथा चुलोवाट उत्सर्जन हुने कार्वन मोनोक्साइड (CO) तथा पार्टिकुलेट म्याटर

तालिका : २ विभिन्न खालका चुलोहरू तथा तिनले उत्सर्जन गर्ने कार्वन मोनोक्साइड (CO) तथा पार्टिकुलेट म्याटर (PM2.5)

चुलो	कार्वन मोनोक्साइड (CO) g/MJ	पार्टिकुलेट म्याटर (PM2.5) mg/MJ	कैफियत
माटोको सुधारिएको चुलो (चिम्नी* / नेचुरल ड्राफ्ट)	0.3 - 1.3	24.85 - 34.69	सैद्धिक उर्जा पुष्ट, ल्याब नतिजामा आधारित (NIBC 2016 Approved cook Stoves, 2021)
माटोको सुधारिएको चुलो (नेचुरल ड्राफ्ट)	5.73	505.15	" "
फलामे सुधारिएको चुलो (चिम्नी / नेचुरल ड्राफ्ट)	0.28 - 0.44	30.92 - 39.83	" "
एक मुखे फलामे चुलो (नेचुरल ड्राफ्ट)	2.05 - 9.35	214.81 - 512.4	" "
एक मुखे फलामे चुलो (फोर्स्ड ड्राफ्ट)	5.45	322.04	" "
ग्यासिफायर चुलो (नेचुरल ड्राफ्ट)	4.66	412.17	" "
ग्यासिफायर चुलो (फोर्स्ड ड्राफ्ट)	0.33 - 7.07	30.82 - 243.95	" "
एलपीजी चुलो	0.4 ±0.5 g/MJ	9.5 mg/MJ	फिल्ड नतिजामा आधारित, (Weyant, et al., 2019)
बायोग्यास	1.1±0.5 g/MJ	7.4 mg/MJ	फिल्ड नतिजामा आधारित, (Weyant, et al., 2019)

नोट : फिल्ड तथा ल्याब नतिजाहरु सिधा तुलनाका लागि भन्दा पनि रिफरेन्सका लागि राखिएको

(PM2.5) तलको ग्राफ तालिकावाट प्रष्ट हुन आउँछ ।

मूल्य

इन्धनको प्रयोगको निर्णयमा पुग्न मूल्यले महत्वपूर्ण भूमिका खेल्दछ । प्रति इकाईलाई आधार मान्ने हो भने कृषि अवशेष, गोवर, गुइँठा, दाउरा निक्कै सस्तो पर्न जान्छ। अझ कतिपय अवस्थामा यी इन्धनहरू निशुल्क उपलब्ध हुन्छन् र तिनलाई सङ्कलन तथा परिवहनका लागि श्रम खर्च गर्नुपर्ने हुन्छ । कतिपय अवस्थामा यिनको उत्पादन निश्चित समयमा मात्र हुने हुनाले भण्डारण पनि गर्नुपर्ने हुन्छ । मूल्यका हिसावले विजुली तथा एलपीजीको प्रति इकाई मूल्य धेरै रहेको देखिन्छ तर प्रति इकाई मुल्यले मात्र प्रष्ट हुन सकिदैन । यसका लागि इन्धनको क्यालोरिफिक (calorific value) भ्यालु पनि आवश्यक हुन्छ। यो भनेको प्रति एकाई इन्धनले दिने ताप ऊर्जा हो। एलपीजीको क्यालोरिफिक (calorific value) भ्यालु उच्च रहेको हुन्छ भने दाउरा र कृषि अवशेषको कम । त्यसैले इन्धनको मूल्य त्यसले प्रदान गर्ने ताप ऊर्जाको आधारमा गर्ने प्रचलन रहेको छ । इन्धनका अलावा सो इन्धन वाल्ने चुलोको मूल्य तथा तिनको पूर्वाधारको मूल्यले पनि भूमिका खेलिरहेको हुन्छ ।

तालिका : ३ इन्धनको प्रति एकाई ताप उर्जा

इन्धन	ताप उर्जा (MJ/Kg)	कैफियत
दाउरा	१६-२०	दाउराको श्रोत तथा मोइस्चर कन्टेन्टमा भरपर्ने
कोइला	२०.६	श्रोत तथा प्रकार अनुसार फरक हुने
गोवर	१८	
एलपीजी	४४-४९.२	
कृषि अवशेष	१४-१५	कृषि अवशेषको श्रोत तथा मोइस्चर कन्टेन्टमा भरपर्ने
गोल	२८-३१	
वायोग्यास	२४.३-२६	
मट्टितेल	३६.३-४३.१	

श्रोत : क्लिन कुकिङ एलायन्स (Clean cooking Catalogue, 2021)

दक्षता

इन्धनमा भएको ताप ऊर्जा कति किफायती ढङ्गले प्रयोग गरियो भन्ने कुरा चुलोको दक्षतामा निर्भर रहेको हुन्छ । एउटै इन्धनको भिन्न चुलामा भिन्न दक्षता हुन सक्दछ । इन्धनको मूल्य त्यसको क्यालोरिफिक (calorific value) भ्यालुले मात्र नभई त्यसलाई प्रयोग गर्ने चुलोको दक्षताले पनि निर्धारण गरेको हुन्छ । चुलोको दक्षता अन्तर्गत इन्धनको ताप उर्जा परिवर्तन गर्ने (Combustion efficiency) तथा उत्पादित तापलाई भाँडासम्म पुर्‍याएर त्यसलाई तताउने (heat transfer efficiency) दुवै पर्दछन् ।

तालिका ४: विभिन्न चुलोको दक्षता*

चुलो	दक्षता (%)	कैफियत
माटोको सुधारिएको चुलो (चिम्नी* / नेचुरल ड्राफ्ट)	20.60 - 25.5	मैत्रिक उर्जा पुस्त.
माटोको सुधारिएको चुलो (नेचुरल ड्राफ्ट)	26.39	" "
फलामे सुधारिएको चुलो (चिम्नी / नेचुरल ड्राफ्ट)	18.17 - 22.35	" "
एक मुखे फलामे चुलो (नेचुरल ड्राफ्ट)	25.17 -32.3	" "
एक मुखे फलामे चुलो (फोर्स्ड ड्राफ्ट)	37.98	" "
ग्यासिफायर चुलो (नेचुरल ड्राफ्ट)	34.06	" "
ग्यासिफायर चुलो (फोर्स्ड ड्राफ्ट)	35.76 - 50.89	" "
एलपीजी चुलो	55-60	(GIZ, 2014)
बायोग्यास चुलो	21-65	(Khandelwal & Gupta, 2009)

*रिफरेन्सका लागि मात्र

सुरक्षा

इन्धनको प्रयोगमा अर्को प्रमुख कारण त्यसको प्रयोग तथा भण्डारणको सुरक्षा पनि हो । इन्धनको

प्रयोगका क्रममा हुने दुर्घटनाहरूजस्तै पोल्ने, आगलागि आदिले पनि त्यसको प्रयोगलाई प्रभावित पार्दछ । यो पनि चुलो अनुसार फरक हुन सक्दछ । आजभोलि विजुली प्रयोग हुने चुलाहरूमा सुरक्षाका विभिन्न उपायहरू अवलम्वन गरिएका हुन्छन् । पुराना कोइला हिटरहरूमा (Nichrome Heater_ विद्युतीय झट्का लाग्ने, पोल्ने डरहरू हुन्छ । त्यस्तै वन्द कोठामा गोल चुलामा गोल वाल्ने गर्दा निस्सासिने खतरा धेरै रहन्छ ।

प्रयोगकर्ताले खाना पकाउन मुख्य इन्धनका रूपमा कुन प्रयोग गर्ने भन्ने निर्णय लिन यी छ वटै आधार हरूले भूमिका खेलिरहेको हुन्छ । घरमा खाना पकाउने भूमिकामा रहेका महिलाहरू तथा घरको निर्णय लिने पुरुषहरूको प्राथमिकतामा फरकफरक आधारहरू रहेका हुन्छन् । परिवारको आर्थिक अवस्था, आयव्यय, सामाजिक मर्यादा, पेशा, शिक्षा, परिवार सङ्ख्या, जनचेतनालगायतका कुराहरूले तिनको प्राथमिकता/रोजाइलाई निर्देशित गरिरहेका हुन्छन् । समय, ठाउँ र परिस्थिति अनुसार कुनै एक आधारले अन्यभन्दा प्रधान भूमिका खेलेको हुन सक्दछ ।

चुनौती तथा अवसर

खाना पकाउने इन्धन प्रयोगको अवस्था हाम्रा लागि चुनौती तथा अवसर दुवै हुन् । एकातिर दाउरा, गुइँठा तथा कृषि अवशेष सिधै खुल्ला चुलोमा वाल्दा त्यसको धुँवाले घरभित्र वायु प्रदुषण निम्त्याउँछ जसको मार भान्सामा अत्यधिक समय बिताउने महिला तथा वालवालिकालाई परिरहेको हुन्छ । त्यस्तै उन्नत तथा दक्ष चुलाहरू सर्वसुलभ नहुँदा ती चुलाहरू किन्न सकिरहेका हुन्नन् । त्यस्तै एलपीजीजस्तो स्वच्छ इन्धनको श्रोत देशमै नभएको अवस्थामा हामी यसको आयातमा भर परिरहेका छौं, जसका लागि वार्षिक अरवौं रूपैयां वरावरको विदेशी मुद्रा खर्च गरिरहेका छौं । त्यस्तै विजुलीवाट खाना पकाउँदा साँझ विहानको समयमा विद्युत वितरण तथा प्रसारण पूर्वाधारहरूमा अत्यधिक भार पर्न सक्दछ । जसका लागि विद्यमान पूर्वाधारहरू अपुग हुन जान्छन् ।

यी चुनौतीहरूसँगै अवसरहरू पनि रहेका छन् । देशको जलश्रोत प्रयोग गरेर विभिन्न साना ठूला जलविद्युत आयोजनाहरू सरकारी तथा निजी तवरमा वनिरहेका छन् । तिनको सञ्चालनसँगै हामीसँग पर्याप्त विजुली रहन्छ जसको सदुपयोगले तिनको मूल्यमा पनि ह्रास आउँछ । खासगरी सहरी क्षेत्रमा तत्काल नसकिए पनि निश्चित अवधिमा विद्युत वितरण तथा प्रसारण पुर्वाधारहरूमा व्यापक सुधार तथा स्तरोन्नति गर्दै एलपीजी प्रयोग गर्ने घरधुरीहरूलाई विद्युतीय ऊर्जामा परिवर्तन गर्न सकिन्छ । गुइँठा गोवर प्रशस्त हुने ठाउँहरूमा वायोग्यासको प्रयोगलाई वढावा दिई स्वच्छ इन्धन तथा प्राङ्गारिक मलको राम्रो श्रोत हुन सक्दछ । त्यस्तै उन्नत तथा सुधारिएको चुलोहरूको प्रकारमा वृद्धि गर्दै, तिनको ग्रामीण क्षेत्रमा पहुँच वढाउँदै, आर्थिक सहुलियत/सुविधा वढाउन सकिएमा तिनको प्रयोग वृद्धि गरि घरभित्रको वायु प्रदुषण व्यापक मात्रामा न्यूनीकरण गर्न सकिन्छ । त्यस्तै कृषि अवशेष तथा दाउरा तथा अन्य वन पैदावरको प्रयोग गरी ब्रि केट पेलेटजस्ता जैविक इन्धनहरू उत्पादन गरी रोजगार वृद्धि, कोइला, एलपीजीजस्ता आयातित ऊर्जालाई प्रतिस्थापन गर्न सकिन्छ, परनिरर्भता घटाउन सकिन्छ ।

सन्दर्भ सामाग्रीहरू

CBS. (2012). National Population and Housing Census 2011 (National Report). Kathmandu: Central Bureau of Statistics.

C B S . (2017). ANNUAL HOUSEHOLD SURVEY 2016/17 (Major Findings). Kathmandu: Central Bureau of Statistics.

Clean cooking Catalogue. (2021, January 21). Retrieved from clean cooking alliance: www.cleancookingalliance.org

GIZ. (2014). Multiple-Household Fuel Use –a balanced choice between firewood, charcoal and LPG . giz.

Khandelwal, D. K., & Gupta, D. K. (2009). Popular Summary of the Test Reports on Biogas Stoves and Lamps prepared by testing institutes in China, India and the Netherlands. The Hague : SNV Netherlands Development Organisation .

NIBC 2016 Approved cook Stoves. (2021, January 24). Retrieved from Renewable Energy Test Station: https://retsnepal.org/downloads/file?id=85

NOC. (2021, February 2). Import and Sales. Retrieved from Nepal Oil Corporation Limited: http://noc.org.np

Weyant, C. L., Thompson, R., Lam, N. L., Upadhyay, B., Shrestha, P., Maharjan, S., . . . Pokhrel, A. K. (2019). In-Field Emission Measurements from Biogas and Liquified Petroleum Gas (LPG) Stoves. Atmosphere.

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना ।

राजन अधिकारी

प्रवक्ता

सनातन धर्म महासङ्घ

स्याङ्जा सत्सङ्ग

(मौलिक जरोकिलो पार्टीका केन्द्रीय सदस्य कमल न्यौपाने स्याङ्जा जिल्लाका विभिन्न स्थानमा मौलिक जरो किलो पार्टीको प्रचारप्रसार सकेर आउनुभएको छ । नेपालको मौलिक विचार बोकेको पार्टी आएको सन्देश बोकेर न्यौपाने माघ १० देखि १३ गतेसम्म घरदैलो सत्सङ्गमा जानुभयो । आफ्नो गाउँठाउँमा सत्सङ्ग सकेर आउनु भएका न्यौपानेको अनुभव उहाँ कै शब्दमा : सम्पादक)

राष्ट्र निर्माणको लागि "मौलिक जरोकिलो पार्टी" भन्ने नारा र आधारशिला चतुष्टय : विज्ञानको बुद्धि, प्रविधिको प्रगति, धर्मको विवेक, सहृदयताको सम्वन्धलाई आधारशिला मान्दै माघ १० गते शनिवारका दिनदेखि १३ गतेसम्म विभिन्न स्थानमा प्रचारप्रसार तीव्र पारेको छु । पाल्पा ढुङ्गी, पाल्पा रामपुर सेखाम साखर स्याङजाको चापकोट, रामडाँडा, वालिङ मिर्दी, वालिङ वाहुथान, वालिङ न. व ०५ पिप्लेक, वालिङ भकुण्डे गल्याङ वजार हुँदै विभिन्न स्थानमा पदयात्रा, वाटामा भेटिएका गाउँका प्रत्येक ठाउँका दिदीवहिनी, दाजुभाइहरूसँग प्रत्यक्ष संवाद र सम्पर्क भयो । ती स्थानहरूमा रहेका समस्या विकासका आवश्यकताका बारेमा र हाम्रो मौलिक धर्म, रीतिरिवाज, परम्परा, संस्कृति, संस्कार, मूल्य मान्यताहरूको संरक्षण, संवर्धन, प्रवर्धन तथा स्थितिगत्यात्मक पुनर्जागरणको बारेमा सबैलाई जानकारी गराउने प्रयत्न गरें । वर्तमान राज्यसंयन्त्रमा रहेको विचार, अवधारणा तथा सिद्धान्त पनि विदेशीको भएको यिनीहरूको जरो पनि वाहिर र किलो पनि वाहिरै भएको कारणले गर्दा देश समस्यामा परेको कुरा सर्वसाधारणलाई विस्तारमा वताउने मौका मिल्यो । नेपाललाई नै केन्द्र मान्ने र नेपाका विचार, आवधारणा, सिद्धान्त र मूल्यमान्यतालाई अङ्गाल्ने राजनीतिक दलको अवश्यकता मनन गरेर मौलिक जरो किलो पार्टी स्थापना भई सकेको कुरा पनि गाउँगाउँमा पुर्याउने काम भयो ।

नेपालमै जरो र नेपालमै किलो भएको जरोकिलो पार्टी आएको भन्दै धेरै जनताले खुसी प्रकट गर्दै धन्यवाद पनि व्यक्त गर्नुभयो । पदयात्रा र प्रचारप्रसारको क्रममा भेटिएका जुझारु युवाहरूले इच्छा र चाहाना हुँदाहुँदै मौलिकताका पक्षमा काम गर्ने अवसर नमिलेको वताउनुभयो । नेपालकै रैथाने विचारमा आधारित भएर राजनीतिक पार्टी स्थापना भएकोमा युवा वर्गमा उर्जा थपिएको अनुभव भयो । आफ्नो मौलिक मूल्यमान्यता, धर्म संस्कृति संस्कारको क्षेत्रमा काम गर्न नसकिरहेको कुरा वताउँदै अवका दिनले देशको र युवा पिँढीको आवश्यकता अनुसार मौलिक जरोकिलो पार्टीमा सक्रिय हुने वाचा गर्नुभयो ।

अवका युवा शिक्षित, प्रशिक्षित र दीक्षित हुनुपर्छ भन्ने मान्यतालाई पनि धेरैले आत्मासत गरे । अव चाँडै नै स्याङजा जिल्ला नगरपालिका, गाउँपालिकाका सबै गाउँहरूमा पार्टीको संम्पर्क विस्तार र सङ्गठन निर्माण हुनुपर्ने र यसको लागि युवाशक्तिको चासो र समर्थन रहेको कुरा सत्सङ्गका क्रममा व्यक्त गरका छन् । यस सत्सङ्गवाट जनताका घरघर पुगेर भौतिक रूपमा सत्सङ्ग गर्ने थप ऊर्जा प्राप्त भएको छ । अवको दिनमा झन प्रचार प्रसारलाई तिव्र बनाउँदै गण्डकी प्रदेशका ११ वटै जिल्लामा प्रचारप्रसारलाई तिव्र पार्ने र सबै जिल्लाका नगरपालिका, गाउँपालिकामा सङ्गठन विस्तारमा अघि बढ्ने हौसला मिलेको छ । यो पुण्य कर्ममा र देश निर्माणका साथै नेपाललाई आफ्नै खुट्टामा उभ्याउन सकिन्छ भन्ने कुरामा सवैलाई विश्वास दिन पनि चाहन्छु ।

अव नेपालमा आयातित दर्शन, सिद्धान्तहरू काम नलाग्ने (गतार्थ) भइसकेका छन् । नेपाललाई प्रयोगशालाको रूपमा धेरै पटक सबैजसो राजनीतिक दलहरूले विभिन्न आयातित राजनीतिक सिद्धान्तको प्रयोग र परीक्षण गरे । नेपाललाई तहसनहस पारेको, भ्रष्टाचारमा विश्वकै नम्वर एकमा पुऱ्याएको कुरा सवैलाई सर्वविदितै छ ।

अव नेपालको शिक्षातन्त्र, अर्थतन्त्र, समाजतन्त्रका साथै राजनीतितन्त्र पनि यहाँको मौलिक र रैथाने मूल्यमान्यतामा आधारित दर्शन र सिद्धान्तको आधारमा अघि बढ्नुपर्छ । मौलिक जरोकिलो पार्टीले अघि सारेका सिद्धन्तहरूलाई अव व्यवहारमा उतार्नु पर्ने आवश्यकता छ । त्यसैले फेरि पनि म भन्दछु, नेपालले आफ्नो निर्णय गर्ने क्षमता आफैंले लिनु पर्दछ । जरो (उत्पत्ति) पनि नेपालमै र किलो (निर्णय गर्ने क्षमता) पनि नेपालमै भएको नेपालको एक मात्र राजनीतिक पार्टी भनेकै मौलिक जरोकिलो पार्टी हो । यस विषयमा सत्सङ्गमा सहभागी स्याङ्जावासी सम्पूर्ण आमावुवा, दाजुभाइ, दिदी वहिनीहरूले बुझिसक्नु भएको छ । र सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

अघि बढौं । यो युग हाम्रो हो ।

RP Foundation & Schuelerhilfe fuer Nepal Presents

Nepal Vocational Academy, Bhaktapur

NEPAL VOCATIONAL ACADEMY Bhaktapur

Courses offered:

- Carpenter
- Plumbing
- Electrician
- Wood Carving
- Stone Carving

Job guaranteed training in affiliation with CTEVT







Contact address:

Kamalbinayak, 10, Bhaktapur

Ph: 01 6613197, Email: nepal.vocational@gmail.com

क्रमदर्शनको सङ्क्षिप्त अनुशीलन

✍ उप-प्रा. डा. माधवप्रसाद लामिछाने
पूर्वमीमांसा तथा तन्त्रविभाग

विषयप्रवेश

अद्वैत शैवदर्शनका अवान्तर धाराहरूका रूपमा प्रसिद्ध क्रम, कुल, त्रिक, प्रत्यभिज्ञा, स्पन्द आदि दर्शनहरूमध्ये क्रमदर्शन सबैभन्दा प्राचीन दर्शन हो । यद्यपि यस दर्शनलाई स्वतन्त्र दार्शनिक परम्पराका रूपमा गणना गर्ने विषयमा तून गौड्रियान, आन्द्रे पादु, लिलियन सिलवर्न, मार्क डिच्कोफ्स्की आदि पाश्चात्त्य विद्वान् हरूले सन्देह व्यक्त गरेका छन्[1] तर ऐतिहासिक दृष्टिले अवलोकन गर्ने हो भने यस परम्पराको स्वतन्त्र अस्तित्वका पक्षमा प्रशस्त प्रमाणहरू पाइन्छन् । अभिनवगुप्तले श्रीमालिनीविजयवार्तिक नामक ग्रन्थमा क्रमदर्शनलाई एउटा स्वतन्त्र दार्शनिक परम्पराका रूपमा उल्लेख गरेका छन् ।[2] श्रीतन्त्रालोकमा पनि उनले क्रमदर्शनलाई एउटा स्वतन्त्र मतका रूपमा मान्यता दिँदै पूर्ण अहंविमर्शमा आरूढ हुनका लागि क्रमसम्वद्ध यथोचित मन्त्रसमूहको निरूपण गरेका छन् ।[3] महार्थमञ्जरी ग्रन्थको परिमलव्याख्यामा प्रत्यभिज्ञा तथा क्रमलाई स्वतन्त्र दार्शनिक धाराका रूपमा स्वीकार गर्दै यी दुई धाराका वीच धेरै भिन्नता नरहेको स्पष्ट पारिएको छ ।[4] उपर्युल्लिखित अन्तःसाक्ष्यका अतिरिक्त क्रमदर्शनलाई स्वतन्त्र दार्शनिक मतका रूपमा स्थापित गर्ने केही वाह्य साक्ष्यहरू पनि छन् । यस मतको आफ्नै ऐतिहासिक परम्परा रहेको छ । प्रत्यभिज्ञादर्शनका अवतारक सोमानन्द, त्रिकसिद्धान्तका अवतारक वसुगुप्त, कुलसिद्धान्तका अवतारक मत्स्येन्द्रनाथ भएजस्तै क्रमसिद्धान्तका अवतारक शिवानन्द प्रथम रहेका छन् । उपर्युक्त अन्तःसाक्ष्य एवं वाह्य साक्ष्यहरूले क्रमदर्शनलाई अद्वैत शैवदर्शनका विभिन्न दार्शनिक परम्पराहरूमध्ये एउटा स्वतन्त्र दार्शनिक परम्पराका रूपमा स्वीकार गर्न प्रशस्त बल प्रदान गरेका छन् । अतः प्रस्तुत लेखमा सोही क्रमदर्शनका विषयमा सङ्क्षिप्त अनुशीलन गरिएको छ ।

क्रमको अर्थ र परिभाषा

संस्कृतको क्रमु धातुमा अच् प्रत्यय र घ प्रत्यय लागेर क्रम शब्दको निर्माण हुन्छ । एउटै परा संवित् अर्थात् चितिशक्तिमा सृष्टि, स्थिति, संहार र अनाख्यारूप भेद देखिनु नै क्रम हो भनी महानयप्रकाशमा भनिएको छ ।[5] उपर्युक्त भनाइवाट एउटै स्वतन्त्र चितिशक्ति सृष्टि आदि भेदको अवभासनका लागि खेचरी आदि विविध शक्तिका रूपमा देखापर्छ र विश्ववैचित्र्यको निर्माण हुन्छ । आचार्य पुण्यानन्दले क्रम पदविक्षेप र क्रमोदय गरी दुई प्रकारको हुन्छ भनेका छन् ।[6] पदविक्षेप भनेको चितिशक्तिका अनन्तकोटि किरण हुन् जसमा अनन्तकोटि शक्ति उद्भासित गर्ने सामर्थ्य हुन्छ। पदविक्षेप विश्वप्रपञ्च सृष्टिका लागि हुन्छ त्यसैले पदविक्षेपको सम्वन्ध प्रवृत्तिमार्गसँग रहेको छ । क्रमोदय भनेको अनन्तकोटि किरणका रूपमा फैलिएका शक्तिहरू मूल विन्दु चैतन्यमा पुग्न मार्गदर्शन गर्ने दिव्य, सिद्ध र मानव गुरुसमुदाय हुन् । क्रमोदयको सम्वन्ध निवृत्तिमार्गसँग रहेको छ । त्यसैले वस्तुतः प्रवृत्ति र निवृत्ति भिन्न वस्तु होइनन्[7], प्रवृत्ति अर्थात् भोग र निवृत्ति अर्थात् मोक्षमा सामरस्यभाव रहेको छ भन्ने यस दर्शनको मान्यता छ जसलाई आचार्य महेश्वरानन्दले यस दर्शनको विशिष्ट पक्ष मानेका छन् । क्रमको सम्वन्ध कालसँग रहेको छ । परमाणु एक ठाउँवाट अर्को ठाउँमा पुग्न लाग्ने समय क्षण हो र क्षणप्रवाह नरोकिनु क्रम हो[8] । क्रमको यस परिभाषाले पूर्वक्षण र

---

1 नवजीवन रस्तोगी (ई.सं. २०११), काश्मीर की शैवसंस्कृति मे कुल और क्रम मत, ३ पृष्ठ ।

2 अतिमार्गक्रमकुलस्रोतोऽन्तरादिषु...।
-श्रीमालिनीविजयवार्तिक, १।१९२ ।

3 अथ यथोचितमन्त्रकदम्वकं त्रिककुलक्रमयोगि निरूप्यते । तावद्विमर्शनारूढधियां तत्सिद्धये क्रमात् ॥
- श्रीतन्त्रालोक, ३० आह्निक, १ श्लोक ।

4 अनेन श्रीमहार्थत्रिकदर्शनयोरन्योन्यं नात्यन्तं भेदप्रथेति व्याख्यातम् ।
- महार्थमञ्जरी (परिमलव्याख्या), ९२ पृष्ठ ।

5 भेदैश्चतुर्भिरेकस्यां शक्तौ यत् क्रमणं क्रमात् ।
सृष्टिस्थितिलयानाख्यैः स क्रमः परिकीर्तितः ॥
-महानयप्रकाश (शितिकण्ठ), ३।६

6 क्रमणं पदविक्षेपः क्रमोदयस्तेन कथ्यते द्वेधा ।
-कामकलाविलास, ३५(क) ।

7 भुक्तिर्वाप्यथ मुक्तिश्च नान्यत्रैकपदार्थतः ।
भुक्तिमुक्ती उभे देवि विशेषे परिकीर्तिते ॥
-महार्थमञ्जरी (परिमलव्याख्या), १३२ पृष्ठ ।

8 यावता वा समयेन चलितः परमाणुः पूर्वदेशं जह्यादुत्तरदेशमुपसंपद्येत स कालः क्षणः । तत्प्रवाहाविच्छेदस्तु क्रमः ।

उत्तरक्षणबीचको निरन्तरता नै क्रम हो भन्ने देखाउँछ । त्यसैले काललाई गतिशीलता प्रदान गर्ने स्वयं गतिशील संवित् चक्रस्वरूप वस्तुविशेषलाई क्रम भनिन्छ ।

क्रमदर्शनका विविध पर्यायहरू

क्रमदर्शनको पर्यायका रूपमा अनुत्तरक्रम, अनुपायक्रम, देवताक्रम, महाक्रम, महार्थक्रम, औत्तरक्रम, महार्थ वा महार्थनय, महानय वा महासार, अतिनय, देवीनय, देवतानय र कालीनय शव्दहरू प्रचलनमा रहेका देखिन्छन् । अनुत्तरक्रम शव्दको प्रयोग महेश्वरानन्दले महार्थमञ्जरीको आफ्नै परिमल नामको व्याख्यामा गरेको देखिन्छ ।[9] उक्त अनुत्तरक्रममा भोग र मोक्ष अत्यन्त सुलभ भएको एवं यस मार्गमा भोग र मोक्ष समरस वा अभिन्न भएको धारणा व्यक्त गरिएको छ । उपाय, चर्या आदिवाट ध्यान हटाउनु, वासना, क्षोभ आदिले रहित हुनु नै अनुपायक्रम हो र यस्तो अवस्था जसमा उत्पन्न भएको छ त्यो नै योगी हो भन्ने सन्दर्भमा अनुपायक्रम शव्दको प्रयोग महानयप्रकाश (त्रिवेन्द्रम् संस्करण)मा देखिन्छ ।[10] सोही ग्रन्थमा महाक्रम शव्दको उल्लेख गरिएको छ ।[11] त्यहाँ सृष्टि, स्थिति, संहार र अनाख्यास्वरूप चतुष्टयार्थका रूपमा महाक्रम वा महार्थ शव्दको ग्रहण गरेको देखिन्छ । देवताक्रम शव्दको प्रयोग चिद्गगनचन्द्रिका नामक काव्यमा भएको देखिन्छ ।[12] त्यहाँ प्रयोग भएको देवताक्रम शव्दले वाहिरी र भित्री इन्द्रियगणलाई बुझाएको छ ।[13] महार्थमञ्जरीको परिमल नामक व्याख्यामा सवै दर्शनहरूको सारका रूपमा महार्थक्रम शव्दको ग्रहण गरिएको छ ।[14] महाभारतको युद्धपूर्व पाण्डुपुत्र अर्जुनलाई गीता उपदेश दिने क्रममा भगवान् श्रीकृष्णले क्रमरहस्यको शिक्षा दिँदै औत्तरक्रम सम्झाए भन्ने सन्दर्भमा महार्थमञ्जरीको परिमल व्याख्यामा औत्तरक्रम शव्दको उल्लेख पाइन्छ ।[15] औत्तरक्रम संज्ञाले यस दर्शनको सम्वन्ध हिमालयवर्ती क्षेत्र वा उत्तरपीठसँग रहेको देखिन्छ । क्रमदर्शनको अर्को प्रचलित पर्याय महार्थ रहेको छ । महार्थ शव्दको प्रयोग सर्वप्रथम आचार्य क्षेमराजले स्पन्दकारिकामाथि आफूले लेखेको निर्णय नामक टीका तथा प्रत्यभिज्ञाहृदयम् नामक ग्रन्थमा गरेको देखिन्छ ।[16] त्यहाँ महार्थ शव्दले दार्शनिक सम्प्रदायको अर्थ ग्रहण गरेको छ । त्यसै गरी उनले महासार शव्दको पनि प्रयोग गरेका छन् ।[17] महार्थ शव्दको प्रयोग आचार्य शितिकण्ठले पनि महानयप्रकाशमा गरेका छन् ।[18] त्यहाँ महार्थ शव्दले पूर्ण चित् अद्वयावस्थामा आरूढ हुनु भन्ने अर्थ ग्रहण गरेको छ । आचार्य जयरथले श्रीतन्त्रालोकको विवेक नामक टीकामा क्रमदर्शनको पर्यायका रूपमा कालीनय तथा देवीनय शव्दको प्रयोग गरेका छन् ।[19] उनले क्रमदर्शनको पर्यायका रूपमा अतिनय शव्दको पनि प्रयोग गरेका छन् ।[20] त्यसै गरी उनले क्रमदर्शनको पर्यायका रूपमा महानय शव्दको

-पातञ्जलयोगसूत्र (व्यासभाष्य), ३५२, ३८३ पृष्ठ ।

9 श्रीमदनुत्तरक्रमप्रणयनप्रवीणस्य परमेश्वरस्य परमक(
ारुण्यमात्रोपपादितेऽयमास्माकीनां यामली सिद्धिः...।
-महार्थमञ्जरी (परिमलव्याख्या), १०५ पृष्ठ ।

10 युक्तिचर्यादिविक्षेपवासनाक्षोभवर्जितः ।
अनुपायक्रमः सोऽयं यस्य रुढःसः योगिराट् ॥
-महानयप्रकाश(त्रिवेन्द्रम्संस्करण), काश्मीर की संस्कृति मे कुल और क्रम मत,
७१ पृष्ठमा उद्धृत ।

11 चतुष्टयार्थरूपो वा महाक्रमो महार्थो ज्ञेयः ।
-पूर्ववत् ।

12 खण्डितेतरसमस्तगर्भगो
यस्त्रिपञ्चविसराश्रयोऽक्रमः ।
देवताक्रम उदेत्यनारतं तस्य हि त्वमसि देवजन्मभूः ॥
-चिद्गगनचन्द्रिका, २९२ श्लोक ।

13 हेर्नुहोस्, पूर्ववत्, क्रमप्रकाशिका व्याख्या, १९९ पृष्ठ ।

14 एवञ्च सर्वदर्शनसारत्वादमुष्यश्रीमहार्थक्रमस्य
सर्वस्रोतोतिशायी कोऽपि श्लाघ्यत्वोत्कर्षो
ध्वन्यते । -महार्थमञ्जरी (परिमलव्याख्या)
१७२ पृष्ठ ।

15 आशङ्कोत्तरचर्चाभिरन्यैश्च गमकैः क्रमैः ।
प्रकाशयद्भिर्विश्वस्य प्रतिष्ठामौत्तरं क्रमम् ॥
स्पष्टैरव्याकुलैर्वाक्यैरन्योन्यान्वयवन्धुरैः।
वहुधा पुण्डरीकाक्षः पाण्डवं प्रत्यबोधयत् ॥
-महार्थमञ्जरी (परिमलव्याख्या), पूर्ववत् ।

16 ननु श्रीमन्महार्थदृष्ट्या सृष्ट्यादिदेवताभिरेव विचित्रा जगतः प्रलयोदयाः संपाद्यन्ते ।
-स्पन्दकारिका (क्षेमराजकृतनिर्णयव्याख्या), ६ पृष्ठ
तथा श्रीमन्महार्थदृष्ट्या दृगादिदेवीप्रसरणक्रमेण यद्यद् आभाति तत्तत् सृज्यते ।
- प्रत्यभिज्ञाहृदय, ११ सूत्रव्याख्या, ६९ पृष्ठ ।

17 श्रीमन्महासारोक्तिमयेऽमुत्र स्तोत्रे ।
-शिवस्तोत्रावलि (क्षेमराजकृतवृत्ति), ३०२ पृष्ठ ।

18 अथ कोऽयं महार्थो नाम किं चक्रचक्रेश्वरीसं(
नवेशस्मरणमात्रम्? नैतत्, महान् चिदद्वयदशावेशो
महार्थ इति ब्रूमः ।
-महानयप्रकाश (शितिकण्ठ), ३६ पृष्ठ ।

19 अभिनवगुप्तस्य गुरोर्यस्य हि कालीनये गुरुता ।
-श्रीतन्त्रालोक (जयरथकृतविवेकव्याख्या), ४ आह्निक, १३९ पृष्ठ । तथा श्रीवीरनाथपादैः पञ्च च देवीनये कृताः शिष्याः ।
-पूर्ववत्, १४१ पृष्ठ ।

20 सन्ततयोऽतिनयस्य प्रथिता इह षोडशैवेत्यम् ।
-श्रीतन्त्रालोक (जयरथकृतविवेकव्याख्या), ४ आह्निक, १४० पृष्ठ ।

पनि प्रयोग गरेका छन् ।[21] आचार्य अनन्तशक्तिपादले पनि वातुलनाथसूत्रवृत्तिमा उक्त शब्दको प्रयोग गरेका छन् ।[22] यसप्रकार आचार्य जयरथले क्रमदर्शनका विविध पर्यायहरू प्रकाशमा ल्याएका छन् । यसबाट त्यतिखेर क्रमदर्शन अत्यन्त लोकप्रिय रहेको ज्ञात हुन्छ ।

क्रमदर्शनको उद्भव र विकास

क्रमदर्शनका प्रथम अवतारक शिवानन्द प्रथमले यस मतको शिक्षा उत्तरपीठ अर्थात् काश्मीरमा ग्रहण गरेको उल्लेख पाइन्छ ।[23] महार्थमञ्जरीका रचनाकार महेश्वरानन्दले गीतामा श्रीकृष्णले अर्जुनलाई क्रमदर्शनकै उपदेश दिएका हुन् भन्ने बताएका छन् ।[24] आफ्नो उक्त धारणालाई पुष्ट गर्नका लागि उनले आचार्य सिद्धनाथको क्रमस्तोत्रमाथि अभिनवगुप्तद्वारा लिखित क्रमकेलि नामको टीकालाई आधार बनाएर भगवद्गीतालाई क्रमदर्शनको परिप्रेक्ष्यमा प्रस्तुत गर्ने प्रशस्त प्रयास गरेका छन् ।[25] यसले क्रमदर्शन अत्यन्त प्राचीन रहेको सङ्केत दिन्छ । उनले क्रमदर्शनको पारम्परिक विकासको अर्को क्रमलाई पनि देखाएका छन् । जस अनुसार यस मतको प्रथम प्रकाशन स्वयं शिवबाट इच्छाशक्तिस्वरूप मङ्गलादेवीलाई भयो, मङ्गलादेवीबाट यो ज्ञान शिवानन्दमा सङ्क्रान्त हुँदै अनेकौं नाथहरूको क्रमले उक्त पारम्परिक ज्ञान उनीसम्म आइपुगेको हो ।[26] महानयप्रकाशका रचनाकार शितिकण्ठ पनि मकारदेवी वा मङ्गलादेवीलाई नै यस मतका प्रथम गुरु मान्दछन् ।[27] उनका अनुसार मङ्गलादेवीबाट सर्वप्रथम ज्ञाननेत्रनाथले यस मतको ज्ञान प्राप्त गरे । त्यसपछि यो परम्परा केयूरवती, ह्रस्वनाथ, चक्रभानु, ईशानी हुँदै आफूसम्म आइपुगेको उनले बताएका छन् ।[28] महानयप्रकाशमा उल्लिखित ज्ञाननेत्रनाथ नै शिवानन्द हुन सक्ने सम्भावना देखिन्छ । कालिकाकुलपञ्चशतक नामक ग्रन्थमा शिवानन्द प्रथमभन्दा पहिलेका तीनजना आचार्य र उनका दूतीहरूको उल्लेख पाइन्छ ।[29] वातुलनाथसूत्राणि नामक कृतिमाथि अनन्तशक्तिपादले लेखेको वृत्तिमा गन्धमादन नामक सिद्धको उल्लेख पाइन्छ जसले निष्क्रियानन्दनाथलाई अनुग्रह गरी अकर्तृक पुस्तक प्रदान गरेका थिए ।[30] त्यसैका आधारमा निष्क्रियानन्दनाथले वातुलनाथसूत्राणि नामक कृतिको रचना गरेका थिए । सोही ग्रन्थको अनन्तशक्तिपादरचित वृत्तिमा वातुलनाथ नामक सिद्धको पनि उल्लेख पाइन्छ जसले पूज्य, पूजक र पूजनको भेदलाई परिहार गरी तिनमा अद्वैतदृष्टिको विकासमा जोड दिएका थिए ।[31] अभिनवगुप्तले क्रमस्तोत्रमाथि रचना गरेको क्रमकेलि नामक टीकालाई आधार मानेर जयरथले श्रीतन्त्रालोकको विवेक नामक आफ्नो टीकामा दिएको अर्को विवरण अनुसार क्रमदर्शनका प्रथम अवतारक शिवानन्द प्रथम हुन्, उनलाई यस मतको ज्ञान उत्तरपीठ अर्थात् काश्मीरमा मिलेको हो र शिवानन्दबाट उक्त ज्ञान उनका तीन जना साक्षात् शिष्याहरू केयूरवती, मदनिका र कल्याणिकालाई प्राप्त भयो ।[32] त्यसपछि केयूरवती, गोविन्दराज, सोमानन्द, उत्पल, लक्ष्मणगुप्त, अभिनवगुप्त, क्षेमराज हुँदै एउटा शिष्यसन्ततिपरम्परा अगाडि बढेको देखिन्छ भने मदनिका, भानुक, उज्जट, उद्भट, जयरथ हुँदै अर्को शिष्यपरम्परा अगाडि बढेको देखिन्छ । कल्याणिकाका शिष्य एरकबाट शिष्यसन्ततिपरम्परा अगाडि बढेको जानकारी पाइँदैन । उपर्युक्त विवरणहरूका आधारमा शिवानन्द प्रथमभन्दा पाँच पुस्ता अगाडिसम्म क्रमदर्शनको आचार्य परम्परा देखिन्छ । ऐतिहासिक रूपमा आचार्य सोमानन्दको समय विक्रमको दशौं शताब्दीको पूर्वार्धदेखि

---

21 प्रकृतमहानयशिष्याः प्रथितास्त्रयः सवंशास्तु ।
-पूर्ववत् ।

22 इत्थं महानयोक्तदिशा ।
-वातुलनाथसूत्र (अनन्तशक्तिपादकृतवृत्ति), ५ पृष्ठ ।

23 उत्तरपीठलब्धोपदेशात्श्रीशिवानन्दनाथात् ।
-श्रीतन्त्रालोक (जयरथकृतविवेकव्याख्या), ४ आह्निक, १३८ पृष्ठ ।

24 ... एनमेव महार्थं युद्धारम्भे पाण्डुपुत्रस्य ।
षोडशसहस्रशक्तिर्देव उपदिशति माधव इति शिवम् ॥
-महार्थमञ्जरी, ७० श्लोक ।

25 पाराशर्यो महायोगी धैर्यगम्भीरसागरः ।
भारते भगवद्गीतामधिकृत्येदमब्रवीत् ॥
एतद्वितत्य विख्याते क्रमकेलौ कुलागमे ।
-महार्थमञ्जरी (परिमलव्याख्या), १८०–१८३ पृष्ठ ।

26 अथ सा कालयोगेन शिवानन्दस्य धीमतः ।
महेश्वरानन्द इति प्राप्तपूज्याह्वयो महान् ॥
-महार्थमञ्जरी (परिमलव्याख्या), १९० पृष्ठ ।

27 श्रीमकारदेवी आदिगुरुरूपा जीयात् ।
-महानयप्रकाश (शितिकण्ठ), ५ पृष्ठ ।

28 श्रीमङ्गलैव पीठदिशामवतारपात्रम्... सा च सिद्धौघरूपा, मानवौघे नेत्र–राज्ञी–ह्रस्वन(ाथेति कुलारणिः...ततश्च मानवौघस्यान्ते शिष्यौघाग्र(णीर्भानुपादः अष्टानां शिष्याणां प्रभुः, यन्मध्याद् राज्ञी ईशानाख्या मदन्तं पारम्पर्यनिदानम् ।
-पूर्ववत्, १०७ पृष्ठ ।

29 कालिकाकुलपञ्चशतक, ३ पटल १५ख–१६ श्लोक ।

30 श्रीमान्निष्क्रियानन्दनाथानुग्रहसमये श्रीगन्धमाद(नसिद्धपादैरकृतकपुस्तकप्रदर्शनेन या परमपदे प्राप्ति;kिl दष्टा सैव वितत्य निरूप्यते ।
-वातुलनाथसूत्र (अनन्तशक्तिपादकृतवृत्ति), ४ पृष्ठ ।

31 श्रीमद्वातुलनाथस्य हृदयाम्भोधिसंभवम् ।

32 श्रीमदवतारकनाथेन ककारदेवीवत् श्रीमदनिकाश्री(कल्याणिके चानुगृहीते ।
-श्रीतन्त्रालोक (जयरथकृतविवेकव्याख्या), ४ आह्निक, १४० पृष्ठ ।

दशौं शताव्दीको उत्तरार्ध (वि. सं. ९२५–९७५) निर्धारित भएको छ त्यसैले सोमानन्दभन्दा तीन पुस्ता अगाडिका शिवानन्द प्रथमको समय एक पुस्ताका लागि पच्चीस वर्षको अवधि राख्दा विक्रमको नवौं शताव्दीको उत्तरार्ध काल (वि.सं.८५०–९००) सिद्ध हुन्छ भने उनीभन्दा पाँच पुस्ता अगाडिका वातुलनाथको समय विक्रमको आठौं शताव्दीको पूर्वार्धदेखि आठौं शताव्दीको उत्तरार्ध (वि.सं.७२५–७७५) निश्चित हुन आउँछ । यसै प्रसङ्गमा नेपालका लिच्छविराजा मानदेवको पालाको वि.सं. ५४६ को शीलवतीको अभिलेखको चर्चा गर्नु सान्दर्भिक हुन आउँछ । उक्त अभिलेख अनुसार राजा मानदेवका पालामा शकसंवत् ४११ ज्येष्ठ शुक्लत्रयोदशीका दिन महाप्रतिहार भीमगुप्तकी पत्नी शीलवतीले निरन्तर पुण्यवृद्धि होस् भन्ने इच्छाले भक्तिभावका साथ सबैले ढोगिएकी क्रमपरम्पराकी देवी शर्वाणीको स्थापना गरेको र देवीको कारणपूजाका लागि भूमिदान गरेको जानकारी प्राप्त हुन्छ ।[33] उक्त अभिलेख शाक्त परम्पराको सर्वप्राचीन अभिलेख मानिएको छ ।[34] यसवाट के सिद्ध हुन्छ भने त्यस समयमा नेपालमा पनि क्रमपरम्पराको मान्यता थियो र उक्त परम्परा प्रचलनमा थियो । अतः क्रमपरम्पराको वीज त्यसभन्दा पनि प्राचीन हुन सक्ने सम्भावना प्रस्ट हुन्छ । अझ क्रमदर्शनको महत्त्वपूर्ण रचना मानिएको चिद्गगनचन्द्रिका नामको काव्यमा यसका रचनाकार श्रीवत्सले पतञ्जलिलाई गुरुवन्दनाको क्रममा स्मरण गरेकाले यसको मूलधारा पतञ्जलिसम्म पुग्न सक्ने धारणा पनि व्यक्त भएको छ ।[35] जे होस् तान्त्रिक दर्शनको सम्पूर्ण रहस्य आफूभित्र समेटेर रहको क्रमदर्शन ज्यादै प्राचीन दर्शन हो र यसको रचनात्मक प्रवाह आठौं शताव्दीदेखि लगातार प्रवाहित भएको छ ।

क्रमदर्शनमा प्रतिपादित परमतत्त्व

क्रमदर्शनमा परम तत्त्वलाई कहीं परम शिव तथा कहीं काली वा कालसङ्कर्षिणीको संज्ञा दिइएको छ । चित्, आनन्द, इच्छा, ज्ञान र क्रियाको समष्टिस्वरूप स्वातन्त्र्यशक्तिको अधिष्ठानका रूपमा रहेको शक्तिमान् तत्त्वलाई प्रधान मान्ने आचार्यहरूले परम तत्त्वलाई परम शिवको संज्ञा दिएका छन् भने स्वातन्त्र्यशक्तिलाई प्रधान मान्ने आचार्यहरूले परम तत्त्वलाई संवित्, काली, कालसङ्कर्षिणी, विमर्शशक्ति आदि संज्ञा दिएका छन् । वस्तुतः शक्ति र शक्तिमान्का वीच अभिन्न सम्वन्ध रहेको हुन्छ । आगो र त्यसको पोल्ने शक्ति जसरी अभिन्न हुन्छन् त्यसरी नै स्वातन्त्र्यशक्तिको अधिष्ठानस्वरूप परम शिव र स्वातन्त्र्यशक्ति अभिन्न हुन्छन् । प्रकाशस्वरूप शिव र विमर्शस्वरूप शक्ति वस्तुतः एकै हुन्, शक्ति शिवमय छिन् भने शिव शक्तिमय छन् ।[36] चित्, आनन्द, इच्छा, ज्ञान र क्रियाशक्तिको समष्टिस्वरूप स्वातन्त्र्यशक्ति नै शिवदेखि लिएर पृथिवीसम्म छत्तीस तत्त्वसमूहका रूपमा उल्लसित हुन्छ त्यसैले त्यस्तो शक्तिले सम्पन्न परम शिवलाई यहाँ सैंतीसौं विश्वमय तत्त्वका रूपमा गणना गरिएको छ । सैंतीसौं विश्वमय तत्त्वको स्थिति पनि विकल्पभूमिमा मानिएकाले अठतीसौं तत्त्वका रूपमा निर्विकल्प विश्वोत्तीर्ण तत्त्व मानिएको छ[37] जहाँ विश्ववैचित्र्यरूप तरङ्गका रूपमा उल्लसित हुने स्वातन्त्र्यशक्ति पनि निस्तरङ्गभावले लय हुन्छ ।

क्रमदर्शन प्रतिपादित सृष्टिक्रम

विश्वोत्तीर्ण निर्विकल्पभूमिमा अवस्थित परम शिव जव विश्वमय विकल्पभूमिमा प्रवेशका लागि आफ्नो इच्छा, ज्ञान, क्रिया, स्मृति, अपोहन, सृष्टि, स्थिति, संहार, अनाख्या, भासा आदि अनन्त शक्तिहरूको अनुभव गर्दै आफूभित्र विद्यमान विश्ववैचित्र्यलाई वाहिर प्रकट गर्नका लागि उद्यमशील बन्दछ त्यस्तो उद्यमशील स्वभावलाई शिवतत्त्व भनेर जानिन्छ ।[38] आफ्नो इच्छा, ज्ञान र क्रियाशक्तिका माध्यमवाट आफूभित्र विद्यमान समस्त तत्त्वहरूलाई वाहिर प्रकट गर्नका लागि उन्मुख हुने अवस्थामा सोही शिवतत्त्वलाई शक्तितत्त्वका रूपमा व्यवहार गरिन्छ ।[39] आफ्नो शक्ति सम्पन्नताको अनुभूति हुनु शिव अवस्था हो भने तत्तत् शक्तिहरूको प्रकटीकरणको प्रारम्भिक अवस्था शक्तिदशा हो । ज्ञानशक्ति र क्रियाशक्तिमध्ये ज्ञानशक्तिको प्राचुर्य हुँदा आफूलाई विश्वप्रमाताका रूपमा अर्थात् म नै यो विश्व हुँ (अहमिदं)

---

33 दिवाकर आचार्य(वि.सं. २०५३), शीलवतीको अभिलेख र यसका विशिष्ट पक्ष, प्रज्ञा, पूर्णाङ्क ८३/क, वर्ष २६, ३९ पृष्ठ ।

34 पूर्ववत्, ४० पृष्ठ ।

35 स्थानेश्वर (वि.सं. २०४७), क्रम–विमर्श, अरुणोदय, संयुक्ताङ्क १–२, वर्ष २६, १६ पृष्ठ ।

36 त्वं यथा शिवमयी तथा शिवस्त्वन्मयो हि शि(वयोरभेदिनोः ।
तत्त्वमेकवहिर्मुखास्पदं यत्र भिन्न इव विश्वविक्रिया ॥
-कोमलवल्लीस्तव, महार्थमञ्जरी (परिमलव्याख्या)मा उद्धृत, ७२ पृष्ठ ।

37 षट्त्रिंशत्तत्त्वपर्यायस्तदभिन्नः परः शिवः ।
उपदेश्यतया सोऽपि स्यादवच्छेदभागतः ॥
अष्टात्रिंशं परं धाम यत्रेदं विश्वकं स्फुरेत् ।
-श्रीतन्त्रवटधानिका, महार्थमञ्जरी (परिमलव्याख्या)मा उद्धृत, ६७ पृष्ठ ।

38 विश्वविक्षोभात्मकानन्तवहिशक्तिचक्रवैचित्र्यी(
वजृम्भणाद्भुतोद्भावनप्रगल्भस्वात्मचैत-न्योद्यन्तृत(
ापरिस्पन्दसारः प्रमातृविशेषः शिवभट्टारक इति ।
-महार्थमञ्जरी (परिमलव्याख्या), ३८ पृष्ठ ।

39 स एव विश्वमेषितुं ज्ञातुं कर्तुं चोन्मुखो भवन् ।
शक्तिस्वभावः कथितो हृदयत्रिकोणमधुमांसलोल्लासः ॥
-महार्थमञ्जरी, १४ श्लोक ।

यस रूपमा ग्रहण गर्ने स्वभावलाई सदाशिवतत्त्व भनिन्छ ।[40] ज्ञानशक्ति र क्रियाशक्तिमध्ये क्रियाशक्तिको प्राचुर्य हुँदा आफूलाई विश्वको अनुसन्धाताको रूपमा अर्थात् यो विश्व नै म हुँ (इदमहम्) यस रूपमा ग्रहण गर्ने स्वभावलाई ईश्वरतत्त्व भनिन्छ । सदाशिव र ईश्वरतत्त्वका वीच के भिन्नता छ भने सदाशिवतत्त्वमा अहम्भावको प्राधान्य रहन्छ, त्यस अवस्थामा विश्व व्यक्ताव्यक्तमय रहेको हुन्छ, तर ईश्वर तत्त्वमा इदम्भावको प्राधान्य रहन्छ र यो विश्व म हुँ यस्तो वोध हुने भएकाले विश्व व्यक्ताकारमय भएको हुन्छ । अहम्(म) र इदम्(यो)का बीच अर्थात् ज्ञाता र ज्ञेयका वीच अभेद दृष्टि जगाई यो सवै विश्वप्रपञ्च म नै हो यस किसिमको शुद्ध विकल्पको उदय गराउने तत्त्वलाई शुद्धविद्या भनिन्छ । भेदभावमूलक मायीय विकल्पलाई शुद्ध विकल्पले नाश गर्ने भएकोले क्रमदर्शनमा शुद्ध विकल्पलाई उपादेय मानिन्छ । परमार्थतः ज्ञाता र ज्ञेयका वीच अभेद सम्वन्ध रहेको छ । ज्ञानस्वभाव परम तत्त्व नै तत्तत् रूपमा भित्रवाहिर प्रकाशित भइरहेको छ त्यसैले ज्ञानका अतिरिक्त अरू कसैको पनि सत्ता छैन, सम्पूर्ण जगत् ज्ञानरूप छ ।[41] यति हुँदाहुँदै पनि परमेश्वर यति स्वतन्त्र छन् कि उनी अभेदमा पनि भेदको सृष्टि गर्न समर्थ छन् । अभेदमा भेदको अवभासन गराउने परमेश्वरको मोहिनीशक्तिलाई माया भनिन्छ ।[42] परमेश्वरको त्यही स्वातन्त्र्यरूप मोहिनीशक्ति माया नै उसको आवरण हो जसले गर्दा सर्वज्ञ, सर्वकर्ता, व्यापक, परिपूर्ण शिव किञ्चिज्ज्ञ, किञ्चित्कर्ता, सीमित पशुप्रमाता वा पुरुषका रूपमा देखापर्दछ । सर्वकर्तृत्वशक्तिलाई सङ्कुचित वनाएर किञ्चित्कर्तृत्वका रूपमा कलन (सीमित) गर्ने मायाको आवरणशक्तिलाई कलातत्त्व भनिन्छ । त्यसै गरी सर्वज्ञत्वशक्तिलाई सङ्कुचित गर्ने आवरणशक्तिलाई अविद्या भनिन्छ । परिपूर्ण तृप्त निरभिलाष स्वरूपलाई सङ्कुचित वनाएर सीमित विषयभोगमा लगाउने तत्त्वलाई राग भनिन्छ । कालातीत नित्य स्वरूपलाई सङ्कुचित वनाएर उसलाई समयको सीमामा वाँध्ने तत्त्वलाई काल भनिन्छ । शुभ र अशुभ कर्मवासनाअनुरूप पाप र पुण्य भोगको चक्करमा लगाउने तत्त्वलाई नियति भनिन्छ । यसप्रकार परमेश्वर आफ्नै स्वातन्त्र्यशक्तिस्वरूप मायाका पाँच वटा आवरणशक्तिद्वारा स्वेच्छावश वाँधिएर विश्वरङ्गमञ्चमा किञ्चिज्ज्ञ, किञ्चित्कर्ताको भूमिका निर्वाह गर्दै तदनुरूप सीमित सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रहरूप पाँच वटा कृत्यहरू सम्पादन गर्दछ ।[43] परमेश्वरको त्यस्तो स्वरूपलाई पुरुषतत्त्व भनिन्छ ।[44] विश्वप्रपञ्चको विकासका क्रममा इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिलाई आफूभित्र अन्तर्लीन गरेर रहेको स्वातन्त्र्यशक्ति जव सङ्कुचित वन्न पुग्छ तव सङ्कुचित इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति सत्त्व, रज र तमोगुणका रूपमा तथा स्वयं सङ्कुचित स्वातन्त्र्यशक्ति सत्त्व, रज र तमोगुणको साम्यावस्थास्वरूप प्रकृति तत्त्वका रूपमा परिणत हुन पुग्छ ।[45] परमेश्वरको सङ्कुचित स्वरूप पुरुष हो भने स्वातन्त्र्यशक्तिको सङ्कुचित स्वरूप प्रकृति हो । प्राकृत सृष्टिका क्रममा जव प्रकृति सृष्टिका प्रति उन्मुख हुन्छ तव उसको साम्यावस्था भङ्ग हुन्छ । त्यस क्रममा सर्वप्रथम संवित् वा चितिशक्ति प्राणका रूपमा परिणत हुन्छ अनि पहिले अन्तःकरण (मन,वुद्धि र अहङ्कार) त्यसपछि ज्ञानेन्द्रिय र कर्मेन्द्रियको उत्पत्ति हुन्छ ।[46] मन, वुद्धि र अहङ्कारस्वरूप अन्तःकरण शिवस्वरूप चैतन्य महासिन्धुका महातरङ्ग हुन् भने ज्ञानेन्द्रिय तथा कर्मेन्द्रिय महातरङ्गका अनुतरङ्ग हुन् ।[47] अहङ्कार सात्त्विक, राजस र तामस भेदले तीन प्रकारको हुन्छ । सात्त्विक अहङ्कारवाट श्रोत्र, त्वक्, चक्षु, जिह्वा र घ्राणरूप पाँच वटा ज्ञानेन्द्रियको उत्पत्ति हुन्छ भने राजस अहङ्कारवाट वाक्, पाणि, पाद, पायु र उपस्थरूप पाँच वटा कर्मेन्द्रियको

40 अहन्तेदन्तालक्षणयोर्ज्ञानक्रिययोराद्योद्रेकादनुन्मी(
लतचित्रन्यायेनव्यक्ताव्यक्तमयविश्व-प्रमातृतास्वभावं
सदाशिवाख्यं तत्त्वम् ।
-महार्थमञ्जरी (परिमलव्याख्या), ४१ पृष्ठ ।

41 तत्तद्रूपतया ज्ञानं वहिरन्तः प्रकाशते ।
ज्ञानादृते नार्थसत्ता ज्ञानरूपं ततो जगत् ॥
-देविकाक्रम, महार्थमञ्जरी (परिमलव्याख्या)मा उद्धृत, ९ पृष्ठ ।

42 एकरसे स्वभावे उद्भावयन्ती विकल्पशिल्पानि ।
मायेति लोकपतेः परमस्वतन्त्रस्य मोहिनीशक्तिः ॥
-महार्थमञ्जरी, १७ श्लोक ।

43 जननशैशवयौवनवार्धकव्ययमयैरखिलैरपि सन्धिभिः ।
अभिनयन्नपि पौरुषनाटकं परिणतौ स शिवोऽस्मि महानटः ॥
-श्रीनैश्वासतन्त्र, महार्थमञ्जरी (परिमलव्याख्या)मा उद्धृत, ४९ पृष्ठ ।

44 य एष विश्वनाटकशैलुषः शुद्धसंविच्छम्भुः ।
वर्णकपरिग्रहमयी तस्य दशा कापि पुरुषो भवति ॥
-महार्थमञ्जरी, १९ श्लोक ।

45 ज्ञानक्रियामायानां गुणानां सत्त्वरजस्तमस्वभावा(
नाम् ।
अविभागावस्थायां तत्त्वं प्रकृतिरिति शाम्भवीशक्तिः ॥
-महार्थमञ्जरी, २० श्लोक ।

46 प्राक्संवित् प्राणे परिणता इति न्यायात् प्राणान(
न्तरमिन्द्रियाणि जातानि ।
तत्रापि पूर्वं मनोबुद्ध्यहङ्कारा अनन्तरं बहिष्करणानीत्येषः क्रमः ।
-चिद्गगनचन्द्रिका (क्रमप्रकाशिकाव्याख्या), १९९ पृष्ठ ।

47 महातरङ्गवदाचरन्ति त्रीणि करणानि प्रमातृस्वरूपस्य कर्तुः साधकतमानीन्द्रियाणि विद्यन्ते ।
...ज्ञानकर्मेन्द्रियाणि तु तरङ्गानुतरङ्गन्यायमनुवर्तन्त इत्यर्थः ।
-महार्थमञ्जरी (परिमलव्याख्या), ६१ पृष्ठ ।

उत्पत्ति हुन्छ । तामस अहङ्कारबाट शब्द, स्पर्श, रूप, रस र गन्धरूप पाँच वटा तन्मात्राको उत्पत्ति हुन्छ । शब्द तन्मात्राबाट आकाश, स्पर्श तन्मात्राबाट वायु, रूप तन्मात्राबाट तेज, रस तन्मात्राबाट जल र गन्ध तन्मात्राबाट पृथिवीको उत्पत्ति हुन्छ । यसप्रकार चित्, आनन्द, इच्छा, ज्ञान र क्रियाशक्तिको समष्टिस्वरूप स्वातन्त्र्यशक्ति नै जब आफूभित्र बीज रूपमा अवस्थित सम्पूर्ण विश्वप्रपञ्चलाई बाहिर प्रकट गर्नका लागि विश्वोत्तीर्ण–विश्वमय अवस्थामा झर्दछ, तब स्वातन्त्र्यशक्तिको त्यस स्वरूपलाई क्रमदर्शनमा व्योमवामेश्वरी संज्ञा दिइएको छ । त्यही व्योमवामेश्वरी शक्ति नै परिपूर्णतास्वरूप पतिभूमिकामा प्रवाहित हुँदा खेचरीशक्ति भनिन्छ। परमेश्वरको चितिशक्ति व्योमवामेश्वरी हो भने आनन्दशक्ति खेचरी हो । त्यही चितिशक्ति नै अन्तःकरणका रूपमा प्रवाहित हुँदा दिक्चरी भनिन्छ भने ज्ञानेन्द्रिय र कर्मेन्द्रियका रूपमा प्रवाहित हुँदा गोचरी र पञ्चमहाभूतस्वरूप प्रमेय वर्गका रूपमा प्रवाहित हुँदा भूचरी भनिन्छ ।[48] वाक्सृष्टिका क्रममा तिनै उपर्युक्त तिनै शक्तिहरू परा, सूक्ष्मा, पश्यन्ती, मध्यमा र वैखरीक्रमले वर्णहरूका रूपमा प्रवाहित भएका छन् ।[49] अतः नामरूपात्मक सम्पूर्ण जगत् शक्तिकै विलास हो भन्ने क्रमदर्शनको मान्यता रहेको छ ।

क्रमदर्शमा प्रतिपादित बन्धमोक्षव्यवस्था

क्रमदर्शनका अनुसार बन्धमोक्षव्यवस्था विकल्पव्यापारमा अडिएको छ। यहाँ विकल्पज्ञानरूप अपूर्ण ज्ञान नै बन्धन हो र त्यो नै संसारको कारण हो भने अपूर्ण ज्ञानको क्षय भई निर्विकल्प ज्ञानको उदय हुनु नै मोक्षको कारण हो ।[50] परमेश्वरको स्वातन्त्र्यशक्तिबाट समुल्लसित आफ्नो पूर्ण चैतन्यस्वरूपलाई ढाक्ने तथा आत्मा र अनात्मा (वस्तुतः चैतन्यस्वरूप आत्माका अतिरिक्त अन्य कसैको पनि सत्ता नरहेकाले अनात्मा भन्ने व्यवहार औपचारिक मात्रै हो)का बीच भेदबुद्धि राख्ने जुन अपूर्ण ज्ञान छ त्यसैलाई यहाँ बन्धनस्वरूप आणव मलको संज्ञा दिइएको छ र यो पौरुष अज्ञान एवं बौद्ध अज्ञान गरी दुई प्रकारको छ ।[51] नित्य, शुद्धबुद्ध, स्वप्रकाशरूप आत्मामा आत्मबोध नहुनु पौरुष अज्ञानको लक्षण हो । पौरुष अज्ञानरूप आवरणका कारण नै पशुदशामा प्राप्त पुरुषलाई आफ्नो परिपूर्ण स्वातन्त्र्य र शिवत्वको बोध हुँदैन । आत्मा र अनात्माका बीच भेदबुद्धि राख्ने अपूर्ण ज्ञानलाई बौद्ध अज्ञान भनिन्छ । बौद्ध अज्ञान भेदको विस्तारस्वरूप मायीय मलको कारण हो । बौद्ध अज्ञानका कारण नै पुरुषमा आफू र शिवमा भेद देख्ने मायीय मलको उदय हुन्छ । पौरुष र बौद्ध अज्ञानरूप आणव मलले ढाकिएपछि असीम, परिपूर्ण, व्यापक शिव जब ससीम, अपूर्ण र देश तथा कालद्वारा परिच्छिन्न भएर जीवभावमा प्राप्त हुन्छ तब ऊ आफूलाई शिवबाट भिन्न ठान्न थाल्छ । यही भिन्नभिन्न वेद्यको विस्तार नै मायीय मल हो ।[52] आफूलाई शिवबाट भिन्न ठान्न थालेपछि ऊ मायासहित मायाका पाँच वटा कञ्चुक (चोलो) रूप कला, अविद्या, राग, काल र नियतिले ढाकिन्छ । त्यसैको फलस्वरूप उसको पूर्ण कर्तृत्व र ज्ञातृत्व सीमित बन्न पुग्छ, ऊ निरभिलाष परिपूर्ण तृप्त स्वरूपलाई छोडेर सीमित विषयवासनाप्रति भोगको अभिलाषा राख्ने बन्न पुग्छ र शुभ एवं अशुभ कर्मले दिने नियत फल भोग्न विवश हुँदै सीमित भोक्तृत्वले युक्त पशुभावमा प्राप्त हुन्छ । त्यसपछि धर्म तथा अधर्मरूप कर्मको वशीभूत भएर सुख र दुःखलाई झेल्दै कर्मबन्धनमा फस्दछ । सोही सुख र दुःखले युक्त पुण्य एवं अपुण्य वासनात्मक कर्म नै शरीर, विषय र इन्द्रियको कारण भएकाले[53] कर्मबाट जन्मिएको बन्धनलाई कार्म मल भनिएको हो । अपूर्ण ज्ञान जन्ममरणरूप संसारको मूल कारण हो भने उक्त अपूर्ण ज्ञानको विरोधी तत्त्वज्ञान संसारको प्रतिपक्षरूप मोक्षको एकमात्र कारण हो भन्ने कुरा माथि उल्लेख भइ सकेको छ। अपूर्ण अज्ञान पौरुष र बौद्ध भेदले दुई प्रकारको भएझैं पूर्ण ज्ञान पनि पौरुष र बौद्ध भेदले दुई प्रकारको रहेको छ ।[54] बाह्य इन्द्रिय तथा अन्तःकरणको निरपेक्षतामा आत्मा र चैतन्यशक्तिको नित्य सम्बन्धबाट उत्पन्न हुने निर्विकल्प ज्ञानलाई पौरुष ज्ञान भनिन्छ। पशुसंस्कार क्षीण भएपछि परमेश्वरसँग परम तादात्म्यप्राप्तिको अवस्थामा सम्पूर्ण विश्वब्रह्माण्ड र यावत् पदार्थमा निर्विकल्प भावले पूर्णतया आफ्नोपनको बोध हुनु नै पौरुष ज्ञानको लक्षण हो ।[55] गुरुबाट दीक्षा प्राप्त गरेर वेद तथा तन्त्र, आगम

48 चिद्गगनचन्द्रिका (क्रमप्रकाशिकाव्याख्या), २८–२९ पृष्ठ ।

49 एता एव चिदानन्देच्छाज्ञानक्रियाख्याः शक्तयः परा
सूक्ष्मा पश्यन्ती मध्यमा वैखरीति वाग्रूपाश्चानुभूयन्ते ।
–महार्थमञ्जरी (परिमलव्याख्या), ८६ पृष्ठ ।

50 इह तावत्समस्तेषु शास्त्रेषु परिगीयते ।
अज्ञानं संसृतेर्हेतुर्ज्ञानं मोक्षैककारणम् ॥
–श्रीतन्त्रालोक, १ आह्निक, २२ श्लोक ।

51 स्वातन्त्र्यहानिर्बोधस्य स्वातन्त्र्यस्याप्यबोधता ।
द्विधाणवं मलमिदं स्वस्वरूपापहानितः ॥
–श्रीतन्त्रालोक (जयरथकृतविवेकव्याख्या), १ आह्निकमा उद्धृत, ४५ पृष्ठ ।

52 भिन्नवेद्यप्रथात्रैव मायाख्यम् ।
–श्रीतन्त्रालोक (जयरथकृतविवेकव्याख्या), १ आह्निकमा उद्धृत, ४६ पृष्ठ ।

53 कर्मतश्च शरीराणि विषया इन्द्रियाणि च ।
–ईश्वरप्रत्यभिज्ञाविवृत्तिविमर्शिनी, आगमाधिकार, २ आह्निक, २२८ पृष्ठ ।

54 ज्ञानाज्ञानस्वरूपं यदुक्तं प्रत्येकमप्यदः ।
द्विधापौरुषबौद्धत्वभिदोक्तं शिवशासने ॥
–श्रीतन्त्रालोक, १ आह्निक, ३६ श्लोक ।

55 क्षीणे तु पशुसंस्कारे पुंसः प्राप्तपरस्थितेः ।
विकस्वरं तद्विज्ञानं पौरुषं निर्विकल्पकम् ॥
–पूर्ववत्, ४१ श्लोक ।

आदि शास्त्रहरूको श्रवण, अध्ययन, जप, याग आदिको अधिकार प्राप्त भएपछि तिनै शास्त्रहरूको अध्ययन, मनन, निदिध्यासनपछि निश्चयात्मक वौद्ध ज्ञानको उदय हुन्छ । त्यसपछि मात्रै पौरुष ज्ञानको उदयका लागि बाटो खुल्दछ । आत्मा र अनात्माका बीच कुनै भिन्नता नरहेको निश्चयात्मक शुद्ध विकल्पस्वरूप ज्ञानलाई बौद्ध ज्ञान भनिन्छ । जब शुद्ध विकल्पस्वरूप बौद्ध ज्ञानको उदय भई आफू र जगत्‌लाई परम चैतन्य शिवदेखि भिन्न ठान्ने बौद्ध अज्ञानको विस्तार समाप्त हुन्छ तव जीवन्मुक्ति हातैमा आउँछ[56] । देह इन्द्रिय आदि विद्यमान रहेको अवस्थामा पनि परम चैतन्यका साथ आफ्नो एकात्मकताको दृढ परामर्श भई चिदानन्दको अभिव्यक्ति भएको अवस्थालाई जीवन्मुक्ति भनिन्छ । यस्तो अवस्थामा आरुढ व्यक्तिले यसै जीवनमा भोग र मोक्ष दुवैको आस्वादन गर्न सक्छ । यस्तो स्थितिमा भोग पनि मोक्षस्वरूप र मोक्ष पनि भोगस्वरूप प्रतीत हुन्छ । वास्तवमा भोग र मोक्षको सामरस्यावस्था नै जीवन्मुक्तिको अवस्था हो र भोग एवं मोक्षलाई भिन्न नठान्नु नै क्रमदर्शनको विशेषता हो ।[57] भोगका माध्यमवाट पनि सम्पूर्ण चराचर जगत्‌लाई आफ्नै स्वरूप ठान्ने विश्वाहन्तास्वरूप मोक्षको अभिव्यक्ति सम्भव छ भन्ने यस दर्शनको मान्यता रहेको छ । त्यसैले यस दर्शनमा अरूहरूले क्लेशस्वरूप मानेको संसारलाई पनि अतिशय सुखस्वरूप मानिएको छ । यस दर्शनमा दुःखलाई पनि सुखका रूपमा हेर्न सकिन्छ, विषलाई पनि अमृत वनाउन सकिन्छ, अरूहरूले हेय मानेको संसारलाई पनि मोक्षका रूपमा उपादेयस्वरूप आस्वाद्य वनाउन सकिन्छ भन्ने मान्यता रहेको छ ।[58] वास्तवमा मोक्ष भनेको अर्को कुनै वस्तु होइन, त्यो त आफ्नो वास्तविक स्वरूपको वोध मात्रै हो र आफ्नो वास्तविक स्वरूप भनेको संवित् वा चेतना हो[59] त्यसैले आफूलाई चैतन्यस्वरूप वोध गर्नु र सम्पूर्ण नामरूपात्मक जगत्‌मा चैतन्यको विस्तारको अनुभव गर्दै विश्वलाई आफ्नो विभवका रूपमा अकृत्रिम भावले वोध गर्नु र उक्त वोधको फलस्वरूप उत्पन्न हुने आनन्दमा निमग्न हुनु नै मोक्ष हो ।

क्रमदर्शनमा प्रतिपादित मोक्षको उपाय

आफ्नो स्वाभाविक चैतन्य स्वरूपको अभिव्यक्तिस्वरूप मोक्षप्राप्तिका लागि अद्वैत शैवदर्शनमा आणव, शाक्त र शाम्भव गरी तीन वटा उपायको वर्णन गरिएको पाइन्छ । तीमध्ये उच्चार (प्राणका प्राण अपान आदि पाँचवटा वृत्तिहरू), करण (इन्द्रिय), ध्यान, वर्ण, स्थान आदि वाह्य साधनलाई विकल्पसंस्कारको उपायका रूपमा अवलम्वन गरिन्छ भने त्यसलाई आणव उपाय भनिन्छ ।[60] त्यसै गरी उच्चार आदि वाह्य साधनलाई विकल्प संस्कारको उपायका रूपमा साक्षात् अवलम्वन नगरी केवल मनले चिन्तन गर्दै भेदरूप विकल्पलाई अभेदरूप निर्विकल्पमा पर्यवसान गरिन्छ भने त्यस्तो उपायलाई शाक्त उपाय भनिन्छ ।[61] गुरुले तिमी परम चैतन्यस्वरूप शिव हौ भनेर सम्झाएकै भरमा कुनै पनि कुराको चिन्तन नगरी निर्विकल्प परम चैतन्यमा आवेश हुन्छ भने त्यस्तो उपायलाई शाम्भव उपाय भनिन्छ ।[62] विकल्पहरूको शोधन गरी शुद्ध विकल्पको माध्यमवाट निर्विकल्प परम शिवसम्म पुग्ने शाक्त उपायमा आधारित परम्परा नै क्रमपरम्परा हो । अतः क्रमदर्शनको सन्दर्भमा शाक्त उपायलाई आफ्नो स्वाभाविक चैतन्यको अभिव्यक्तिस्वरूप मोक्षप्राप्तिको उपायका रूपमा यहाँ चर्चा गरिन्छ । माथि उल्लेख गरिएका त्रिविध उपायहरूमध्ये आणव उपाय भेद उपाय हो भने शाक्त उपाय भेदाभेद उपाय हो र शाम्भव उपायचाहिँ अभेद उपाय हो । केवल मानसिक चिन्तनका माध्यमवाट विकल्परूप भेदलाई उदात्तीकरणको प्रक्रियाद्वारा निर्विकल्परूप अभेदमा पर्यवसान गरिने भएकाले शाक्त उपायलाई भेदाभेद उपाय भनिएको हो । विकल्पको क्रमवद्ध संस्कारवाट अक्रम वा क्रमातीत परम चैतन्यको साक्षात्कार गरिने भएकाले क्रममुक्तिको भावना क्रमदर्शनको वैशिष्ट्य रहेको देखिन्छ। आचार्य अभिनवगुप्तले शाक्त उपायलाई विकल्पसंस्कार, तर्कतत्त्व, गुरुतत्त्व, योगाङ्गहरूको अनुपयोगिता, कल्पित पूजा आदिको अनादर, संवित्‌चक्रको उदय, मन्त्रवीर्य, वास्तविक जप, याग आदि र विधिनिषेधतुल्यतारूप विविध उपायहरूको समूहका रूपमा उल्लेख गरेका छन् । वास्तवमा शाक्त उपाय नै तान्त्रिक दर्शन अनुकूल आत्मसाक्षात्कारको मुख्य उपाय हो । परम चैतन्यस्वरूप परमेश्वर नै स्वेच्छाले आफ्नो सर्वज्ञत्व र सर्वकर्तृत्वलाई आवृत गर्दै ग्राह्यग्राहकरूप भेदका रूपमा अवभासित भई

---

56 वौद्धज्ञानेन तु यदा वौद्धमज्ञानजृम्भितम् ।
विलीयते तदा जीवन्मुक्तिः करतले स्थिता ॥
–पूर्ववत्, ४४ श्लोक ।

57 भुक्तिर्वाप्यथ मुक्तिश्च नान्यत्रैकपदार्थतः ।
भुक्तिमुक्ती उभे देवि विशेषे परिकीर्तिते ॥
–महार्थमञ्जरी (परिमलव्याख्या), १३२ पृष्ठ ।

58 दुःखान्यपि सुखायन्ते विषमप्यमृतायते ।
मोक्षायते च संसारो यत्र मार्गः स शाङ्करः ॥
–महार्थमञ्जरी (परिमलव्याख्या), १६३ पृष्ठ ।

59 मोक्षो हि नाम नैवान्यः स्वरूपप्रथनं हि सः ।
स्वरूपं चात्मनः संविन्नान्यत्तत्र तु या पुनः ॥
–श्रीतन्त्रालोक, १ आह्निक, १५६ श्लोक ।

60 उच्चारकरणध्यानवर्णस्थानप्रकल्पनैः ।
यो भवेत्स समावेशः सम्यगाणव उच्यते ॥
-पूर्ववत्, १७० श्लोक ।

61 उच्चाररहितं वस्तु चेतसैव विचिन्तयन् ।
यं समावेशमाप्नोति शाक्तः सोऽत्राभिधीयते ॥
-पूर्ववत्, १६९ श्लोक ।

62 अकिञ्चिच्चिन्तकस्यैव गुरुणा प्रतिवोधतः ।
उत्पद्यते य आवेशः शाम्भवोऽसावुदीरितः ॥
-पूर्ववत्, १६८ श्लोक ।

रहेको छ त्यसैले संवित्स्वभाववाला जुन भैरवीय तेज छ त्यो नै म हुँ भन्ने कुराको वारम्वार चिन्तन गर्नाले स्वात्मबोध जागृत हुन्छ ।[63] इदम् (आफूदेखि भिन्न यो)का रूपमा अवभासित विश्वलाई अहम् (आफूदेखि अभिन्न म) का रूपमा साक्षात्कार गर्नु विकल्पसंस्कारको अन्तिम लक्ष्य हो । त्यसैले सम्पूर्ण चराचर जगत्लाई आफ्नै चैतन्यको विस्तारका रूपमा सम्पूर्ण विश्व नै म हुँ भन्ने कुरा वारम्वार चिन्तन गर्दै जाँदा वौद्ध (बुद्धिगत) अज्ञानजन्य भेदप्रथाको परिहार भई शुद्ध संवित् मात्रको आभास हुन्छ । यही प्रक्रियालाई विकल्पसंस्कार भनिन्छ । सम्पूर्ण विश्व नै म हुँ भनेर गरिने निरन्तर चिन्तन नै इदम् र अहम्का वीच अभेदवोधको कारण वन्न पुग्ने भएकोले त्यस्तो चिन्तन वा भावनालाई शुद्धविद्यारूप सत्तर्क भनिन्छ र त्यही शुद्धविद्यारूप सत्तर्क[64] वा स्फुट विकल्पले भेदको कारणस्वरूप मायीय विकल्पलाई नाश गर्दछ ।[65] योगका यम, नियम, आसन आदि अङ्गहरूमा पूर्वपूर्व अङ्गहरू परपर अङ्गका उपाय हुन्भने अन्तिम अङ्ग समाधि तर्कको उपाय हो[66] र तर्कचाहिँ आफ्नो संवित् साक्षात्कारको उपाय हो[67] त्यसैले क्रमपरम्परामा तर्कलाई योगको उत्तम अङ्ग मानिएको छ र अन्य अङ्गहरू संवित्को साक्षात्कारमा अनुपयोगी रहेको वताइएको छ ।[68] क्रमसाधनामा वाह्य जगत्का रूपमा उल्लसित संवित् वा चेतनालाई अग्निका रूपमा कल्पना गरी सो अग्निमा भेदका रूपमा अवभासित विश्व दग्ध भएको वा संवित्का साथ एकाकार भएको चिन्तन गर्दै अपरिमित प्रमातारूप परम तत्त्व जसलाई यहाँ शुभ्र भस्मको रूपक प्रदान गरिएको छ त्यसमा आफ्नो देहरूप परिमित प्रमातालाई डुवाउनु वा परम तत्त्वका साथ आफूलाई एकाकार गराउनुलाई नै वास्तविक स्नान मानिएको छ न कि वाह्य जलस्नान[69] । सम्पूर्ण जगत् चेतनाकै वाह्य उल्लास मात्र हो त्यसैले जगत् चेतनाभन्दा अतिरिक्त वस्तु होइन । अतः विश्वलाई शिवदेखि भिन्न देख्ने विपरीत वुद्धिलाई नै यहाँ अशुद्धि मानिएको छ भने त्यस्तो विपरीत बुद्धिलाई हटाउनुलाई नै शुद्धि मानिएको छ[70] । रूप, रस, गन्ध आदि भिन्नभिन्न भावसमूहलाई देश तथा काल आदिवाट अनवच्छिन्न पूर्ण चैतन्यमा एकाकार गराउनु नै वास्तविक पूजा हो । निर्विकल्प निरावरणरूप परम चैतन्यमा दृढ एकात्मकतालाई नै यहाँ वास्तविक पूजा मानिएको छ न कि वाह्य पुष्प आदिद्वारा गरिने पूजा ।[71] त्यसैले क्रमसाधनामा वाह्य स्नान, पूजा आदिलाई अनादर गर्दै पूर्ण संवित्का साथ आफूलाई एकाकार गर्ने र नामरूपात्मक वाह्य जगत्मा अहम्परामर्शको विस्तार गर्ने कुरामा जोड दिइएको छ । अहम्परामर्शस्वरूप संवित् नै आफ्नो स्वातन्त्र्यका कारणभित्र, वाहिर तथा भित्रवाहिर दुवै रूपमा विद्यमान छ । सो अहम्परामर्शस्वरूप संवित् सृष्टि, स्थिति, संहार र अनाख्यारूप चार प्रकारको भेदलाई आश्रय लिएर प्रमाता, प्रमाण र प्रमेयमा वारह प्रकारले सर्वदा आभासित हुन्छ ।[72] यसरी वारह प्रकारले आभासित हुने संवित्लाई नै क्रमदर्शनमा द्वादशकालीको संज्ञा दिइएको छ[73] । वास्तवमा यी द्वादशकालीलाई व्यक्ति प्रमाताको सन्दर्भमा विचारको आन्तरिक क्रिया वा इन्द्रियवृत्तिका रूपमा ग्रहण गरिएको छ र साधकमा निर्विकल्प चित् या शुद्धवोधको उदय यिनै इन्द्रियवृत्तिरूप शक्तिवाट सम्भव हुन्छ भन्ने मानिएको छ । यसप्रकार एउटै परासंवित् सृष्टिदशामा इन्द्रियका माध्यमवाट एकैपटक वाहिर

---

63 अतश्च भैरवीयं यत्तेजः संवित्स्वभावकम् ।
भूयो भूयो विमृशतां जायते तत्स्फुटात्मता ॥
-पूर्ववत्, ४ आह्निक, ७ श्लोक ।

64 सत्तर्कः शुद्धविद्यैव सा चेच्छा परमेशितुः ।
-पूर्ववत्, ३४(ख) श्लोक ।

65 इदं विकल्पनं शुद्धविद्यारूपं स्फुटात्मकम् ।
प्रतिहन्तीह मायीयं विकल्पं भेदभावकम् ॥
-पूर्ववत्, ११३ श्लोक ।

66 योगाङ्गता यमादेस्तु समाध्यन्तस्य वर्ण्यते ।
स्वपूर्वपूर्वोपायत्वादन्त्यतर्कोपयोगतः ॥
-पूर्ववत्, ९६ श्लोक ।

67 ... इति सर्वत्र तर्कस्यैवाङ्गान्तराण्युपायः, स च स्वसंवित्साक्षात्कारस्येति ।
-पूर्ववत्, जयरथकृतविवेकव्याख्या, ४आह्निक, ७३ पृष्ठ ।

68 पूर्ववत्, ६५-७२ पृष्ठ ।

69 उल्लसितवोधहुतभुग्दग्धविश्वेन्धनोदिते ।
सितभस्मनि देहस्य मज्जनं स्नानमुच्यते ॥
-पूर्ववत्, ११६ श्लोक ।

70 शिवात्मकेष्वप्येतेषु बुद्धिर्या व्यतिरेकिणी ।
सैवाशुद्धिः पराख्याता शुद्धिस्तद्धीविमर्दनम् ॥
-पूर्ववत्, ११८ श्लोक ।

71 पूजा नाम न पुष्पाद्यैर्या मतिः क्रियते दृढा ।
निर्विकल्पे महाव्योम्नि सा पूजा ह्यादराल्लयः ॥
-पूर्ववत्, जयरथकृतविवेकव्याख्यामा उद्धृत, ८७ पृष्ठ ।

72 सापारमार्थिकी संवित् सृष्टिस्थितिसंहारानाख्यात्वेन चतुर्विधं रूपमाश्रित्य प्रमातरि प्रमाणे प्रमेये च सर्वदा भाति अविच्छिन्नत्वेन एकैकत्र चातुरात्म्ये द्वादशधा प्रस्फुरति ।
-पूर्ववत्, ९० पृष्ठ ।

73 एता एव द्वादशभिः संविदः क्रमदर्शनादौ अन्वर्थेनापि अभिधानेन दर्शिताः... कलयन्ति परामृशन्ति, क्षिपन्ति, विसृजन्ति, संहरन्ति च गणयन्ति जानते चेति काल्यः, ता एव कालिकाः ।
-पूर्ववत्, ३ आह्निक, ४७८-४७९ पृष्ठ ।

प्रसारित हुन्छ भने संहारदशामा इन्द्रियका माध्यमवाट वाहिर प्रसारित संवित् अन्तर्भिमुख हुन्छ । यही प्रक्रियालाई क्रमदर्शनमा संवित्चक्रोदय वा शक्तिचक्रविकास नामक पारिभाषिक संज्ञा दिइएको छ । जव साधकमा परासंवित्को यस किसिमको स्फुरणको वोध हुन्छ र सो संवित्का साथ आफ्नो एकात्मकताको दृढ परामर्श हुन्छ तव स्वाभाविक अहम्परामर्शमा विश्रान्त त्यस्तो साधकको श्वासप्रश्वास वा विचार नै जप मानिन्छ ।[74] परम चैतन्यको साक्षात्कारमा प्रवीण त्यस्तो साधकको शरीरको जुनसुकै स्थिति चितिशक्तिको प्रतिकृतिरूप मुद्रा मानिन्छ ।[75] जसरी ऐनाको अगाडि उभिँदा देखिने आफ्नो प्रतिविम्वलाई यो मेरो नै अनुहार हो भन्ने निश्चय भएपछि विम्व र प्रतिविम्वका बीच अभिन्नताको वोध हुन्छ त्यसरी नै पूजा, स्नान, ध्यान, होम आदि विकल्परूप ऐनामा आफूलाई भैरव वा परम चैतन्यका रूपमा वारंवार भावना गर्नाले चाँडै नै उक्त भैरवीय चैतन्यका साथ एकात्मकताको वोध हुन्छ । त्यसैले आफूदेखि भिन्नझैं प्रतीत भइरहेको विश्वलाई आफ्नो स्वातन्त्र्यरूप संवित् वा चेतनाको वाह्य उल्लासमात्र सम्झँदै समग्र विश्वलाई आफ्नो रूपमा वोध गरी स्वात्मसाक्षात्काररूप परम आनन्दमा निमग्न हुनु नै मोक्ष हो ।

उपसंहार

अद्वैत शैवदर्शनका रूपमा प्रसिद्ध विभिन्न दार्शनिक परम्पराहरूमध्ये ज्यादै प्राचीन मानिएको क्रमदर्शन रचनात्मक प्रवाहका दृष्टिले आठौं शताब्दीदेखि पन्ध्रौं शताब्दीसम्म लगातार र तीन सय वर्षको अन्तरालपछि अठारौं शताब्दीमा पुनरुज्जीवित भई हालसम्म पनि अक्षुण्ण रहेको दार्शनिक परम्परा हो । साधनापरम्पराका दृष्टिले हेर्ने हो भने क्रमधाराको अस्तित्व पाँचौं शताब्दीदेखि नै देखापर्छ। लिच्छवि राजा मानदेवको पालामा कुँदिएको वि.सं. ५४६ को शीलवतीको अभिलेख त्यसको साक्ष्यका रूपमा रहेको छ । परासंवित् वा परम चैतन्यलाई यस दर्शनमा परम तत्त्व मानिएको छ र त्यसलाई कालसङ्कर्षिणीको संज्ञा दिइएको छ । सोही परासंवित् नै विश्ववैचित्र्यका रूपमा स्फुरण भइरहेको छ त्यसैले भेदका रूपमा अवभासित समग्र विकल्पहरूमा एउटै चैतन्यधाराको वोध गर्दै उक्त परम चैतन्यसँग आफूलाई एकाकार गराउनु नै यस दर्शनको मुख्य प्रतिपाद्य रहेको छ ।

सन्दर्भग्रन्थसूची

कण्डेल, भीमप्रसाद (सम्पा.) (वि.सं.२०७०), प्रत्यभिज्ञाहृदय, श्रीमती अरुणा शर्मा अधिकारी ।

कौल, मधुसूदन (सम्पा.) (ई.सं. १९२१), श्रीमालिनीविजयवार्तिक, काश्मीर संस्कृत ग्रन्थमाला, श्रीनगर ।

कौल, मधुसूदन (सम्पा.) (ई.सं. १९२३), वातुलनाथसूत्र (अनन्तशक्तिपादकृतवृत्ति) काश्मीर संस्कृत ग्रन्थमाला, श्रीनगर ।

कौल, मधुसूदन (सम्पा.) (ई.सं. १९२५), स्पन्दकारिका (क्षेमराजकृतनिर्णयव्याख्या), काश्मीर संस्कृत ग्रन्थमाला, श्रीनगर ।

कौल, मधुसूदन (सम्पा.) (ई.सं. १९२८), ईश्वरप्रत्यभिज्ञाविवृत्तिविमर्शिनी, बुटाला एण्ड कम्पनी, दिल्ली ।

चतुर्वेदी, राधेश्याम (सम्पा.) (ई.सं.२००२), श्रीतन्त्रालोक (जयरथकृतविवेकव्याख्या), चौखम्वा विद्याभवन, वाराणसी ।

द्विवेदः, व्रजवल्लभः (सम्पा.) (ई.सं. १९७२), महार्थमञ्जरी (परिमलव्याख्या), वाराणसेय संस्कृत विश्वविद्यालय, वाराणसी ।

मिश्र, रघुनाथ (सम्पा.) (ई.सं. १९७९), चिद्गगनचन्द्रिका (क्रमप्रकाशिकाव्याख्या), सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी ।

मिश्र, श्रीनारायण (सम्पा.) (ई.सं. १९९८), पातञ्जलयोगसूत्र (व्यासभाष्य), भारतीय विद्याप्रकाशन, दिल्ली ।

रस्तोगी, नवजीवन (ई.सं. २०११), काश्मीर की शैवसंस्कृति मे कुल और क्रम मत, डी.के. प्रिन्टवर्ल्ड (प्रा.) लि., दिल्ली ।

राजानक लक्ष्मण (सम्पा.) (ई.सं. १९६४), शिवस्तोत्रावली (क्षेमराजकृतवृत्ति), चौखम्वा विद्याभवन, वाराणसी ।

लामिछाने, माधवप्रसाद (सम्पा.) (वि.सं. २०७१), कामकलाविलास (श्रीविद्याप्रकाश तथा गार्ग्यायणीव्याख्या), जयतु संस्कृतम्, काठमाडौं ।

लामिछाने, माधवप्रसाद (सम्पा.) (वि.सं. २०७४), कालिकाकुलपञ्चशतक, नेपाल प्रज्ञा–प्रतिष्ठान, काठमाडौं ।

शास्त्री, मुकुन्दराम (सम्पा.) (ई.सं.१९१८), महानयप्रकाश, काश्मीर संस्कृत ग्रन्थमाला, श्रीनगर ।

शास्त्री, के. साम्वशिव (सम्पा.) (ई.सं. १९३७), महानयप्रकाश, अनन्तशयन संस्कृत ग्रन्थावली, त्रिवेन्द्रम् ।

लेखहरू

आचार्य, दिवाकर (वि.सं. २०५३), शीलवतीको अभिलेख र यसका विशिष्ट पक्ष, प्रज्ञा, पूर्णाङ्क ८३/क वर्ष २६, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, काठमाडौं ।

स्थानेश्वर (वि.सं. २०४७), क्रम–विमर्श, अरुणोदय, संयुक्ताङ्क १–२, वर्ष २६, संस्कृत छात्रावास, काठमाडौं ।

---

74 अकृत्रिमैतद्धृदयारूढो यत्किञ्चिदाचरेत् ।
प्राण्याद्वा मृशते वापि स सर्वोऽस्य जपो मतः ॥
-श्रीतन्त्रालोक, ४ आह्निक १९४ श्लोक ।

75 कुले योगिन उद्रिक्तभैरवीयपरासवात् ।
घूर्णितस्य स्थितिर्देहे मुद्रा या काचिदेव सा ॥
-पूर्ववत्, २०० श्लोक ।

राजनीतिक निकासका लागि कठिन अवस्था

✍ मिश्रा देवी कार्की

अहिले देश साँच्चिकै कठिन मोडमा आइपुगेको छ र जसलाई हामीले नेता भनी देश जिम्मा लगाएका थियौं । तिनीहरू नै यो देशको सङ्कटका कारण भएका छन् । स्थिति यस्तो मोडमा ल्याएको छ कि जुन मोडमा नेपाली जनताले हात उठाए भने मुलुक गृह युद्ध र विभाजनमा जाने सङ्केत निश्चित छ । प्रत्येक नेपाली जनताले आज आफ्नो दायित्व राम्ररी बुझेर आफूलाई मुलुकको अभिभावक ठान्नु पर्ने अवस्था श्रृजना भएको छ । म सम्पूर्ण नेपाली जनताहरूलाई यो देशमा शान्ति सुरक्षासँगैं राजनीतिलाई दरिलो बनाउदै प्रत्येक जनताको घरमा खुशी ल्याउन सफलता मिलोस् भनी शुभकामना दिन चाहन्छु । मलाई विश्वास छ यो देशलाई अब फेरि स्थिर मजवुत र सुरक्षित बनाउन कसैले सक्छ भने त्यो नेपाली जनताले नै सक्छन् । बाँकीको हातवाट अब नियन्त्रणको डोरी छुटी वाहिर फुस्की सकेको देखिन्छ ।

आजको यो तनाव जातीय ,क्षेत्रीय, भौगोलिक, झगडा एकै दिनमा आएको होइन । २०५२ देखि २०६२ दश वर्षे द्वन्द्वसँगै २०६२/२०६३ को जनआन्दोलन पश्चात जुन जातीयता, क्षेत्रीयता र भौगोलिक विभाजनको कुराअगाडि आयो, जसरी यी विभाजनहरूले देशवासीलाई धनी, समृद्ध र सुखी वनाउँछ भनी जनतालाई भ्रम सृजना गर्ने काम भयो त्यसले नै आजको यो सङ्कटको स्थिति निम्त्याएको हो । सयौं वर्षदेखि शान्ति सुरक्षा र सार्वभौम रहँदै आएको नेपाल आज यिनै कारणले द्वन्द्वको भुमरीमा पर्‍यो, यो पर्नुमा नेपाली जनता दोषी होइनन् राजनैतिक कर्मीहरू नै बढी जिम्मेवार छन् ।

नेपालमा सङ्घीयता, जातीयता, धर्ममाथिको परिवर्तन ल्याउन आखिर कसको भूमिका थियो ? के ती नेता वा राजनैतिक दलहरूले यी कुरा उठाए पछि त्यसवाट उब्जने विसम परिस्थिति र नेपालीनेपाली विच उत्पन्न हुने द्वन्द्वका वारेमा बुझेका थिए वा केवल आफू र आफना पार्टीलाई अघिको व्यवस्थाभन्दा फरक देखाउन र आफु अग्रपङ्क्तिमा रहन यो दुस्साहास गरेका थिए ? यो कुरो आज अलिकति त सवैले बुझी सक्नु भएको छ भने अझै विस्तृत रूपमा भविष्यले वताउला । यसको जवाफ गर्भमै रहेको छ र एकदिन यो कुराको जवाफ मिल्ला । देशमा गणतन्त्र आएपछि नेपालीहरूको जीवनमाथि उठ्नेछ, त्यसपछि सङ्घीयता आएपछि त विकासको ढोका खुल्नेछ , अझ संविधान नै जारी भएपछि त मुलुकले काँचुली नै फेर्नेछ भन्ने नेताहरूको भनाइ साँचो देखिएन बरु यी कामहरू भइ सक्दा झन् नयाँनयाँ समस्या नेताहरू कै कारण अगाडि आएका छन् । अब चिन्ताको कुरा यो छ कि जसले समस्या जन्माएका थिए ती अव जन्मेको समस्या समाधान गर्न सक्ने अवस्थामा छैनन् । ती आफैं देशभित्रका भूभागमा गएर वोल्न सक्ने अवस्थामा पनि छैनन् । उनीहरू पदमा भए पनि देश उनीहरूको नियन्त्रणमा छैन । तराईको आन्दोलन सुरु भएपछि भारतद्वारा नाकावन्दी लगाउने हल्लाले पछि त देशवासी विचमै द्वन्द्वका स्थिति श्रृजना हुने अवस्था आएको थियो । अत: यस समयमा पनि नेपाली जनताले प्रत्येक घटनातर्फ सुक्ष्म विश्लेषण गरी अघि वढ्नु पर्ने अवस्था थियो । त्यस बेलामा कुन नेताले कसरी आफूलाई प्रस्तुत गर्न सफल भएका थिए भनेर पनि हामी माझ छर्लङ्ग छ ।

अव नेताहरू फेसबुक ट्रियुटरवाट चिनिने व्यक्तिभन्दा पनि सडक, गाउँ र द्वन्द्व स्थलमा डटेका देखिने व्यक्ति जनता हुन आवश्यक छ । मलाई याद छ २०५२ देखि २०६२को द्वन्द्व कालमा भएको वमकाण्ड, विद्युतीय धराप, अपहरणजस्ता घटनाहरू । जुन विद्यमान समयमा देशमा भएको शासन विरुद्ध यस्ता खालका गतिविधि भएका थिए । जहाँ परिवर्तन नारा घन्किन्थ्ये । त्यतिवेला ममाथि त्यसको झिल्को परिसकेको थियो । मेरो आधा शरीर डढी सकेको थियो । हिजो झिल्को छोडेर डढाउन सफल भएकाहरू नै आज सरकारमा रहेर अधिकार जमाएर डढेका जनतालाई विभिन्न तरीकाले डढाउन वाहना वाजी गरिरहेका छन् ।

अव नेपाली जनताले आफ्नै र अरूका कल्याणका लागि पनि केही रणनीति वनाउन सक्नुपर्छ । यो समय साधारण छैन । नेपालमा कुनै पनि वेला शसस्त्र आन्दोलन फेरि चल्न सक्छ । जातीयताका नारा भएको स्थानमा ठूलो काटमार हुन सक्छ । यस्ता अराजक स्थितिको पहिलो सिकार नै सोझा र निमुखा जनता हुनेछन् । यसरी जनताजनता वीचमा लडाँई भएपछि देश नै असुरक्षित हुनेछ । त्यस वेलामा सवै तिर अस्तव्यस्त नहोला भन्न पनि सकिन्न ।

कतिपय नेताहरूलाई देशको स्थिति र जनताको पिर मर्काभन्दा

पनि कुर्सीको मोह वढी भएको देखिन्छ । उनीहरूले यस कठिन समयलाई पनि आफ्ना फाइदा र वेफाइदामा हिसाव किताव गरिरहेका छन् । नेताहरू सजिलै पन्छिन सक्छन् भने पल्टिन पनि सक्छन् । आवश्यकता अनुसार दुश्मनसँग पनि मिल्न सक्छन् तर जनताहरू देशको राजनीतिको भूमरीवाट वाहिर आउन र शान्ति, स्वतन्त्रता र अखण्डता छोडेर कतै जान सक्तैनन् । उनीहरूले अन्तिम अवस्थासम्म घर परिवारलाई जोगाउन र सकेसम्म देश र जनतालाई सुरक्षित राख्न प्रयास गरि नै रहने छन । त्यस्तै परीक्षा दिने वेला आएको छ नेपाली जनतालाई अहिले । त्यसका लागि तयार हुन र तयारी गर्न सुरु गर्न जनताले बुझेर लाग्नु पर्छ । अहिले शान्ति शुरक्षा कायम गर्न जनचेतनाको ठूलो महत्त्व हुन सक्छ अत : जनताहरूले गाउँ गाउँमा राज्यले गरेका राम्रा र नराम्रा कुरा रेडियोवाट सन्देश मार्फत पुऱ्याउन सल्लाह दिनु पर्दछ । हालको स्थितिमा जनताहरू स्वयम्ले गर्नु पर्ने काम धेरै छन् तर सवैले चाहेर पनि गर्न सक्ने अवस्था छैन ।

देशमा वर्षै पिच्छे वढने ऋणको कारण छटपटाई रहेका जनताहरूले कसरी हामीमाथि ऋण वढ्यो भन्ने कुरालाई यथार्थमा गएर वुझन सक्नुपर्छ । सधैं भरि हामी जनताले ऋण वोकेर नेताहरूलाई राज्यको ढुकुटीवाट पाली रहने हो भने यो देशमा जनताले खोजे जस्तो परिवर्तन कहिल्यै आउन सक्दैन । सवै राजनीति कर्मीहरूले वेलावेलामा गीत गाएर भिडमा हामीलाई उभ्याउने र परिवर्तनका नाममा पाउने फल पनि उनीहरूले मात्रै खाने अहिले वर्तमान अवस्थावाट हामी सधैं ग्रसित भएर जीवन जिउनु पर्ने पनि पक्का छ । अव यस्तो गम्भीर र जटिल परिस्थितिवाट कसरी छुटकारा पाउने भन्ने कुराको जवाफ पनि स्वयम् हामी जनतामा नै छ । कसको कामले देशको शान्ति अडेको छ ? भनेर बुझ्न जरुरी भइ सकेको छ । अव पनि हामी जनताले यो कुरा बुझ्न सकेनौं भने देशमा राजनीतिले निकास पाउन कठिन नै हुने कुरा सत्य छ ।

नववर्ष २०७८ को उपलक्ष्यमा
हार्दिक मङ्गलमय शुभकामना ।
Shubharambha Cargo Services Pvt. Ltd., Nepal
शुभारम्भ कार्गो सर्भिसेज प्रा. लि.
गौशला, काठमाडौं, नेपाल
Shubharambha Cargo Services.Pvt.Ltd.
Gaushala, Kathmandu, Nepal
Tel: +977-014487887
Mobile : +977-9843737944
WhatsApp +977-9843737944
URL: www.subharambhacargo.com.np
Email: info@subharambhacargo.com.np

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना ।

प्रो. रत्न चवाल
९८४९९३०८००, ९८४१५४३६१६
न्यू स्टार कस्मेटिक
वंशगोपाल, भक्तपुर
कुनै पनि प्रकारको सौन्दर्य प्रसाधनको लागि हामीलाई सम्झनुहोस् ।

नववर्ष २०७८ को उपलक्ष्यमा
हार्दिक मङ्गलमय शुभकामना ।
बस्नेत फूटवेर इन्डस्ट्रिज प्रा.लि
महाबौद्ध, काठमाडौं
९८०१०५६०७९, ०१-४२३११३४
कृष्ण बस्नेत
९८६११८७७७९९८०१०५६०७९
We Produce and sell
many more types of sandals.

सृष्टि र सौरमण्डलमा प्रतीक प्रयोग

✍ प्रा.डा. आनन्दप्रसाद घिमिरे
वाल्मीकि विद्यापीठ

१.१ प्रारम्भ

मनुष्य आध्यात्मिक बौद्धिकताको प्रतिबिम्ब हो, जसले यस भौतिक शरीरलाई धारण गरेको छ । आफ्नो पूर्वसञ्चित कर्मानुसार यस संसारमा शेष कर्मलाई उपभोग गर्दै जीवनगत वास्तविकताको अनुभव गर्नु र परमानन्द प्राप्त गर्नसक्नु नै जीवात्माले शरीर धारण गर्नुको प्रमुख लक्ष्य रहेको पाइन्छ। शरीर धारण गर्न पुगेको जीवात्मा नै मनुष्यका रूपमा स्थापित भएको हो र कतिपय अवस्थामा पशुपंक्षी कीटपतङ्गादिका रूपमा पनि जीवात्मा रहेको हुन्छ। विशेषतः मनुष्य शरीरलाई प्रभावित पार्ने तत्त्वहरूको प्रतीकका बारेमा ज्योतिषीय दृष्टिले विश्लेषण गर्ने प्रयासमा प्रस्तुत लेख केन्द्रित रहेको छ।

१.१.१ प्रतीकका प्रकार

ज्योतिषशास्त्रको आध्यात्मिक पक्ष मुख्यतया मनुष्यको आन्तरिक स्वभाव, मनोविज्ञान तथा अन्तःप्रवृत्ति थाहा पाउने विज्ञान हो । ज्योतिषशास्त्रान्तर्गत पर्ने सौरमण्डल, ग्रह, नक्षत्र, राशि आदि सबैको परिभ्रमण मार्गको अध्ययन गर्ने क्रममा प्रतीकशास्त्रको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । प्रत्येक ग्रह, नक्षत्र, राशि आदिको कुनै न कुनै प्रतीक चिन्ह हुन्छ नै, जसको वैज्ञानिक आधार हाम्रा पूर्वज ऋषिहरूले विस्तारपूर्वक बताएका छन्। परन्तु हामी मनुष्य जाती यी सबै प्रतीकहरूको उद्‌भवका बारेमा तथा यसका दार्शनिक पक्षका विषयमा पनि अनभिज्ञ छौं, हामीले ती सबैलाई बिर्सिसकेका छौं । त्यसैले यसको व्यावहारिक प्रयोग ज्योतिषशास्त्रमा आवश्यक मात्रामा देख्न नसकिएको हुनसक्छ।

१.१.२ ज्योतिषशास्त्रमा प्रयुक्त प्रतीक प्रयोग

ज्योतिषशास्त्रका यी चामत्कारिक, अद्‌भूत प्रतीकका माध्यमबाट सौरमण्डलको ब्रहमाण्डीय शाश्वत सिद्धान्तका अनुसार मानवजीवनगत जटिलता, तिनका मूलभूत सिद्धान्तहरू एवं जीवनको वास्तविकतालाई जान्न सकिन्छ । सामान्यतया सौरमण्डलका राशि, ग्रह तथा यिनीहरूको पारस्परिक सम्बन्धलाई विस्तारपूर्वक जान्नका लागि यी प्रतीकहरूको प्रयोग गरिन्छ । मानव जीवनको भौतिक विकासका लागि र तज्जन्य उपलब्धि थाहा पाउनका लागि पनि यी प्रतीकहरूको प्रयोग हुँदै आएको हुनसक्छ, जसको निर्माण मूलभूल तीनवटा सिद्धान्तमा आधारित रहेको पाइन्छ। (१) वृत्त, (२) अर्द्धवृत्त, (३) धन।

१.१.३ सृष्टिमै प्रतीक प्रयोग

वृत्तलाई सम्पूर्ण ब्रहमाण्डको बारेमा प्रयोग गर्दा यो वृत्त पूर्ण ब्रहमाण्डको प्रतीक सावित हुन्छ, जहाँबाट सम्पूर्ण चराचर जगत् उत्पन्न हुन्छ। यसै वृत्तलाई सौरमण्डलको बारेमा प्रयोग गर्दा यो जीवनको प्रतीक बन्दछ, जसलाई पूर्णताको प्रतीक मानिन्छ । वस्तुतः जीवन पूर्णतया गतिशील अनन्त र कालभन्दा पनि पर छ।

मानव मस्तिष्कका लागि प्रतीकहरूको माध्यमबाट कुनै पनि तथ्यलाई बुझ्न सजिलो हुन्छ । ज्योतिषशास्त्रमा पूर्ण वृत्तलाई जीवात्माको प्रतीकका रूपमा मान्यता प्राप्त छ । आत्मामा आत्मचैतन्य सदैव प्रवाहित भइरहन्छ। वृत्तभित्रको केन्द्रमा रहेको बिन्दुबाट जीवनको प्रादुर्भाव भई निरन्तर प्रकाशित पनि भइरहन्छ र अन्धकारबाट प्रकाशका किरणहरू तथा शान्त अवस्थाबाट शब्द निस्किरहेको पनि अनुभव हुन्छ।

१.१.४ सौरमण्डलमा प्रतीक प्रयोग

यस वृत्तलाई सौरमण्डलमा सूर्यको प्रतीक मानिन्छ, जुन सम्पूर्ण सौरमण्डलका राजा वा अधिष्ठाताका रूपमा स्थापित छन् । यिनै सूर्यबाट सम्पूर्ण सृष्टिको निर्माण भएको मानिन्छ र पुरै सौरमण्डललाई उनै सूर्यरूपी परमात्माको शरीरका रूपमा लिइन्छ, अनि सूर्यका चारैतिर आ-आफ्नै वृत्तभित्र भ्रमण गर्ने ग्रहहरूलाई सूर्यकै शरीर अन्तर्गतका विविध अ हरूको प्रतीक मानिन्छ । यसबाहेक अन्य प्रकारले पनि यी वृत्तहरूको उपयोग गर्न सकिन्छ।

१.१.५. आत्मा तथा पदार्थगत प्रतीक प्रयोग

उपर्युक्त प्रतीकहरूमध्येको प्रतीकको बीचबाट एउटा व्यास धर्को तानेर उक्त वृत्तलाई दुईवटा अर्द्धवृत्तमा विभाजित गर्न सकिन्छ । विभाजित अर्द्धवृत्तद्वयले क्रमशः आत्मा एवं पदार्थको प्रतिनिधित्व गर्दछन् । एउटा अर्द्धवृत्त आत्माको प्रतीक र अर्को पदार्थको प्रतीक मानिन्छ। हाम्रो शरीर पदार्थ हो र शरीरमा आत्माको रूपमा निवास गर्ने शुद्ध चैतन्यस्वरूप, अविनाशी आत्मा यी दुबैको मिश्रणबाट मनुष्यको निर्माण भएको देखिन्छ । वस्तुतः यो परमात्माको विचित्रता नै हो। यो जीवन अनन्त चैतन्य स्वरूप तथा परमात्माको दिव्य उपहार हो, जुन कर्मबन्धनमा परेर मनुष्यको रूपमा जीवनमा आनन्दको अनुभव गरिरहन्छ। अनन्त र अविनाशी आत्मा एउटा सीमित तथा विनाशी पदार्थ अर्थात् शरीरभित्र विराजमान भई आत्मा एवं शरीरको

सम्बन्ध स्थापित हुनु वास्तवमा अति विचित्रजस्तो अनुभव हुन्छ । भौतिक संसारमा यस्तो विचित्र मिश्रण सायदै कहीँ देख्न सकिएला ।

१.१.६ मन तथा शरीरगत प्रतीक प्रयोग

यसै वृत्तलाई अरु प्रकारले पनि प्रयोग गर्न सकिन्छ। जस्तैः– यस वृत्तको बीचबाट एउटा व्यास धर्को खिचनाले दुईवटा अर्द्धवृत्त बन्दछन् । जसमा माथिल्लो भाग मनकारक र तल्लो भाग शरीरको प्रतीकको रूपमा लिइन्छ । वृत्तमा औँसीको चन्द्रमा तथा पूर्णिमाको चन्द्रमा दुवै रूप देख्न सकिन्छ। सूर्य + चन्द्रमाको संयोग (यूति) नै औँसी हो, जुन मनरूपी चन्द्रमालाई परमात्मतत्त्वरूपी सूर्यमा एकाग्रचित्त भएको मान्न सकिन्छ। सूर्य र चन्द्रमा एक आपसमा १८० अंशको फरकमा हुँदा पूर्णिमा पर्दछ जसमा चन्द्रमा विकसित र प्रकाशित भएको देखिन्छ।

सूर्य, नै मनकारक चन्द्रमालाई प्रकाशित तुल्याई सम्पूर्ण पृथ्वीलाई आलोकित गर्दछ र संसारलाई पनि विस्तारित गर्दछ । अतः सूर्यरूपी परमात्मतत्त्व वृत्तको केन्द्रबिन्दुमा स्थित भएर सम्पूर्ण सृष्टिको सिर्जन एवं विस्तार गरी अन्तिममा आफैमा विलीन गर्दछ । यो नै सृष्टिको रहस्य हो, जसलाई जान्न ज्योतिषशास्त्र प्रयत्नशील रहेको पाइन्छ।

१.२ सूर्यादिग्रह र तिनमा प्रतीक प्रयोग

१.२.१ सूर्यको प्रतीक

☉

सूर्य एकताको प्रतीक हो र जीवन अथवा चैतन्य भावको द्योतक पनि हो । व्यक्तिगत स्वत्व अर्थात् आत्मकारक पनि सूर्य नै हो । एउटा वृत्तभित्रको केन्द्रमा रहेको बिन्दु नै सूर्यको प्रतीक हो र सम्पूर्ण वृत्त चाहीँ पूर्णताको द्योतक हो, जसलाई जीवनदायिनी सिद्धान्त या दिव्य जीवनी भन्दछन् । वृत्तमध्यस्थ उक्त बिन्दु नै परमात्माको अंशको रूपमा स्थापित भएको मानिन्छ । यो बिन्दु नै जीवन हो, जुन मनुष्यभित्र जीवनी शक्तिको रूपमा र पूर्णता प्राप्ति हेतु बीजरूपमा निहित हुन्छ। त्यसैले सम्पूर्ण जगत्मै जीवनकारक, जीवनीशक्ति, क्रियाशीलता, आत्मा र जनक अर्थात् पिताकारक पनि सूर्यलाई नै मानिन्छ।

उक्त बिन्दु अप्रकट या सूक्ष्म ब्रह्मको प्रतीक हो र यसको चारैतिरको वृत्त चाहीँ व्यक्त ब्रह्म अर्थात् जगत्को रूपमा प्रकट ब्रह्मको द्योतक हो । सम्पूर्ण सौरमण्डल नै सूर्यका साथमा ब्रह्मको अभिव्यक्ति हो । सूर्य नै जीवनको रूपमा जीवभित्र प्रवेश गरेर जीवनी शक्ति प्रदान गर्दछ र पूरै शरीरमा चेतनाको विस्तार गर्दछ। यसरी मनुष्यको शरीरमा पनि पूरै सौरमण्डल संचालित भइरहेको हुन्छ।

वृत्त आत्माको प्रतीक हो र प्रकृतिको बीचमा रहेको सम्पूर्ण सम्बन्ध एवं मनोवृत्तिहरूको अभिव्यक्तिको सूचक पनि हो। यसलाई विविध प्रसङ्गमा उद्धृत गरिएको हुनसक्छ । पौराणिक कालमा सूर्यको आराधनाको रूपमा र आधुनिक धर्मपरम्परामा यसको प्रयोग भएको पाइन्छ । जीवनीको सम्पूर्णता यसको जीवप्रतिको एकमात्र उद्देश्य हो। अतः ज्योतिषप्रेमीहरूले सूर्यको वास्तविक मनोवैज्ञानिक विश्लेषणको ज्ञान गर्नु अत्यावश्यक हुन्छ।

१.२.२ चन्द्रमाको प्रतीक

☽

वृत्तको अर्द्धभागलाई चन्द्रमाको प्रतीक मानिन्छ । वस्तुतः ज्योतिषशास्त्रमा चन्द्रमाको प्रतीक, घुमेका दुईटा रेखाबाट निर्मित हुन्छ। चतुर्थी तिथिको चाँदजस्तो आकाशमा देख्न सकिन्छ। औँसीदेखि अष्टमीको बीचमा चतुर्थीको १/४ (एकचौथाइ भाग आकृति भएको) चन्द्रमालाई आकाशमा यस्तो रूपमा देखिन्छ।

कालपुरुषको मनबाट चन्द्रमाको उत्पत्ति भएको मानिन्छ । अतः चन्द्रमा मन मस्तिष्कको कारक मानिन्छ र यो क्षणिक एवं परिवर्तनशील हुन्छ, जसरी चन्द्रमाका कलाहरू शीघ्रगामी छन्, त्यसैगरी मनुष्यका मन, भावना, संवेग र विचारहरू पनि परिवर्तनशील हुन्छन्।

आत्माको प्रतीक पूर्णवृत्त जीवनको पूर्णताको द्योतक हो भने अर्द्धवृत्त मनको प्रतीक हो र त्यो अपूर्ण हुन्छ। आत्मा मनुष्यको आन्तरिक गुण एवं व्यक्तित्वको परिचायक हो, अनि चैतन्य मन मनुष्यको मनोवैज्ञानिक प्रवृत्तिको द्योतक हो, जसको अभिव्यक्ति मनुष्यको बाह्य व्यक्तित्वमा परिलक्षित हुन्छ । सम्पूर्ण सौरमण्डलमा जुन प्राकृतिक परिवर्तन, अवस्थाहरूमा परिवर्तन, गर्भस्थ जीवको विकास या आकार धारण चन्द्रमाबाटै सम्भव भएको पाइन्छ, जसरी माता /आमावीना भूमण्डलमा कसैको पनि जन्म सम्भव छैन, त्यसैगरी चन्द्रमाबीना कुनै पनि व्यक्ति, वस्तु, वनस्पति, वा पदार्थले स्वरूप धारण गर्न सक्दैन । त्यसैले ज्योतिषशास्त्रमा चन्द्रमालाई माताको कारक मानिएको पाइन्छ।

१.२.३ बुधको प्रतीक

☿

तीन प्रकारका प्रतीकहरूको मिश्रणद्वारा बुधको प्रतीक निर्माण भएको पाइन्छ । पूर्ण वृत्तमाथि अर्द्धवृत्त तथा वृत्तको तल्लो भागमा कुश, धन चिन्ह हुन्छ । वृत्त आत्माको द्योतक हो, जसले पृथ्वी तत्त्व अर्थात् शरीर धारण गरेको छ, यद्यपि शरीर धारण गर्दैमा आत्माको विकास सम्भव हुँदैन । यसका लागि मन-कारक चन्द्रमाको प्रभावबाट जीवन-विकासको तीव्र इच्छा जन्मन्छ भन्ने कुरा जनाउन वृत्तमाथि अर्द्धवृत्त अर्थात् चन्द्रमाको प्रतीकलाई राखिएको छ । बुधलाई ज्योतिषशास्त्रमा नारद भनिएको छ , नारद ब्रह्मका मानसपुत्र थिए र उनी नरदेखि नारायणसम्म अर्थात् भूलोकदेखि वैकुण्ठलोक, ब्रह्मलोकसम्म स्वच्छन्द विचरण गर्दथे, अनि विविध खबर समाचार सूचना प्रवाहित गर्दथे । यसरी उनी सम्पर्क सूत्रका रूपमा परिचित थिए। त्यसै गरी यहाँ बुध ग्रहको पनि पदार्थको प्रतीक क्रस(+)देखिमाथि जीवनको द्योतक वृत्त (०) तथा त्यसमाथि अर्द्धवृत्त स्थापित गरिएको छ । जेलाई मन, मस्तिष्क

तथा सम्पूर्ण मानव मात्रको मानसिक प्रवृत्तिको द्योतक मानिन्छ र जसबाट जीवनको विकास सम्भव हुन्छ ।

१.२.४ शुक्रको प्रतीक

शुक्रको प्रतीकमा वृत्तलाई क्रसको माथिल्लो भागमा राखिएको छ । क्रस पृथ्वी, पदार्थको प्रतीक हो भने वृत्त चाहीं आत्मा वा जीवनको द्योतक हो । पदार्थभन्दा आत्मा, जीवनको महत्त्व अधिक हुन्छ। बुधको प्रतीकमा जस्तो अर्द्धवृत्त यहाँ छैन । क्रस चिन्हलाई वृत्तको तल्लो भागमा राखेर पदार्थ, भौतिकतालाई कम महत्त्व दिएको पाइन्छ। जीवनलाई आफ्ना भावनाहरूद्वारा सत्यम् शिवम् सुन्दरम्को सिद्धान्तमा आधारित रहेको देख्नु नै शुक्रको कार्य हो । त्यसैगरी जीवनको आध्यात्मिक पक्षको वास्तविकतालाई हृदय म गरी भौतिक जीवनका अनुभवहरूको माध्यमबाट स्वयंले पूर्णताको आभास, अनुभव गर्नु पनि शुक्र ग्रहको कार्य अन्तर्गत नै पर्दछ।

१.२.५ मङ्गलको प्रतीक



मङ्गल ग्रहको प्रतीक शुक्रको भन्दा ठिक विपरित छ । यसमा पूर्ण वृत्तमाथि कुश, धन चिन्ह छ। अतः भौतिक पदार्थको आध्यात्मिक जीवनमाथि नियन्त्रणको द्योतक हो । मङ्गल ग्रहको प्रभावबाट प्रभावित मनुष्य विचारै नगरी पहिला आवेशपूर्वक क्रियाशील हुन्छ र घटना घटिसकेपछि मात्र मस्तिष्क, बुद्धिको प्रयोग गर्दछ । यद्यपि शुक्र ग्रहको प्रभाव अनुसार पहिला मस्तिष्कको प्रयोग गरेर योजनाबद्ध तालिकाले कार्य समपादनतर्फ प्रवृत्त हुन्छ। मङ्गलबाट प्रभावित मनुष्य जीवनमा भौतिक वस्तुलाई सर्वोपरि स्थान दिने र त्यसका उपलब्धिद्वारा सम्पन्न हुने गरेको पाइन्छ।

१.२.६ पृथ्वीको प्रतीक

गुणदोषको विवेचना गरी पदार्थमा क्रियाशील हुनु नै पृथ्वीको प्रमुख गुण, लक्षण र लक्ष्य हो, भौतिक शरीरको अहंभाव पनि पृथ्वी तत्त्वको गुण हो । वृत्तभित्र क्रस चिन्ह पृथ्वीको प्रतीक हो र पृथ्वीको चारैतिरको वृत्त चाहिँ वायुमण्डल, ग्यासँद्वारा परिपूर्ण भएको वातावरणको द्योतक हो । अनि यसभित्रको क्रस चिन्ह हाम्रो शरीरको द्योतक पनि हो । हामी आफ्ना दुबै हातलाई फिँजाएर उभिँदा हाम्रो पूरा शरीर नै क्रस चिन्हजस्तो देखिन्छ । त्यसैले यो भौतिक शरीर, भौतिक पदार्थको प्रतीक पनि वृत्तभित्रको क्रस चिन्ह नै मानिएको हो ।

१.२.७ गुरुको प्रतीक

गुरु बृहस्पति ग्रहको प्रतीक अर्द्धवृत्त (आत्मा+मन तथा क्रस पदार्थ) को मिलनबाट निर्मित भएको छ । अर्द्धवृत्तको स्थिति क्रसको माथिल्लो भागको बायाँतिर छ, तर पुरै क्रस माथि छैन । त्यसैले भौतिक पदार्थभन्दा पर रहेको आत्माको विकासका लागि शरीरको माध्यमबाट सम्पूर्ण कर्मको भोग गर्दै सांसारिक वातावरण र भौतिक संसारमै रहेर पनि मनुष्यलाई जीवनको वास्तविकताको ज्ञान गुरु ग्रहको प्रभावबाट नै सम्भव हुन्छ । क्रस हाम्रो शरीरको प्रतीक हो र अर्द्धवृत्त हाम्रो मन, मस्तिष्क र चेतनाको वाहक चन्द्रमाको प्रतीक हो । चन्द्रमाकै प्रभावबाट हाम्रो शरीरको पोषण र आत्माको विकास पनि भइरहन्छ । गुरु ज्ञानको प्रतीक हो, त्यसैले गुरु ग्रहबाट हाम्रो शरीरस्थ आत्माको विकास हुन्छ।

डाक्टरले विरामीलाई जाँचेपछि दवाइको नाम लेख्ने रसिदमा सबैभन्दा माथि बृहस्पतिको प्रतीक बनाएपछि मात्र दवाइ र अरु विवरण लेख्ने गर्दछ । गुरु आत्मिक विकासको ग्रह हुनाले भौतिक शरीरको रक्षाका लागि र आत्मबल बढाउने उद्देश्यले गुरुको प्रतीक लेखनका माध्यमबाट भगवान् विष्णुसँग प्राथना गरिन्छ । फलतः विष्णुले नै गुरुको रूपमा सबैको पालनपोषण गर्दछन्।

१.२.८ शनिग्रहको प्रतीक

शनि ग्रहको प्रतीक चिन्ह बृहस्पतिको भन्दा ठिक उल्टो छ । क्रसको तल्लो भागमा दाहिनेतिर अर्द्धवृत्तको चिन्ह हुन्छ। त्यसलाई मन एवं आत्माको आन्तरिक अभिव्यक्तिको द्योतक मानिन्छ । यसको माथिल्लो भागमा स्थित क्रस चिन्ह विशेष वरीयतायुक्त रहन्छ। सौरमण्डलमा शनि र गुरुको महत्त्वपूर्ण स्थान छ । दुबैको प्रतीक आपसमा विपरित छ। गुरु विस्तारवादी र शनि सङ्कुचित एवं दुःखी ग्रह हो। बृहस्पतिबाट जीवनीशक्ति र इच्छाहरूको उपयोग, आत्मशक्ति र चेतनाको विस्तार हुन्छ भने शनिबाट उक्त कुराहरूलाई विकसित र सार्थक पार्न गम्भिर एवं अनुशासित नियन्त्रणका साथ आत्मसंयम धैर्य र स्थिरताको नितान्त खाँचो हुन्छ । त्यसैले शनिलाई समयको जनक तथा जीवनको परिरक्षक भनिन्छ। यो ग्रह मनुष्यका लागि कष्टकारक निराशाजनक, रोगकारक र कठोरताको प्रतीकका रूपमा आएको पाइन्छ । शनि कर्मको प्रतीक पनि हो । अर्थात् शनिद्वारा प्रभावित मनुष्यका लागि कठोर परिश्रम गर्नुपर्छ । यो ग्रह त्याग एवं तपस्याको प्रतीक पनि हो । त्यसैले मानिसलाई विचारक, समाजसुधारक, सन्त, महात्मा सन्न्यासी आदि बनाउनमा शनिको प्रभावको भूमिका रहेको पाइन्छ।

१.३ अन्तिम

समग्रमा सृष्टिजगत्को अस्तित्वमा रहेका सम्पूर्णतत्त्वहरू कुनैनकुनै प्रतीकका रूपमा परिभाषित भएका छन् । प्रतीकका विविध प्रकार, समग्र सृष्टमै प्रतीक, सौरमण्डलमा प्रतीक, आत्मा र पदार्थमा प्रतीक, शरीर र मनमा प्रतीक तथा सूर्यादि सम्पूर्ण ग्रहमासमेत प्रतीकको प्रयोगद्वारा तत्तत् विषयमा सूक्ष्म अध्ययन, अनुसन्धान, चिन्तन–मनन, निदिध्यासन आदि गरी तात्त्विक रूपमा अध्ययनको गहिराइ पत्ता लगाउन सहज र उत्तम मार्ग प्रस्तुत हुने गरेको देखिन्छ।

आद्यगुरु शङ्कराचार्यको जीवनी र योगदान

✍ उप-प्रा. डा. प्रकाश तिवारी
वाल्मीकि विद्यापीठ

१. आद्यगुरु शङ्कराचार्यको परिचय र जीवनी

वैदिक सनातन धर्मको पुनःस्थापनामा महत्त्वपूर्ण योगदान दिएका सन्तपुरुष शङ्कराचार्यको जन्मोत्सवका पावन अवसरमा सर्वप्रथम वहाँप्रति साष्टाङ्ग दण्डवत् प्रणाम गर्दै हार्दिक श्रद्धाकुसुम अर्पण गर्दछु । सनातन धर्मका आधिकारिक व्याख्याता एवं मर्मज्ञ शङ्कराचार्यले दिनुभएका सन्देश सम्पूर्ण प्राणीजगत्का लागि अमृतमय उपदेशका रूपमा अमर रहेका छन् ।

दक्षिण भारतको मलावार अञ्चल स्थित केरला प्रान्तको कालडी नामको गाउँमा ई.सन् ७८८ वैशाख १२ गते वैशाख शुक्लपञ्चमी तिथिका दिन दोपहरमा पिता शिवगुरु र माता विशिष्टादेवीं (आर्याम्वा)का गर्भवाट सुन्दर वालकको जन्म भयो । एघारौं दिन उनको नाम शङ्कर राखियो । वृद्धावस्थासम्म सन्तान नभएर चिन्तित वनेका वावुआमाले चन्द्रमौलेश्वर मन्दिरमा आशुतोष भगवान् शिवको आराधना गरी फलस्वरूप वृद्धावस्थामा सन्तान प्राप्त गरेका थिए । शङ्कराचार्य तीनवर्षको हुँदा पिता शिवगुरुको देहान्त भयो । उनको लालन–पालनको जिम्मेवारी आमा विशिष्टादेवीको काँधमा आयो । विशिष्टादेवीले पाँच वर्षको उमेरमा शङ्करको व्रतवन्ध गराई पढ्नका लागि गुरुकुलमा लगिन् । वालक शङ्कर दुई वर्षभित्र नजिकैको गुरुकुलमा सम्पूर्ण शास्त्रीय ग्रन्थहरूको अध्ययन गरे । सातवर्षको उमेरमा घरमा फर्के र स्वयं एउटा गुरुकुलको स्थापना गरे । उक्त गुरुकुलमा उनले आफैं प्राध्यापन गर्न थाले । स्थानीय विद्वान्हरूलाई यो कुरा चित्त वुझेन । अज्ञानी वालकले शास्त्रको उपहास गरेको भनेर आलोचना गरे । स्थानीय सवै जना विद्वान्हरू शास्त्रार्थमा शङ्करवाट पराजित भए ।

वालक शङ्करले आठवर्षको उमेरमै घरसंसार र सांसारिक मोहलाई छोडेर अज्ञात उद्देश्यको खोजीमा निस्के । दक्षिण भारतको सुदूर कालाडी गाउँवाट पैदल यात्रा प्रारम्भ गरे । यिनको जन्म भएको गाउँ कालडी हो । कालडी शब्दको अर्थ पैतालामुनि भन्ने हुन्छ । दक्षिण भारतको यो भूभाग भारतवर्षको पीठमा रहेकाले पनि यसलाई कालडी भनिएको हुनसक्छ । त्यसपछि धेरै दिनरात यात्रामा रहे । नर्मदा नदीको तटमा पुगेपछि आनन्द प्राप्त भयो । स्नान तर्पण गरेर ज्ञानरूपी पारसमणिको खोजीमा लागे । त्यहीं गुरु गोविन्दपादको नाम उनको कानमा पर्यो । यिनै गोविन्दपाद गुरुको नाम र उनको महिमा सुनेर अत्यन्तै प्रभावित भए । गोविन्दपाद स्वामीको कीर्ति दक्षिण भारतभरि प्रख्यात थियो । लौकिक मानिसहरू त गोविन्दपादलाई शेषावतार पतञ्जलिकै अर्को जन्मको अवतार मान्दथे । वालक शङ्कर गोविन्दपाद गुरुको खोजीमा तल्लीन रहे । यही क्रममा नर्मदा नदीका तटमा कुनै वृद्धव्यक्तिका साथ भेट भयो । उनै व्यक्तिको सल्लाहवमोजिम नर्मदा नदीका वीचमा ओमकारनाथ नामक पर्वत अवस्थित छ । यही पुराणहरूमा वर्णित वैदुर्यमणि पर्वत हो । कुनै समयमा भक्तवीर माधान्दको राजधानी यही पुण्यस्थलमा थियो । चारै दिशावाट विभिन्न भक्तहरू यहाँ आएर आफ्नो श्रद्धाभाव व्यक्त गर्दथे । सम्पूर्ण पर्वतमा खोजी गर्दै जाँदा अनकन्टार गुफामा एक जटाजूट धारी सन्यासी तपस्यामा लीन थिए । शङ्कर साधकका शरणमा परे । अन्तमा मौन योगीले आँखा खोलेर वालक शङ्करको भावना वुझे र उनले वालकलाई लिएर गोविन्दपाद गुरुका सन्निधिमा पुर्याए । जन्मजन्मान्तरको पुण्यका प्रभावले वालक शङ्करले गुरु गोविन्दपादलाई साक्षात्कार गर्ने सौभाग्य प्राप्त गरे । वालकले गुरुलाई प्रणाम गरेर स्तुति गर्न लागे । कौपिनधारी आठवर्षका वालकले गुरु गोविन्दपादसान्निध्यमा वसेर वेदवेदान्तको गहन अध्ययन गरे । यही समयमा वैदिक वाङ्मयका विभिन्न ग्रन्थहरूको अध्ययन गरी अद्भुत ज्ञान हासिल गरे ।

एकपटक ज्योतिर्विद्हरू शङ्करलाई खोज्दै घरमा आइपुगे । उनीहरूको आग्रहमा आमा विशिष्टादेवीसँग वालकको कुण्डली मागेर हेरे । शङ्करको जन्मकुण्डली देखेर ज्योतिर्विद्हरू छक्क परे । वालकको अद्भुत प्रतिभा र सम्भावित दिग्विजयको भविष्य देखेर ज्योतिर्विद्हरू आश्चर्यचकित भए । आमाको जिज्ञासा रहेको आयुको प्रश्नमा १६ र ३२ वर्षको उमेरमा जटिल खड्को छ भने । आमा चिन्तित वनिन् । शङ्करले आमासँग सन्यास लिनका लागि अनुमति मागे तर आमाले दिनुभएन । एकपटक गङ्गा स्नान गर्न जाँदा मकरगोहीले शङ्करलाई आक्रमण गर्यो । सम्भावित मृत्युलाई वुझेर उनले आमासँग सन्यास ग्रहण गर्ने अनुमति मागे । जटिल परिस्थितिलाई बुझेर आमाले पनि अन्त्यावस्थामा उपस्थित हुने



सर्तमा अनुमति दिइन । तत्क्षाण माभ्कीहरूले गोहीलाई जालमा पारेर शङ्करलाई वचाए । शङ्करले आमालाई जीवनभर पालनपोषणको व्यवस्था मिलाएर आमासँग अन्तिम अवस्थामा जहाँ भए पनि दाहसंस्कार र काजक्रियाका लागि आउने प्रतिवद्धता व्यक्त गर्दै सन्यास ग्रहण गरे । विरजा हवन सम्पन्न गरेर मुण्डित शिर, हातमा दण्ड, पहेंलो धोती लगाएर नर्मदा नदीका किनारैकिनार उत्तर दिशातर्फ अगाडि बढे ।

यात्राका क्रममा तुङ्गभद्रा नदीका किनारमा कदम्वनामको जङ्गलमा पुगेर एउटा रुखको छायामा वसे । त्यही अवस्थामा चर्को घामका प्रभावले भ्यागुताका वच्चाहरू आत्तिएका थिए । ठीक त्यसै वेला एउटा ठूलो सर्प आयो र आफ्नो फणाले भ्यागुताका वच्चाहरूलाई आरक्षण दियो । वच्चा खानुपर्ने सर्पले उल्टै संरक्षण गरेको देखेर शङ्कर आश्चर्यमा परे । यो घटनावाट उनी प्रभावित भए । यस स्थानमा केही अलौकिक शक्ति छ भन्ने वुझेर खोजी गर्दा महर्षि श्रृङ्गको आश्रम प्राप्त गरे । त्यहीँ उनले एउटा कुटी स्थापना गर्न सङ्कल्प गरे र श्रृङ्गेरी आश्रमको स्थापना गरी तपस्या गरे । यही आश्रम कालान्तरमा श्रृङ्गेरी मठका रूपमा विकसित भयो । कदम्वगिरिवाट तल झरे त्यसपछि दुई महिनाको निरन्तर यात्रामा माहिष्मती नगर पार गर्दै ओमकारनाथ द्वीपमा गुरु गोविन्दपादका आश्रम आए र तीन वर्षसम्म साधना गरेर असामान्य योग, साधना, शक्ति प्राप्त गरे । वर्षाको समयमा अचानक नर्मदामा ठूलो वाढी आयो । यस भयङ्कर वाढीले गुरु गोविन्दपादको ज्यान सङ्कटमा पऱ्यो । गुरुको ध्यान भङ्ग गर्न नमिल्ने भएकाले वालक शङ्करले गुरुलाई वचाउन ठूलो प्रयत्न गरे । गुरुले साधना गरेको गुफाको द्वारमा माटाको घडा राखेर अलौकिक रूपमा जलको नियन्त्रण गरे । यस कार्यवाट शिष्यगण अत्यन्त प्रभावित भए । पछि साधनारत गोविन्दपादले थाहा पाएर आशीर्वाद प्रदान गर्नुभयो । शङ्करलाई विशेष उपदेश दिंदै तिमीलाई व्रह्मविद्या प्राप्त भएको छ । सवै शास्त्रको तत्वज्ञान तिम्रा अन्तस्करणमा स्फुटित भएको छ । अतः तिमीले अद्वैत वेदान्तको प्रचारप्रसार गर्नु पर्दछ भन्नुभयो । तर शङ्करले नम्र हुँदै "गुरुदेव अव जीव–देहको परित्याग गरी व्रह्मसागरमा विलीन हुन चाहन्छु आज्ञा दिनुहोस्" भने । महायोगी गुरु गोविन्दपादले देहविसर्जनको समय आएको छैन भनेर सम्झाउनु भयो । परमात्माका निर्देशवाट युगको प्रयोजनको सिद्ध गर्न तिमी आएका हौ । अद्वैतवेदान्तको नयाँ प्रकारले व्याख्या गर्न र लुप्त तीर्थस्थलको उद्धारको भार र तिनको प्रकाश गर्नु पनि तिम्रो जिम्मेवारी हो । सन्यासीहरूमा आत्मज्ञानको अभाव भएको छ । अद्वैत वेदान्तको प्रचार गर्न विश्वेश्वरको शरणमा लाग भन्ने उपदेश दिएर सवै शिष्यहरूसँग विदा लिई महायोगी श्रीगोविन्दपाद चिरसमाधिमा लीन हुनुभयो ।

भगवान् वुद्धले शान्ति र अहिंसाको प्रचारप्रसार गरेपछि लामो समयसम्म वौद्ध धर्मको प्रभाव रह्यो । तर क्रमशः वौद्ध धर्ममा पनि विचलन आउन थाल्यो । हीनयान र महायानहरूभन्दा वज्रयानहरूको वर्चस्व वढ्न थाल्यो । समाजमा बौद्धधर्ममा तान्त्रिक वज्रयानसम्प्रदायको हालिमुहाली चलेको थियो । जादू, टुनामुना र तान्त्रिक विधिले बौद्धधर्ममा समेत विकृति मौलाउन थाल्यो । यता सनातन वैदिक धर्ममा पनि शाक्त, वैष्णव, गाणपत्य, सौर्य आदि सम्प्रदायमा विभक्त भएर मूर्तिपूजाको परम्परा चलेको थियो । एक–आपसमा असहिष्णु व्यवहार वढेको थियो । समाजमा धर्मका नाममा विभिन्न विकृति र विसङ्गतिको वोलवाल चलेको थियो । समाजमा रहेका विद्वान्हरूले शास्त्रको अपव्याख्या तथा उनीहरूको अहङ्कार र दम्भ देखेर वालक शङ्कर आश्चर्य चकित भए । धर्म स्थापनाको सङ्कल्प लिएर उनले सनातन वैदिक धर्मको जगेर्ना गर्न अभिप्रेरित भए । यसै क्रममा विभिन्न स्थानहरूमा पुगरे प्रसिद्ध विद्वान्हरूसँग शास्त्रार्थ गर्न लागे । उनले शास्त्रार्थ गरेर सवै विद्वान्हरूलाई पराजित गरे ।

शास्त्रार्थमा जीव र जगत्का वारेमा वहस हुन्थ्यो १२ वर्षका उमेरमा काशी पुगेर शास्त्रार्थमा विजय प्राप्त गरे । काशीमा लास जलाउने व्यक्ति चाण्डालले शङ्कराचार्यको मार्ग रोकेर जाति धर्म र गरिव र धनी एवं ठूलो र सानोको भेद कसरी भयो ? भन्ने प्रश्न गरे । शङ्कराचार्यका लागि महत्त्वपूर्ण प्रश्न लाग्यो र उनले सम्पूर्ण संसारमा एउटामात्र सत्ता छ त्यो व्रह्म हो । चराचर जगतका सम्पूर्ण जीव र जड त्यही व्रह्मका अंश हुन् भन्ने तत्त्व वोध गरे । काशीवाट वद्रीनाथको यात्रा प्रारम्भ भयो । वद्री पुगेर अलकानन्दा नदीवाट वद्रीनाथ भगवान्को मूर्ति निकालेर मन्दिरमा स्थापना गरे । त्यहीँ गुफामा बसेर चारवर्षसम्ममा उपनिषद्, गीता, व्रह्मसूत्र आदिको भाष्य लेखे । गणेश, शिव, देवी आदिका स्तुतिपरक श्लोकहरूको रचना गरे । भजगोविन्दम्जस्ता महत्त्वपूर्ण प्रार्थनाहरूको रचना गरे ।

उत्तरभारतका विशिष्ट विद्वान्

मण्डन मिश्रका साथ शङ्कराचार्यको शास्त्रार्थ भयो। मण्डन मिश्र धर्मपत्नी उभयभारतीसहित माहिष्मती नगरमा वस्दथे । आचार्य शङ्करलाई देख्ने वित्तिकै मण्डन मिश्रले कुतो दण्डी ? भनेर प्रश्न गरे । मण्डन मिश्र कर्मकाण्डका अद्वितीय विद्वान् थिए । शङ्कराचार्य भने ज्ञानकाण्डका विशिष्ट प्रतिभा थिए। मण्डन मिश्रले वेदलाई आधारमानेर कर्मविधिको व्याख्या गरे भने शङ्कराचार्यले वेद, उपनिषद् आदि विभिन्न आधारमा अद्वैत वेदान्तको वकालत गरे । मीमांसा दर्शनका व्याख्याता कर्मकाण्डवादी मण्डन मिश्र र अद्वैतवेदान्तका व्याख्याता शङ्कराचार्यका बीचमा लामो समयसम्म शास्त्रार्थ चल्यो । यसको मध्यस्थतामा विदुषी उभयभारती थिइन् । अतन्तः शङ्कराचार्यका अकाट्य तर्कका कारण मण्डन मिश्रले हार स्वीकार गरे । सन्यास ग्रहण गरेर शङ्कराचार्यका शिष्य वन्ने प्रण गरे तर श्रीमती उभयभारतीले सन्यास लिनवाट श्रीमान्लाई रोकिन्। शङ्कराचार्यलाई आफूसँग शास्त्रार्थ गरेर पराजित गर्न चुनौती दिइन्। १८ दिनसम्म दुवैको शास्त्रार्थ चल्यो। अन्तमा उभयभारतीले कामशास्त्रका वारेमा प्रश्न गरिन्। आजीवन ब्रह्मचर्यमा रहेका शङ्कराचार्यलाई कामशास्त्रका वारेमा ज्ञान भएन । शङ्कराचार्यले एक महिनाको समय माग गरे। उभयभारतीले समय दिइन्। शङ्कराचार्य जङ्गल गए । जङ्गलमा शिकार गर्दा राजा अमरुदको मृत्यु भएको थियो । शङ्कराचार्यले प्रवलयोगका माध्यमवाट आफ्नो आत्मा राजाको मृतशरीरमा प्रवेश गरी रानीका साथमा रहे र कामशास्त्रको अनुभव गरे । चार महिनापश्चात् राजाको शरीर छाडेर पुनः आफ्नो शरीरमा प्रवेश गरे । उनले उभयभारतीलाई शास्त्रार्थमा पराजित गर्नतर्फ नलागेर वैदिक धर्मको प्रचारमा दिग्विजययात्रा प्रारम्भ गरे। दक्षिणको रामेश्वरदेखि उत्तरमा कश्मीरमा पुगी शारदापीठमा शास्त्रार्थ गरे । पूर्वमा वङ्गाल, असाम र पश्चिममा लक्षशिलासम्म पुगेर बौद्ध सम्प्रदायका आचार्यसँग शास्त्रार्थ गरे । करिव ८४ सम्प्रदायका आचार्यहरूसँगसम्मानपूर्ण शास्त्रार्थ गरी विजय हासिल गरे ।

उत्तरमा हिमालयका काखमा ज्योतिर्मठ, पश्चिममा द्वारकामठ, दक्षिणमा शृङ्गेरीमठ र पूर्वमा गोवर्धनमठको स्थापना गरे र आफ्ना चार शिष्यलाई उत्तराधिकारी घोषणा गरे। यो परम्परा आज पनि रहेको छ। अहिले पनि यी मठहरूमा शङ्कराचार्यहरू रहेका छन् । आध्यात्मिक दृष्टिवाट चारभागमा विभाजन गरी जिम्मेवारी दिए। चारमठ वाट दशनामी सन्यासी सम्प्रदायका अखडा हुन्छन् । प्रत्येक अखडामा महामण्डलेश्वरको व्यवस्था गरिएको हुन्छ । ब्रह्मसत्यं जगन्मिथ्या । ब्रह्म सत्य हो । जगत् मिथ्या हो । जीव नै ब्रह्म हो । जीव र ब्रह्ममा कुनै भेद छैन । के कुनै घैटो माटोभन्दा भिन्न हुन सक्छ ? संसारमा ब्रह्मभन्दा भिन्न चिज केही पनि छैन । भन्ने जस्ता महत्त्वपूर्ण दार्शनिक ज्ञान प्रवाह गर्दै ३२ वर्षको उमेरमा सन् ८२० मा आद्यगुरु शङ्कराचार्य हिमाचल प्रदेशको केदारनाथ क्षेत्रमा समाधिमा लीन भए ।

२. सनातन धर्मको पुनर्जागरणमा आद्यगुरु शङ्कराचार्यको योगदान

विश्वसभ्यताको उद्गम भूमि यस हिमालय क्षेत्रमा हजारौं वर्ष परापूर्वकालदेखि ज्ञानको साधना हुँदै आएको थियो । मन्त्रद्रष्टा ऋषि–महर्षि, योगी, सन्त–महापुरुष, रहस्यदर्शी, तत्त्वज्ञ त्यागी एवं विद्वान्हरूले आआफ्ना शैलीमा सनातन वैदिक धर्म संस्कृतिको विकास विस्तार गर्दै यसको विकास विस्तारमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । यही गुरूपरम्परामा अवतरित शङ्कराचार्यले वैदिक ज्ञानको विकास र प्रचारमा महत्त्वपूर्ण भूमिका वहन गरेको पाइन्छ। शङ्कराचार्यलाई आध्यात्मिक ज्ञानका दीपक मानिन्छ । जम्मा १६ वर्षको आयु लिएर जन्मेका शङ्कराचार्यले आफ्नो छोटो आयुभित्र नै वैदिक वाङ्मयको गहन अध्ययन, चिन्तन, ममन र तत्त्ववोध गरेपश्चात् दशवटा उपनिषद्हरू, ब्रह्मसूत्र र श्रीमद्भगवद्गीताको महत्त्वपूर्ण व्याख्या गरी भाष्य ग्रन्थको रचना गरे । उनको वौद्धिक प्रतिभा र अद्वितीय क्षमता देखी भगवान् शिव स्वयं प्रसन्न भएर वहाँको १६ वर्ष आयु थपिदिनु भयो भन्ने किम्वदन्ती पनि पाइन्छ । यसरी थपिएको उमेरमा शङ्कराचार्यले भारतभर वैदिक धर्मको प्रवचन गरी प्रचारप्रसार गरे । यसै क्रममा भारतका चारदिशामा चारवटा मठको स्थापना गरे । श्रृङ्गेरी, गोवर्धन, शारदा र ज्योतिर्मठलाई क्रमशः यजुर्वेद, ऋग्वेद, सामवेद, अथर्ववेदको प्रतिनिधित्व मानिन्छ। शङ्करं शङ्कराचार्यम् भन्ने उक्तिवाट भगवान् शिवले नै लुप्तप्रायः अवस्थामा पुगेको सनातन वैदिक धर्मको पुनरुत्थानका लागि शङ्कराचार्यका रूपमा जन्म लिनु भएको हो भन्ने विद्वान् हरूको धारणा पाइन्छ। शङकरले विष्णुसहस्रनामस्तोत्रम्को रचना गरे र यही स्तोत्रलाई देखेर गुरु श्रीगोविन्दपादले उनलाई शङकराचार्यको उपाधि दिनु भएको थियो भन्ने कुरा पनि विद्वान्हरूको धारण रहेको छ । अहं ब्रह्माऽस्मि। म नै ब्रह्म हुँ । अन्तिम सत्ताको रूप नै ब्रह्म हो । भन्ने दर्शनवाट अभिप्रेरित शङ्कराचार्यले अद्वैत वेदान्तको प्रतिपादन गरी संसारलाई नयाँ मार्ग प्रशस्त गरेका हुन् ।

हामीले जुन तरिकाले सृष्टि र यसको अस्तित्वलाई देखेका छौं । जुन तरिकाले पञ्च इन्द्रियमार्फत सृष्टिलाई महसुस गरेका छौं । ती सवै वास्तविकताभन्दा धेरै पर छन् । यही कुरा भ्रम वा माया हो । माया भनेको भ्रम हो। अँध्यारोमा डोरीमा सर्पको भ्रम भए जस्तै शरीर ठोस ठोस हो भन्ने लाग्दछ । दैनिक खाने खाना, पिउने पानी र फेर्ने सास (हावा) ले शरीरका कोषिकाहरू हरेक दिन बदलिरहन्छन् । शरीरमा भएको ऊतक ९त्स्कककगच० र अङ्गहरू ९इचनवलक० केही दिनहरूमा वा केही वर्षभित्र पूर्णतया नवीन हुन्छन् । जुन हाम्रो शरीरका कोषिकाहरूको प्रकृतिमा निर्भर गर्दछ । जसरी पानीको झरनामा हामीले देख्दा पानी झरिरहेको देख्छौं । तर हामीले देखेको वा छोएको पानी वगेर धेरै पर पुगिसकेको हुन्छ । हामीले हेर्दा नयाँ पानी आइसकेको हुन्छ । हामी त्यही पानी हो भन्ने

भ्रममा हुन्छौं । हामीले जसरी सृष्टिको अस्तित्व देखेका छौं । पञ्च इन्द्रियमार्फत सृष्टिलाई महसुस गरेका छौं । यो मृगतृष्णा हो । असत्य हो । भ्रम हो । यसैलाई माया भनिन्छ । यो संसार मायावी छ ।

उनले दशवटा उपनिषद्हरू, श्रीमद्भगवद्गीता, ब्रह्मसूत्र आदिको भाष्य ग्रन्थको रचना गरे । जसलाई आज शाङ्करभाष्य भनेर चिनिन्छ । यस्तै उनले प्रतिपादन गरेको दर्शनलाई शाङ्करवेदान्त भन्ने गरिएको पाइन्छ। साथै उनले गणेश, शिव, देवी आदिका स्तुतिपरक श्लोकहरूको रचना गरे । भजगोविन्दम्जस्ता महत्त्वपूर्ण प्रार्थनाहरूको रचना गरे । जुन रचनाहरू कालजयी कृतिका रूपमा अमर भएका छन् । कतिपय विद्वान्हरूले विवेकचूडामणि, उपदेशसहस्री र प्रपञ्चसारलगायतका कृतिहरू पनि आद्यगुरु शङ्कराचार्यका रचना मान्दछन् । जैमिनी ऋषिको पूर्वमीमांसा जसलाई कर्ममीमांसा भनिन्छ त्यसलाई खण्डन गर्दै वेदव्यास रचित उत्तरमीमांसालाई मण्डन गरे । यही उत्तर मीमांसालाई ब्रह्ममीमांसा वा वेदान्त पनि भनिन्छ । आद्यगुरु शङ्कराचार्यले वेदान्तको व्याख्या गरेर मानव जीवनलाई परब्रह्मसँग साक्षात्कार गराउने सरल उपायको उपदेश गर्नुभयो ।

गुरु गोविन्दभगवत्पादका सान्निध्यमा ज्ञानतत्व प्राप्त गरेका कुशलपात्र शङ्करले भगवत्पादः उपाधि प्राप्त गरे । यिनलाई अद्वैतसिद्धान्तप्रतिष्ठापनाचार्यः भनिन्छ । ब्रह्मसूत्रभाष्यम्, उपनिषद्भाष्यम्, गीताभाष्यम् र स्तोत्रकाव्यानिजस्ता कृतिहरूका सर्जक शङ्कराचार्य अद्भुत प्रतिभासम्पन्न एवं सरस्वतीका अद्वितीय वरदपुत्र थिए । उनले अद्वैतवेदान्तानुसार जीव र ब्रह्मको अभेद सम्वन्ध छ, ब्रह्म निर्गुण छ भन्ने दर्शनको व्याख्यान, प्रवचन र प्रचार गर्न सम्पूर्ण भारतभरि पैदल यात्रा गरे । यसै क्रममा हिमालयदेखि कन्याकुमारी, द्वारकादेखि शृङ्गेरीसम्मको विशाल भूमिमा सनातन वैदिक धर्मको प्रचारप्रसार गरेर दिग्विजय प्राप्त गरे । साथै अद्वैतवेदान्तको नयाँ दर्शन प्रतिपादन गरे । यिनलाई दशनामी अद्वैतसम्प्रदायका सङ्घटनकर्ता मानिन्छ । यस्तै षण्मत पूजन परम्पराका संस्थापक पनि मानिन्छ । जुन समयमा समाजमा कर्मकाण्ड स्थापित थियो । सन्यास निन्दित थियो । शङ्कराचार्यले मीमांसा सम्प्रदायलाई सुदृढ तुल्याए । सम्पूर्ण भारतवर्षमा मात्र नभएर आज विश्वब्रह्माण्डमा नै आद्यगुरु शङ्कराचार्यको महिमा प्रशंसित रहेको छ । आजका विश्वभरका मानिसहरू वहाँको अलौकिक प्रतिभाका सामु नतमस्तक रहेका छन् । आद्यगुरु शङ्कराचार्यवाट प्राप्त ज्ञानलाई अनुशरण गर्नु हाम्रो परम् कर्तव्य हो । वहाँले सनातन धर्मको प्रचारप्रसार गर्ने क्रममा दिनुभएका सन्देश र उपदेशहरू आज पनि उत्तिकै सान्दर्भिक र औचित्यपूर्ण रहेका छन् ।

आज पनि भारतवर्षको उत्तरमा हिमालयका काखमा ज्योतिर्मठ, पश्चिममा द्वारकामठ, दक्षिणमा शृङ्गेरीमठ र पूर्वमा गोवर्धनमठमा अविच्छिन्न उत्तराधिकारी शङ्कराचार्यहरूले वैदिक सनातन धर्मको रक्षार्थ अहोरात्र साधना गरिरहनु भएको छ । नेपालका विभिन्न पावन क्षेत्रहरूमा पनि वहाँकै सम्प्रदायवाट दीक्षित सन्तहरूले वैदिक सनातन धर्म, संस्कृति, सभ्यता, ज्ञान र गुरुकुलको संरक्षणमा समर्पित रहेका छन् ।

यसै सन्दर्भमा पङ्क्तिकारको अनुभूतिको संस्मरणसमेत प्रस्तुत गर्ने अनुमति चाहन्छु । मिति २०५३ साल चैत्र १८ गतेका दिन भारतका काञ्चीकामाकोटी पीठाधीश्वर अनन्त श्री विभूषित जगद्गुरु शङ्कराचार्य जयेन्द्र सरस्वतीको नेपालमा सुभागमन भएको थियो । यसै पावन सन्दर्भमा यो पङ्क्तिकार पनि नेपाल भारतको सीमा क्षेत्र सुनौलीमा गएर स्वस्तिवाचन पूर्वक वहाँलाई स्वागत गर्ने सुअवसर प्राप्त भएको थियो। साथै त्यसै पावन सन्दर्भमा वहाँका करकमलवाट रूपन्देही जिल्लाको नयाँमिलमा वैदिक धर्म परिषद् नेपालको कार्यालय भवनको शिलान्यास सुसम्पन्न भएको थियो । त्यहीं रहेको दुर्गा वैदिक संस्कृत विद्यापीठका छात्रका रूपमा रहेको यस पङ्क्तिकारलाई श्रीशङ्कराचार्यज्यूका मुखारविन्दवाट शुक्लयजुर्वेदको मन्त्रोपदेश ग्रहण गर्ने सौभाग्य प्राप्त भएको थियो । वहाँकै दिव्य शक्तिका प्रभावले शुक्लयजुर्वेदको अध्ययन गर्ने गर्ने अवसर प्राप्त भएको हो । साथै संस्कृतशिक्षा अध्ययनमा उत्साह थपिएको हो । तत्कालीन राजा वीरेन्द्र शाहको गद्दी आरोहण रजत महोत्सवका उपलक्ष्यमा आयोजित कार्यक्रममा सवार हुनुभएका श्री शङ्कराचार्य जयेन्द्र सरस्वतीसँगै यात्राको सुनौलो अवसरसमेत प्राप्त भयो । नेपालका विभिन्न स्थानहरूमा आयोजित कार्यक्रमहरूमा सरिक हुँदै नेपाल संस्कृत विश्वविद्यायको केन्द्रीय कार्यालय वेलभुण्डी दाङमासमेत वहाँको भव्य स्वागत भएको थियो ।

अस्तु । जयतु संस्कृतम् ।

Indra Pd. Guragain
Proprietor

Dhananjaya
Footwear

Product of Ladies Shoes & Sandles

indra.dnj@gmail.com
+977 9851105647
+977 1 4225747

Shop No. 249, Bhasiko Tole-24,
Newroad, Kathmandu, Nepal

उपत्यकामा इँटा उद्योग टिकाउने व्यवसायी

नेपालका मौलिक सम्पदाहरू विश्वमै उदाहरणीय छन् । यहाँका वास्तुकला, काष्ठकला, मूर्तिकला अद्वितीय छन् । तिनमा प्रयोग भएका कलासँगै त्यसमा प्रयोग भएका निर्माण सामग्री पनि मौलिक नै थिए । मौलिक सम्पदाका विविध धरोहर निर्माणका लागि अत्यन्तै महत्त्वपूर्ण इट्टा स्थानीय रूपमै उत्पादन गरिन्थे । सो प्रविधिलाई आधुनिक प्रविधिसँग समायोजन गरी अहिले पनि इँटा उद्योगहरू सञ्चालनमा छन् । निर्माण सामग्रीको एक महत्त्वपूर्ण पक्ष इँटामा नेपाल आत्मनिर्भर रहँदै आएको छ । तर वेलावखत वातावरणीय कारण जनाउँदै चलिरहेका इँटा उद्योगलाई वन्द गराउने अथवा स्थानान्तरण गर्नुपर्ने विषयहरू आइरहेका हुन्छन् तर अनुसन्धान र प्रविधिको विकासका कारण अहिले इँटा उद्योगवाट हुने प्रदूषणमा व्यापक कमी आएको छ । नेपाल मै अनुसन्धान र प्रयोग गरेर इँटा उद्योगको प्रदूषण नियन्त्रणमा महत्त्वपूर्ण योगदान गर्नुभएका व्यवसायी तथा अनुसन्धाता श्वेत भैरव इँटा उद्योगका सञ्चालक ***राजकुमार लाखेमरू****सँगको कुराकानी ।*

व्यवसाय गर्न लाग्नुभएका तपाई नयाँ प्रविधिको अनुसान्धान, विकास र प्रयोगमा कसरी लाग्नु भयो ?

खासमा म कृषिको पृष्ठभूमि भएको व्यक्ति हुँ । प्रायः नेपालीको जस्तै मेरो पनि परिवार कृषिमा आश्रित हो । मैले पढाइको क्रममा शिक्षणको काम पनि गरें । पारिवारिक कारणले आइएससीको पढाइलाई पूर्णता दिन पाइँन । पहिले त मैले कुखुरा पालनवाट व्यवसायिक काम प्रारम्भ गरेको थिएं । पछि म इँटाको खुद्रा विक्रेताको रूपमा डिपो सञ्चालनमा लागें । धेरै वर्ष डिपोमा विताएं । काम गर्दै जाँदा गुणस्तरमा एकरूपता कायम गर्न आफ्नै उद्योग स्थापना गर्नुपर्छ भन्ने लागेपछि म इँटा उद्योगमा लागेको हुँ ।

उद्योगमा लागेपछि आफूले पढेको विज्ञानको विषयको केही प्रयोग गर्न सकिनेमा मैले विचार गर्न थालें । नयाँनयाँ प्रविधिको बारेमा अध्ययन गर्ने र त्यसको व्यावहारिक पक्ष बारेमा अध्ययन गर्न थालें । त्यसका साथै मैले हाम्रो टोल छिमेकमा माटोका भाँडाहरू पोलेको पनि याद गरेको थिएं । हाम्रो मौलिक माटो पकाउने विधि र नयाँ प्रविधिले गर्न सक्ने नयाँ प्रकारको प्रयोगको बारेमा अनुसन्धान गर्दै जाँदा विभिन्न उपायहरू अवलम्वन गर्दै गएं । मैले कुनै वैज्ञानिक प्रयोग भनेर गरेको होइन काम गर्दै जाँदा व्यावहारिक प्रयोग गर्ने क्रममा नयाँनयाँ कुराहरू सिक्दै गएं । नयाँनयाँ उपाय पत्ता लगाउँदै गएं ।

तपाईले इँटा उद्योगमा क्रान्तिकारी परिवर्तन ल्याउनु भएको भनिन्छ खास तपाईले के कुरा गर्नुभयो जसले इँटा उद्योगमा यति धेरै प्रभाव पारेको छ ?

खासमा मैले गरेको इँटा उद्योगको प्राविधिक पक्षको सुधार हो । म २०४८ सालदेखि इँटा विक्रीमा रहेपनि ६० सालवाट म उत्पादनमा लागेको हुँ । सुरुमा चिम्नी भट्टा थियो । लगत्तैको वर्ष सरकारले ल्याएको प्रावधानअनुसार फिक्स प्रविधिमा गयौं । त्यस वेलाको प्रविधि Straight line प्रविधिमा आधारित थियो । ६५ सालवाट Zigzag प्रविधिलाई अँगाल्यौं । त्यसमा व्यापक सुधार गरेपछि अहिले प्रयोगमा रहेको Zigzag Single Fireman प्रविधि विकास गरिएको हो । पुरानो प्रविधिमा इन्धन राम्रोसँग जल्ने वातावरण थिएन । इन्धनवाट निस्कने तापको प्रयोग यथोचित रूपमा हुन सकेको थिएन । साथै भट्टावाट निस्कने प्रदुषणको मात्रा पनि वढी थियो । यीनै कुरालाई ध्यानमा राखेर सुधारको प्रयास गरें ।

आधुनिक प्रविधिसँगै हाम्रो मौलिक अभ्यासमा रहेको प्रयोगहरूलाई पनि मनन गरेर मैले नयाँ प्रयोगहरू गरें । हामीले माटोको भाँडा पोल्दा बाँकी रहने खरानी देखिरहेका थियौं । सेतो हुन्छ, भाडा पोलिसकेपछिको खरानी त्यसमा जल्न बाँकी तत्व शेष हुँदैन । तर पहिलाको प्रविधिवाट इँटा पोल्दा कालो कोइलाको पत्र भट्टामा बाँकी हुन्थ्यो । सवै इन्धन जल्नै पाउँदैनथ्यो । धुवाँ पनि वढी, प्रदूषण पनि बढी थियो । हामीले चिउरा मिलमा थोरै थोरै गरी भुस हाल्दै चिउरा भुटेको पनि याद गरेका थियौं । अझै पनि यसरी नै इन्धन हालेर चिउरा भुट्ने चलन छ । यही कुरालाई मैले इँटा पोल्न भट्टामा पनि लगाएं । जसले गर्दा कम इन्धनमा गणस्तरीय इँटाको उत्पादन सम्भव भयो । उद्योगवाट हुने प्रदूषणमा व्यापक कमी आयो ।

प्रदूषणमा नियन्त्रण भएको बताउनु भयो । के कति नियन्त्रण भएको छ ? यसको मापन छ त ?

समाचारबाट थाहा पाउनु भएकै छ, काठमाडौँको प्रदूषणको तह ४०० भन्दा बढीको सूचकाङ्कमा छ । यो भनेको निकै नै डरलाग्दो अवस्था हो । सरकारले इँटा उद्योगबाट निस्कने धुवाको प्रदुषण मापदण्ड ३०० spm तोकेको छ । हावाको गुणस्तर १५० spm सम्मलाई मध्यम मानिन्छ ।

हामीले प्रत्येक वर्ष उद्योगबाट निस्कने धुवाँको परीक्षण गराउँदछौं । हाम्रो उद्योगबाट निस्कने हावाको गुणस्तर १३७ spm छ । यो भनेको धुवाँको रूपमा साधारण हावामात्रै निस्केको हो । यसअघि सरकारले उद्योगबाट निस्कने धुवाँको मापदण्ड ७०० spm ताकेको मा हामीले प्रयोगमा ल्याएको प्रविधिको कारण सरकारले प्रदूषण मापदण्डलाई घटाएर ३०० spm मा झारेको छ ।

यस अघि विभिन्न पक्ष उपत्यकाबाट इँटा उद्योग विस्थापित गर्न लागेका थिए । तर हामीले नयाँ प्रविधिको प्रयोग थालेपछि प्रदूषण नियन्त्रण भएको कारण अब उद्योगलाई स्थानान्तरण गर्न आवश्यक परेन ।

कोरोनाको कारण गत वर्ष उत्पादन भएको इँटा बिक्री नभएकोले यस वर्ष भट्टा सञ्चालनमा छैन । भट्टा नचलेको अवस्थामा पनि काठमाडौँ उपत्यकामा प्रदूषण बढेर आँखा पोल्ने हदसम्म पुगेको छ । यसपालि भट्टा बन्द भएको कारणले यस क्षेत्रले अपजस खेप्नुपरेन ।

तपाई एक जनाको उद्योगबाट प्रदूषण कम गरेर वातावरण प्रदूषण नियन्त्रण होला र ?

मैले जानेको प्रविधिको ज्ञान र सीप मैले अन्य साथीहरूसँग पनि बाँडेको छु । विभिन्न सङ्घसंस्थाले मेरो अनुसन्धान र प्रयोगको बारेमा विदेशमा पनि प्रचारप्रसार भएको छ । नेपालभित्र मात्रै होइन विदेशमा पनि इँटा उद्योगलाई सफा, स्वच्छ र किफायती बनाउन नयाँ प्रविधिको बारेमा जानकारी र सीप प्रदान गर्दै आएको छु । पछिल्लो समय सिटिइभिटिले उद्योगको लागि आवश्यक कामदारलाई तालिम दिन बनाउन लागिएको पुस्तकमा पनि सहकार्य गरेको छु ।

नेपालका सातै प्रदेशका २९ जिल्लाका उद्योगी तथा मजदुरहरूलाई नयाँ प्रविधिकोबारेमा तालिम दिएको छु । पाकिस्तानमा पटकपटक गरी ३० दिन विभिन्न प्रान्तहरूमा यस प्रविधिको बारेमा ज्ञान र तालिम दिन गएको छु ।

भक्तपुर इँटा व्यवसायी सङ्घ, नेपाल इँटा उद्योग महासङ्घ, इसिमोड र अरु केही संस्थाहरूको सहकार्यमा यस प्रविधिलाई थप परिस्कार गर्ने अवसर पाएँ । विभिन्न व्यक्तित्वहरू तथा विभिन्न देशका राजदूतहरू समेत उद्योगमा आएर अवलोकन भ्रमण गर्नु भएको छ ।

अहिले सङ्घले भक्तपुरमा नयाँ प्रविधिबाट मात्र उत्पादन गर्ने निर्णय गरेको छ । नेपालका विभिन्न स्थानबाट र विदेशबाट पनि प्राविधिक सहयोग र सरसल्लाहको लागि जिज्ञासाहरू आउने गरेका छन् ।

नयाँ प्रविधि भनेपछि खर्चको पनि कुरा आउँछ होला ? महँगो भएर सबैले यसलाई अङ्गाल्न नसकिने हो कि ?

प्राविधिक रूपमा यो महँगो छैन । यसले त झन् उत्पादन लागत घटाएको छ । जसले गर्दा उद्योगको नाफालाई बढाएको छ । यस प्रविधिमा कोइलाको खपत कम छ । किन भने कोइलामा भएको सबै ज्वलनशील तत्वको पूर्ण प्रयोग हुन्छ । यसले ३० प्रतिशतसम्म कोइलाको खपत कम गराएको छ । यस प्रविधिले इँटाको गुणस्तर पनि बढाएको छ । पहिले ४० देखि ५० प्रतिशत मात्रै एक नम्बरको इँटा उत्पादन हुन्थ्यो भने अहिले ९० प्रतिशत सम्म एक नम्बरको इँटा उत्पादन हुन्छ । जसले गर्दा यो प्रविधि सस्तो हुनुका साथै गुणस्तर बढाएर उत्पादकत्व बढाउन पनि सहयोगी बनेको छ ।

यतिमात्रै होइन पहिले इँटा पोल्न भट्टामा काम गर्ने मजदुरहरूको लागि पूर्णत: भारतीय कामदारमा भर पर्नुपर्ने अवस्था थियो । नयाँ प्रविधिको विकास आफैँले गरेको भएर आफैले तालिम दिएका मजदुरहरू काममा छन् । अहिले मेरो लगायतका केहि भट्टाहरूमा पूर्णत नेपाली मजदुरहरू मात्रै कामदारका रूपमा कार्यरत छन् । सिटिइभिटिले तालिम दिएपछि यो अनुपात अझै बढ्ला ।

कामदारहरू आत्मनिर्भर भएको बताउनुभयो, के इन्धनको रूपमा प्रयोग भइरहेको कोइलालाई विस्थापन गरी अन्य उपायबाट इँटा उत्पादन गर्न सकिँदैन र ?

अवश्य पनि सकिन्छ । हाम्रा पूर्वजले कोइलाको प्रयोग बिना बनाएका इँटाले नै हाम्रो सम्पदा सगर्व स्थापित छ । हाम्रा मौलिक अवाले भट्टाहरूमा काठदाउराको प्रयोग हुन्थ्यो । अहिले प्रविधिको युग छ । हामीले थोरै मेहेनत गर्ने हो भने लगभग कोइला जत्तिकै प्रज्ज्वलनशील पेलेटहरू उत्पादन गर्न सक्छौं । खेर जाने फर्निचरको धुलो, कृषि उपजबाट निस्कने परालछ्वाली, भुस तथा जङ्गलमा खेर जाने झारपातहरूबाट उच्च गणस्तरको पेलेट तयार गरेर प्रयोग गर्न सकिन्छ । कोइला नवीकरणीय ऊर्जाको श्रोत पनि होइन । त्यसमाथि पनि हामीले आयात गरेर ल्याउनु पर्ने हो । त्यसैले यदि सरकार तथा सरोकारवालाहरूले पहल गर्ने हो भने कोइलाको प्रयोग बिना पनि नेपालकै मौलिक ऊर्जाको श्रोतबाट पनि इँटा उत्पादन गर्न सकिन्छ ।

नेपालमा काम गर्न असहज छ भनिन्छ । अझ उत्पादन क्षेत्र, त्यसमाथि पनि मौलिक प्राविधिहरूलाई नियोजितरूपमा दुरुत्साहन हुने कुराहरू छन् । के हो वास्तविकता ?

अवश्य पनि गाह्रो छ । तर औद्योगिक सुरक्षाको वातावरण छैन । उद्योग क्षेत्रसम्बन्धी सरकारसँग स्पष्ट नीति तथा उद्योगलाई प्रवर्धन गर्ने दूरदृष्टिको अभाव छ ।

सजिलो त छैन नै । मलाई सुरुमा सबैले पागल नै भने । तर मैले आफ्नो प्रयोगलाई निरन्तरता दिएँ । पुर्खाको ज्ञान र आधुनिक प्रविधिको समायोजनबाट आज यस क्षेत्रमा ठूलो परिवर्तन आएको छ । हामीले जानेको ज्ञान विदेशमा पनि फैलाउन पाएको छु । अलि बढी मेहनत र धैर्य आवश्यक पर्दो रहेछ । यहाँ पनि गर्न सकिन्छ ।

प्रस्तुति : सीतालक्ष्मी प्रजापति

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना ।

वाहन अटो

इन्टरपाइजेज्

मूलढोका, कमलविनायक, भक्तपुर

९८४००७६९७७, ९८४१७९५०७३

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना ।

साई आरोग्य ननओभन फ्याब्रिक इन्डष्ट्रिज

चाँगुनारायण ८, भक्तपुर

९८४९३२१४९६, ९८१०२१३०२६

व्याग, झोला उत्पादन गर्नुका साथै स्त्रिन प्रिन्टको लागि हामीलाई सम्झनुहोला ।

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना ।

पुनम स्टेशनरी एण्ड सप्लायर्स

सूर्यविनायक, भक्तपुर

फोन : ०१-५०९२६९५

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना ।



भक्तपुर सिटीपी हाउस

सूर्यविनायक, लक्ष्मीबजार, भक्तपुर

फोन : ०१-५०९२८३६

भावपूर्ण श्रद्धाञ्जली

जन्म
१९८६।०७।२७

स्वर्गारोहण
२०७७।११।०२

स्व. श्री सानुकृष्ण गिरी

भक्तपुर क्वाठण्डौं टोलको श्री ब्रम्हचारिणी प्राथमिक विद्यालय आफ्नो मठमा सञ्चालन गराएर सेवा गर्ने हाम्रा पिता समाजसेवी कुठु मठका महन्त **सानु कृष्णबहादुर गिरी**को निधन भएकोमा उहाँको दिवङ्गत आत्माको चीरशान्तिको कामना गरी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुःखद घडीमा समवेदना प्रकट गरी दिवङ्गत पितामा श्रद्धाञ्जली व्यक्त गर्नुहुने सम्पूर्णमा धन्यवाद ।

सम्पूर्ण गिरी परिवार

क्वाठण्डौं-१०, भक्तपुर

"विज्ञानको दृष्टि र धर्मको धारणा" पुस्तक पढेपछि

✍ **दिनानाथ पोखरेल**

'आयोदध्यौम्य' निर्मलमणि अधिकारीद्वारा लिखित विज्ञान र धर्म सम्वन्धिको धर्म र दर्शनको गरिमामय उच्च महत्ताको उचित ठम्याईमा सङ्कलन र समन्वय वलराम प्रजापतिद्वारा गएिको र प्रगतिवादी युवा समाजद्वारा प्रकाशन गरिएको हो ।

पुस्तक पढ्दा हिन्दू धर्मभित्रका हाम्रा पुर्खाहरूका अनवरत रूपमा गरिएका खोज, अनुसन्धान र आविष्कारको दस्तावेज वेदका ऋचाहरू भित्रको मानवोपयोगी नौनी झिकेर कर्मको मसी र सत्यको कलमको साहारामा आधारित भई अगाडि बढ्न सकेको खण्डमा संसारका कसैले पनि नेपाल नाम सम्झने वित्तिकै श्रद्धाले शिर झुकाउन सक्ने शाश्वत सम्पदाका धनी हामी हिमवत् खण्डका निवासीहरू भाग्यले दिएका तर कर्मले ठगेका मानव जाति हौं भन्ने अनुभूति भयो । हाम्रा पूर्वीय दर्शनभित्र प्रकृतिको गति र भाषिक ध्वनीमा समेत पारखीहरूले विज्ञान पाउने रहेछन् भन्ने भाव जागृत भयो। -(वेदका ऋचाहरू पढ्दा अग्नीहोत्री अमरनाथ जैतलीले आगो वालेपछि उनले भारत सरकारवाट जीवन वृत्ति पाएका थिए भन्ने कुरा सुनेको थिएँ । विज्ञानमा शरीर विज्ञानका सम्पूर्ण कुरा समेटिएको तर अध्ययन र अध्यापनका कमीका कारण मानव मात्रका लागि वरदान सावित ग्रन्थ तिरस्कृत हुनु मानव जातिकै निमित्त अभिशाप हो भन्ने मानवतावादी शाश्वत चिन्तन आफ्नो, परिवारको, समाजको र राष्ट्रकै हितार्थ प्रस्तुत गरिदिनुहुने 'आयोदध्यौम्य' मानव जातिका लागि आदरणीय र वन्दनीय हुनुहुन्छ ।

विज्ञानको दृष्टिसँग सम्वन्धित शीर्षकहरू अध्ययन गर्दा पूर्वीय दर्शनले संसारका कुनै पनि दर्शनलाई माथ गरेको यथार्थ छर्लङ्ग भयो । आख्यानात्मक भनेर कतिपयले



भन्ने गरेको एउटा श्लोकको अर्थलाई प्रस्तुत गर्ने कार्य गरेको झैं देखिने चार्लस् डार्विनको प्रयोगवादी सिद्धान्त हाम्रा आख्यानले नै यसरी विज्ञान वोलेको स्मरण हुन पुग्यो ।

मत्स्य कूर्मः वराहश्च
नृसिंहोवामनस्तथा ।
रामोरामस्य रामश्च वुद्धः कल्कि तथैव च ॥

अर्थात, डार्विनको जलचर, उभयचर, थलचर र खेचर प्राणीहरूको विकासवादी सिद्धान्त एउटै श्लोकमा सन्निहित छ । यसमा अरूको कुनै दोष छैन । केवल हाम्रै आफ्नो रहुन्जेल अन्धविश्वास र समुद्रपारिको परावर्तनलाई विज्ञान मान्ने खोट हावी छ । त्यसैले वेदाध्ययनमा लागेर त्यसलाई व्यवहारमा उतार्नु हाम्रा लागि श्रेयस्कर रहेछ भन्ने निष्कर्षमा सजिलै पुऱ्याउन सक्ने यी लेखहरूको सङ्गालो किताव होइन रहेछ, पुस्तक रहेछ भन्ने विचार प्रादुर्भाव भयो, किताव पढिन्छ र थन्क्याइन्छ । तर पुस्तक जीवनमा पटकपटक अध्ययन गरिन्छ ।

विज्ञानको दृष्टि सम्वन्धीका शीर्षकअन्तर्गत अनेक वेद मन्त्रले वोलेका अङ्ग प्रत्यारोपण गर्ने कुरा पुरुष पनि आमा वन्ने कुरा, स्नायुविज्ञानका कुरा, अन्तरिक्ष विज्ञानका कुरा, परीक्षण नली प्रजननका कुरा, क्लोनिङ्ग र वैदिक विज्ञानका तुलनाका कुरा, खुल्न नसकेको विज्ञानको ढोका, गणित विषयमा पुर्खाहरूको योगदानका कुरा, चार्ल्स डार्विनको योग्यतम प्राणी वाँच्न सक्ने नियम र विपत्तिले वीरत्व सिद्ध गर्ने कुरा र मानवमात्रका लागि वैदिक संस्कृति र संस्कृत भाषाको योगदानको विषय वोध गरी सन्मार्ग तथ्ययुक्त रूपमा प्राप्त गर्न सकिने हुनाले यो पुस्तक खोजीखोजी अध्ययन गर्न जरुरी छ ।

वीराणाम् वीरताः धर्मः ज्ञानीनाम् ज्ञानमेव च ।
पुरुषाः पौरुषं धर्मः, सर्वे धर्मः अयम् जगत् ॥

धर्मको अर्थ एउटै आधारमा यही मात्र भन्न नसकिने कुरा त श्लोकवाट नै पुष्टि हुन्छ । माथिको श्लोकले वीरहरूको धर्म वीरता देखाउनु, ज्ञानीले ज्ञान लिनु र दिनु, मर्दले मर्दाङ्गीपन देखाउनु (यहाँ मर्द भन्नाले पुरुषार्थमा लाग्ने सवैलाई

बुझ्नुपर्छ ।) सबै धर्म हुन् । यो सिङ्गो संसार नै धर्ममय छ । धर्म स्वतः प्रादुर्भूत हुने विषय पनि होइन किनकि मानवमात्रले जब आफ्नो मानसिक आन्तर्यभित्र कुनै कुरा धारण गर्छ भने त्यो विषय धर्म कहलाउँछ । कतिपय व्यक्तिले धर्मलाई भ्रम र अन्धविश्वास आदिसँग असङ्गत प्रलापन गर्नेहरूले पनि यो "विज्ञानको दृष्टि र धर्मको धारणा" नामक कृति पढ्नु आवश्यक देखिन्छ किनकि यो पढेपछि धर्म अन्धविश्वास कि आफ्नो सोच अन्धविश्वास ? भन्ने विषय छर्लङ्ग हुनेछ । मेरो दृष्टिविन्दुले भन्छ यो पुस्तक अध्ययनले मानिसले तथ्यसम्मत सत्य प्राप्त गर्छ भन्ने अनुभूति मलाई भएको छ । त्यस कारण पनि यो पुस्तक पठनीय र सङ्ग्रहणीय छ ।

मानव मनभित्र रहेको म विज्ञानसम्मत हुनुपर्छ या विचार र व्यवहार विज्ञानसम्मत ? भन्ने द्विविधावाट उन्मुक्ति पाउनु छ भने यो पुस्तकले महत्वपूर्ण सहयोग पुऱ्याउँछ । यसमा आयोदधौम्यज्यूले विज्ञान र धर्मवीचको सम्वन्धसमेत पूराका पूरा प्रस्ट पार्नुभएको छ । विज्ञानमात्र पूर्ण मान्नु र धर्ममात्र पूर्ण मान्नु कुन ठीक हो ? भन्ने प्रश्न कसैमा छ भने एक पटक उपर्युक्त पुस्तक पढ्दा तपाईंको कौतुहलता अवश्यमेव शान्त हुनेछ । यस पुंस्तकवाट धर्म र विज्ञान विपरीत ध्रुवका भन्ने बुझाइ वोकेर भ्रम पालेर अचेत वन्नेहरूका लागि यो उन्मुक्तिको अचूक औषधि हो ।

यस पुस्तकले पाठकलाई धर्म परलोकका लागि मात्रै हो कि यस लोकका लागि पनि हो ? भन्ने प्रश्नको उत्तर पूर्ण रूपमा प्रदान गरेको छ । धर्म र विज्ञानलाई समन्वयात्मक ढङ्गले उपयोग गर्नु आजको आवश्यकता भएको कुरा प्रस्ट्याइएको छ भने धर्महीन विज्ञानको जीवन खुसी र सुखी हुन नसक्ने कुरा सहजै बुझ्न सकिन्छ । धर्मले अरूको कल्याण गर्न सिकाउँछ विनाश वा हत्या गर्न होइन त्यसैले मानवमात्रको हितार्थ विज्ञानको प्रयोग गर्न धर्मसँग समन्वित हुन जरुरी छ ।

'धर्मको धारणा' खण्डभित्र "इह लोककै लागि हो नि !", "यज्ञको सर्वव्यापकता", "एक र अनेक", "देवताहरू : कति वास्तविक, कति काल्पनिक ?", "अवतार र ईश्वरीय अवतार", निराकार हो कि साकार", "वेदान्त दर्शन र द्वन्द्वात्मक भौतिकभाव" तथा "निसास्सिरहेका शान्तिपाठका ऋचा" जस्ता शीर्षकहरूमा धर्म, यज्ञ र कर्मको मननीय र अनुकरणीय विवेचन गरिएको पाउँदा यस पुस्तकको अध्ययन गरी तत्व ग्रहण गर्न चुक्नु निष्कर्षमा यो पङ्क्तिकार पुगेको यथार्थ प्रस्तुत गर्दछु ।

यस पुस्तकभित्र सर्वव्यापी शब्द यज्ञको सही र समयानुकूल विश्लेषण गरिएको छ । यज्ञ शब्दलाई हामी धर्मको अङ्ग र धर्म अन्धविश्वास भन्ने अल्पचैतन्यिक भ्रमको पर्दाभित्र छोपिएको विवेकद्वारा अभिव्यक्त गरिरहेका हुन्छौं । यो प्रवृत्तिलाई सही तरिकाले बुझ्ने हो भने आफूलाई भौतिक वादको अनुयायी मानेर सत्यवाट टाढा पुऱ्याउने अयथार्थ, अवैज्ञानिक र अबुझ प्रलापनमात्रै हो । यज्ञ भनेको कुनै पनि योजनालाई फलीभूत बनाउन गरिने सङ्कल्प पनि हो । यसरी हेर्दा धर्म, कर्म र यज्ञजस्ता शब्दहरूको व्यापकता सर्वव्यापी रहेछ भन्ने तथ्य यो पुस्तकको अध्ययनले मलाई प्रस्ट्याएको छ । मजस्तै अल्प र अस्पष्ट ज्ञान हुनेका लागि यो पुस्तक आकारमा सानो भए पनि अमूल्य निधि हो भन्ने निष्कर्षमा म पुगेको छु । तर यज्ञ शव्दको व्यापकताको परिचर्चा गर्नुभन्दा पनि आयोदधौम्यज्यूले वैदिक दर्शनको अध्ययनवाट धार्मिक, सांस्कृतिक कृत्य र यज्ञ शव्दको भारतवर्षीय सामाजिक प्रचलनको प्राचीनतम सनातन पद्धति प्रस्तुत गर्नुभएको कुरा हो भन्ने सहजै वोध गर्न सकिन्छ ।

कसैको अल्पज्ञानमा आधारित अकृत्य हेरेर यज्ञको त्याग गर्न गराउन खोज्नु अल्पज्ञत्वलाई सर्वज्ञ वनाउन खोज्नुजस्तै हो । अझ यसरी बुझ्नु जरुरी हुन्छ कि फोहोरको निकास ढललाई हेरेर सबै पानी त्यस्तै फोहोर हुन्छ भन्ने भ्रम पालिरहनु अवश्यमेव नै वेठीक छ ।

धर्मले सत्पथ हिंडाउने मार्ग प्रशस्त गर्छ भने यज्ञले मानव जीवनको उत्थान गर्दछ । यज्ञ विज्ञान विरोधी पनि होइन । यज्ञ विस्फोटक, विध्वंशक र हिंस्रक निन्दनीय कर्म होइन । मानिस यस पृथ्वीको छातीमा विचरित प्राणीहरूमध्ये सर्वश्रेष्ठ मानिएको प्राणी पनि हो र यसमा भएका ज्ञान, बुद्धि र विवेकको उपयोगले उक्त विशेषण पहिराइएको हो । यी तीनै पक्षको अभावमा मानिस स्वरूपमा देखिए पनि मानिस भन्न लायक हुन सक्दैन । मैले अनुभूत गर्न पाएँ । यज्ञको निन्दा वा प्रशंसा दुवै गर्नु पूर्व यज्ञ शव्दको प्रादुर्भाव र महत्तालाई बुझ्नु अनिवार्य छ यो बुझेपछि व्यक्तिमा ज्ञान र चेतनको तह फराकिलो वन्छ र विवेक पनि सक्रियतापूर्वक यथार्थको सर्वोच्च गिरिमा आरोहण गर्दछ । त्यसपछि मात्र मानिसमा कृत्याकृत्य, वाच्यावाच्य, मान्यामान्य, जात्यजाति र असलकमसल पर्गेल्न सक्ने रहेछ किनकि यस पुस्तकले धर्म, कर्म र यज्ञका विषयमा सम्यक् ज्ञान प्रदान गरेको छ ।

यस पुस्तकभित्रको सर्वव्यापी महत्त्वको अर्को महान शव्द यज्ञ हो । यज्ञ शव्दका महत्ताका विषयमा आयोदधौम्यज्यूको लेखनी सर्वाधिक महत्त्व वोकेर दौडिएको छ । यज्ञ शव्द धर्ममा मात्र सीमित नरही सामूहिकता, सामाजिकता, राष्ट्रियता र वैश्विक उद्देश्य पूर्तिका निम्ति विशेष योजनामा मानव कल्याणमा आधारित भएर गरिने कर्महरू पनि यज्ञ कहलाउँछन् । हिन्दू धर्मावलम्वीहरू तेत्तीस वर्ग (समूहका) देवीदेवताहरू मान्दछन् भन्ने यथार्थले अनेकताभित्र एकताको प्रतीकका दैवी शक्तिको आराधना, पूजाअर्चना गर्ने प्रचलनको सरल तरिकाले उत्कृष्ट शैलीमा प्रस्तुत हुनुले पनि विज्ञानको दृष्टि र धर्मको धारणा पठनीय वनेको आध्यात्मिक ज्ञानले अन्तष्करणवाट नै पवित्र भावको आनन्दमय वृक्षको वृद्धि र ज्ञानमय प्रकाशको उज्यालो सँगै पाइने रहेछ भने अनुभूतिको सँगालो साट्नका लागि मात्र मैले आफ्नो लेखनीलाई नउचाल्दा आफैंप्रति अन्याय हुने बुझेर यी

कुराहरू पोखेको सत्य यहीं उद्घाटित गर्नु वेश सम्झिएँ ।

प्रस्तुत पुस्तकले हिन्दू परिवेशभित्र प्रस्तुत गरिएका तेत्तीस कोटी देवीदेवताको यथार्थ बोध गर्ने मनोभाव शान्त पारेर धर्म र विज्ञान विपरीत ध्रुवका विषय नभई दुवैमा अन्योन्याश्रित सम्वन्ध छ जहाँ जेमा बेमेल छ, त्यसलाई समयोचित सुधारतर्फ उन्मुख हुन सके सबै मानवको मात्र नभई प्राणी र पञ्चतत्वसमेतको शुद्धीकरणमा यज्ञले दिएको योगदान हिन्दूमात्रका लागि नभई संसारकै लागि कल्याणकारी रहेछ भन्ने अनुभूति भएको छ । अस्तु, भवतु सर्व मङ्गलम् ।

सनातन धर्म महासङ्घ नेपालमा डा. अधिकारी

काठमाडौँ । नेपालका हिन्दू, बौद्ध, बोन, जैन, किरातजस्ता मौलिक धार्मिक सम्प्रदायहरूको छाता सङ्गठन सनातन धर्म महासङ्घ नेपालको स्थापना भएको छ। फागुन ४ गते काठमाडौँको वसुन्धरास्थित साझा चुल्होमा आयोजित स्थापना सम्मेलनले डा. निर्मलमणि अधिकारीलाई महासङ्घको अध्यक्षको रूपमा चयन गरेको हो ।

स्थापना सम्मेलनमा बोल्दै डा. अधिकारीले सनातन धर्म महासङ्घ नेपाल हिन्दू, बौद्ध, बोन, जैन, किरातजस्ता मौलिक धार्मिक सम्प्रदायहरूको साझे घर हुने कुरा बताउनुभयो । नेपालका सम्पूर्ण मौलिक धर्महरूलाई सहृदयताको सम्वन्धमा आवद्ध गरी सबै रैथाने धर्म तथा संस्कृतिको संरक्षण, सम्वर्धन र प्रवर्धन गर्न महासङ्घ स्थापित भएको संस्थापक अध्यक्ष डा. अधिकारीले बताउनुभयो । महासङ्घ स्थापनाको सूचना पाए लगत्तै यस महासङ्घमा आवद्ध हुन चाहने व्यक्ति र संस्थाहरूको ठूलो सङ्ख्या देखेर निकै हौसला बढेको पनि उहाँले बताउनुभयो ।





नववर्ष २०७८ को उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरूमा शान्ति,
समृद्धि र सुस्वास्थ्यको
हार्दिक मङ्गलमय
शुभकामना ।

तारकेश्वर रुद्राक्ष भण्डार
एण्ड फ्रुट शप
पशुपति, देवपतन, काठमाडौं
९८४१२४६५०२, ९८५११०६५०२

नववर्ष २०७८ को उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरूमा शान्ति,
समृद्धि र सुस्वास्थ्यको
हार्दिक मङ्गलमय
शुभकामना ।

न्यू लक्ष्मी
नारायण भेराइटिज
बूढानीलकण्ठ-३, काठमाडौं
९८१७०१६०५४, ९८५१६७१११५

यहाँ खाद्यान्न सामग्री, पूजाका सम्पूर्ण सामग्रीहरू पाउनुका साथै कर्मकाण्ड गर्न गराउनका लागि ब्राहमणहरूलाई सम्पर्क गर्न सकिन्छ ।

नववर्ष २०७८ को उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरूमा शान्ति,
समृद्धि र सुस्वास्थ्यको
हार्दिक मङ्गलमय
शुभकामना ।

अधिवक्ता
सुमन कार्की
हाम्रो लिगल सर्भिस परिवार
देगइना, भक्तपुर
९८५११९२११०

नववर्ष २०७८ को उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरूमा शान्ति,
समृद्धि र सुस्वास्थ्यको
हार्दिक मङ्गलमय
शुभकामना ।

शान्तबहादुर तामाङ
तथा
ग्लोबल एग्रो फार्म परिवार
दुवाकोट, चाँगुनारायण भक्तपुर
९८५१११७४९८

फलफूल तथा तरकारीको थोक तथा खुद्रा खरिदका लागि सम्पर्क गर्नुहोला ।

जरो किलो महाअभियान योगी नरहरिनाथको वैचारिक उत्तराधिकारी

काठमाडौं । जरो किलो प्रतिष्ठान नेपालको आयोजनामा १०७ औं योगी नरहरिनाथ जयन्ती फागुन १७ गते युगनिर्माण महिला समाज नेपालको सभाकक्षमा सम्पन्न भएको छ । सत्सङ्गमा नेपालको पुनर्जागरणका संवाहक योगी नरहरिनाथले पुर्याउनु भएको योगदान स्मरण गर्दै श्रद्धाञ्जली अर्पण गरिएको छ ।

सत्सङ्गका सभापति जरो किलो महाअभियानका सङ्कल्पकर्ता युगद्रष्टा डा. निर्मलमणि अधिकारीले योगी नरहरिनाथ लगायत नेपालको पुनर्जागरणका चेतना भएको अग्रजहरूले थाल्नुभएको नेपालको पुनर्जागरणको परिकल्पनालाई निष्कर्षमा पुर्याउन जरो किलो महाअभियानको स्थापना भएको बताउनुभयो । जरो किलो महाअभियान योगी नरहरिनाथको वैचारिक उत्तराधिकारी भएको उल्लेख गर्दै डा. अधिकारीले महाअभियानले पुनर्जागरणको सङ्कथनलाई मूलप्रवाहमा ल्याएको बताउनुभयो ।

केही मानिसहरूलाई पञ्चायती व्यवस्था आदर्श व्यवस्था रहेको भ्रम रहेको उल्लेख गर्दै डा. अधिकारीले तत्कालीन व्यवस्थामा योगीजीलाई गिरफ्तार गरी करेन्ट लगाउने कुकर्म समेत भएको उल्लेख गर्नुभयो । उहाँको निधन हुँदा समेत सत्ता, प्रतिपक्षमा र विद्रोहमा रहेका काङ्ग्रेस कम्युनिष्टहरूले श्रद्धाञ्जली पनि व्यक्त नगरेर साधारण नैतिकता पनि प्रदर्शन नगरेको स्मरण गर्नुभयो ।

योगीजीको सम्मान गरेझैं देखिएका कतिपय समूहले उहाँको पुनर्जागरणको चेतनामा आघात पुर्याउने खतरा रहको उल्लेख गर्दै डा. अधिकारीले केही समूहले योगी नै अन्तिम व्याख्याताको रूपमा चित्रण गर्नु हाम्रो मौलिक आचार्य पद्धतिको विरुद्ध भएको बताउनुभयो । योगी नरहरिनाथका साथै पृथ्वीनारायण शाह, मोतीराम भट्ट, शुक्रराज शास्त्री, लक्ष्मीप्रसाद देवकोटा, स्वामी विशुद्धदेव, नयराज पन्त, सिद्धिचरण श्रेष्ठ लगायतका अन्य धेरै महान आत्माको चिन्तनको जगमा रहेर गरिएको अनुसन्धान, अनुष्ठान र साधनाको फल स्वरूप सहृदयता दर्शन, आधारशिला चतुष्टय, राज्यराष्ट्र सिद्धान्त र स्थितिगत्यात्मक प्रगतिवादको अभिनिर्माण भएको डा. अधिकारीले उल्लेख गर्नुभयो ।

आर्ग्यानिक कपुर धूप तालिम सम्पन्न

काठमाडौं । युगनिर्माण महिला समाज नेपालद्वारा प्रदेश नं १ को विर्तामोडमा आयोजित त्रिदिवसीय "अर्ग्यानिक कपुर धूप तालिम" चैत्र २९ गते मौलिक जरोकिलो पार्टी प्रदेश नं. १ अध्यक्ष इन्द्र प्रसाद ओली ज्युको प्रमुख उपस्थितिमा प्रमाणपत्र वितरण गर्दै समापन भएको छ । प्रमुख प्रशिक्षक खेम कुमारी ओलीको प्रशिक्षणमा संचालित तालिममा धूपका अतिरिक्त व्यक्तित्व विकासका तालिम समेत प्रदान गरिएको कुरा सचिव रोमा देवी निरौलाद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

सहभागीहरूका तर्फबाट चन्दा चन्द, सुजाता कोइराला, भिमा सिवाकोटी, विद्या गौतम खरेल, नीता राईले आफ्नो धारणा राख्नु हुँदै सिन्केधूप मानव स्वास्थ्यलाई हानिकारक हुने भएकोले त्यसको विस्थापन गर्न हरेक घर र धार्मिकस्थलहरूमा कपुरधूपको प्रयोग बढाउनु पर्नेमा जोड दिनुभएको कुरा विज्ञप्तिमा जनाइएको छ ।

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना ।

अनन्तराम ढकाल
प्रिन्सिपल

अल्पाइन एकेडेमी

डाँछी कागेश्वरी मनोहरा-४
काठमाडौं
फोन : ०१-४४५०१९०

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना ।

अरुण पौडेल
प्रिन्सिपल

श्रीयन्त्र एजुकेशन फाउण्डेसन स्कूल

मूलपानी,कागेश्वरी मनोहरा-४, काठमाडौं
फोन : ०१-४१५३९०८

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना ।

अर्जुन शर्मा

केन्द्रीय परिषद् सदस्य

मौलिक जरो किलो पार्टी

नववर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा शान्ति, समृद्धि र सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना ।

रमेश दनेखु

तथा

समस्त दनेखु परिवार

SHAKHA METAL UDHYOG

SHAKHA®
Quality is our Identity

Chagunarayan-9, Bhaktapur, Nala Road,

Mobile: 9851180979, 9841380979, 9861760211

Quality is our Identity,अर्थात गुणस्तर नै हाम्रो पहिचान हो भन्ने उद्देश्यका साथ उत्पादित SHAKHA ब्राण्डको घरयासी प्रयोजनको लागि आवश्यक पर्ने देखि कुनै पनि वित्तीय संस्था, बैंक, फाइनान्स, बचत तथा ऋण सहकारी संस्था लगाएत सुनचाँदी पसलको लागि आवश्यक पर्ने ११० के.जी. देखि १००० के.जी सम्मको सिंगल डोर तथा डबल डोरको फायरप्रूफ सेफ आफ्नो डिजाइन अनुसार बनाउनु परेमा साथै कुनै पनि स्कूल, कलेज, विभिन्न संघ-संस्थालाई आवश्यक पर्ने विश्वासिलो र भरपर्दो स्टील फर्निचरको लागि साख मेटल उद्योगलाई सम्झनुहोस् ।

नयाँ वर्ष २०७८ सालको हार्दिक मंगलमय शुभकामना ।

Shree Chandrabinayak Sweets

Chabahil, Ganesthan-7, KTM
9841372374, 9863933454
Shreechandrabinayeksweets

यहाँ बिहे, ब्रतबन्ध लगायत अन्य कार्यक्रमका लागि मिठाई तयार गर्नुका साथै अर्डर बमोजिम मिठाई पनि बनाइन्छ ।

नववर्ष २०७८ सालको हार्दिक मंगलमय शुभकामना ।

प्रो. राजकुमार लाखेमरु

९८५१०४६३०६

श्वेत भैरव फिक्स ईट्टा उद्योग

ताथली (गबुँ), भक्तपुर, फोन : ०१-५०९१६६८



नेपालको मौलिक ईंट्टा उत्पादन प्रविधि अब्बल भएकै कारणले हाम्रा सम्पदाहरु अहिले पनि हाम्रो माझ सदावहार सुन्दर भएर उभिएका छन् । हामीले नेपालको मौलिक ईंट्टा उत्पादन प्रविधिमा आधुनिक विज्ञानको सुसंयोजन गरी कम लागत तथा न्यूनतम् कार्वोन उत्सर्जन गरी गुणस्तरीय ईंट्टा उत्पादन गर्ने नयाँ जिगज्याग प्रविधि र सिंगल फायरम्यान प्रविधि (Zig Zag Technology and Single Fireman Technology) को विकास गरेका छौं । स्वदेश तथा दक्षिण एसियाका विभिन्न मुलुकमा यस प्रविधिको प्रवर्धन गर्न पनि सफल भएका छौं । पर्यावरण मैत्री प्रविधिको प्रयोग गरी स्वेत भैरव फिक्स ईंट्टा उद्योगबाट उत्पादित गुणस्तरी ईंट्टाको प्रयोग गरी आफ्नो निर्माणलाई दिगो र सुरक्षित बनाऔं ।

नववर्ष २०७८ सालको हार्दिक मंगलमय शुभकामना ।

Mohan Kharel
9841258932

Pawan Gautam
9845388891

Ready Made Traders

Mahaboudha, Kathmandu, Phone No. 014150521

We Deals with : Jeans pant, Legges, T-shirt, Shirt, Outer,Trousers etc.